विद्युत खबर

वर्ष १७ अंक २२

प्रकाशक :
सामुदायिक विद्युत उपभोक्ता
राष्ट्रिय महासंघ, नेपाल

सह-प्रकाशक :
प्रगतिनगर सामुदायिक विद्युत
सहकारी लिमिटेड
बुटवल-११, रुपन्देही

संरक्षक :
नारायण ज्ञवाली

सम्पादन :
गोविन्द प्रसाद पौडेल

सम्पादन सहयोगी :
रविन्द्र काफ्ले
सुनिल थापा
सुशीला गौतम न्यौपाने
विवेक ढकाल
शिशिर आचार्य

अतिथि सम्पादक :
कृष्ण अधिकारी

डिजाइन तथा प्रिन्टिङ :
लुम्बिनी प्रिन्टिङ्ग सर्भिसेज
प्रा.लि., शंखमूल, काठमाडौं
९८५१०६०९६४

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल
बुद्धनगर, काठमाण्डौ
फोन ०१- ५४४७११२,
५४४६०६४
web: www.naceun.org.np
E-mail: naceun@naceun.org.np

सम्पादकीय

दिगो सामुदायिक विद्युत कानूनी आधारको खाँचो

सामुदायिक विद्युतीकरण नेपालमा ग्रामीण रूपान्तरणको आधारस्तम्भ बनेको छ। सरकारी संरचनाबाट टाढा रहेका, कठिन भौगोलिक अवस्थाका ग्रामीण बस्तीहरूमा विद्युत् पुऱ्याउने काम धेरैजसो स्थानीय सामुदायिक संस्थाहरुको अग्रसरतामा सम्भव भएको हो। आज पनि देशभर ३०० भन्दा बढी सामुदायिक विद्युत् उपभोक्ता समितिहरू सक्रिय छन्। तीमध्ये धेरैले आफ्नै खर्चमा संरचना विस्तार गरेका छन् । करिब छ लाखभन्दा बढी घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्। सुदूरपूर्व ताप्लेजुङदेखि सुदूरपश्चिम बैतडीसम्म ५५ जिल्लामा सामुदायिक मोडलले विद्युत् पहुँचमा सरकारका लक्ष्यहरू पूरा गर्न सहयोग पुऱ्याएको छ। सामुदायिक विद्युतीकरणका कारण देशका ९८ प्रतिशत भूभागमा उज्यालो पुगेको छ । तिनै संस्थाहरुले एकातिर ऊर्जा पहुँच विस्तार गरेका छन् भने अर्कोतिर सामाजिक स्वामित्व र स्थानीय सहभागितालाई सुदृढ बनाएका छन् । यिनै कारणले सामुदायिक विद्युतीकरण सफल अभियानको रूपमा स्थापित भए पनि यसको दिगोपन भने अझै कानूनी अस्पष्टता र संरचनागत कमजोरीमा अड्किरहेको छ।

उज्यालो नेपाल अभियानको सफलतामा सामुदायिक विद्युतीकरणको महत्वपूर्ण योगदान रहेको छ। सामुदायिक विद्युतीकरण समग्ररूपमा तीन प्रमुख कारणले सफल बनेको छ–पहिलो, स्थानीय स्वामित्व; दोस्रो, लागत-साझेदारी र श्रमदानमा आधारित आत्मविश्वास र तेस्रो, उपभोक्तासँग नजिकको संस्थागत संरचना । प्राधिकरणको पहुँच दुर्गम वस्तीसम्म पुग्न नसकेको र सञ्चालन प्रक्रिया महंगो पर्ने हुँदा सामुदायिक संस्थाहरुमार्फत विद्युतीकरण गर्दा उच्च महसुल सङ्कलन, न्यून विद्युत् चोरी, छिटो मर्मत-सम्भार र उपभोक्ता-मैत्री सेवा प्रदान गर्न सफल भएको छ। तर यिनै उपलब्धिहरूलाई दिगो राख्न भने मौजुदा कानूनहरु अप्रयाप्त रहेका कारण अलग्गै कानून तर्जुमा हुनुपर्ने देखिन्छ। झण्डै २० वर्षअघि ल्याइएको विनियमावली(बीचबीचमा संशोधन भएको) र प्राधिकरणबाट जारी निर्देशिकाहरुले सामुदायिक विद्युतीकरण र यसमा क्रियाशील संस्थाहरुको भूमिकालाई सम्बोधन गर्न सकेको छैन। नयाँ विनियमावली आउँदैमा पनि सबै समस्याहरुको समाधान हुन सक्दैन। त्यस्तै करिब १७ वर्षअघिदेखि ल्याउन खोजेको विद्युत् विधेयक अझै अन्योलमा नै छ भने यसमा भएका प्रावधानहरु पनि सामुदायिक विद्युतीकरणमैत्री छैनन्।

कानूनले पहिचान, अधिकार, र जवाफदेहिता स्पष्ट पार्छ। सामुदायिक विद्युतीकरणलाई एक स्वतन्त्र, दर्ता-योग्य, स्थानीय सेवा-प्रदायक संस्था भनेर परिभाषित गरिनुपर्छ । सामुदायिक संस्थालाई विद्युत् वितरण गर्ने, महसुल जम्मा गर्ने, मर्मत-सम्भार गर्ने, लगानी परिचालन गर्ने र सेवा विस्तार गर्ने अधिकार कानूनले नै सुनिश्चित गर्नुपर्छ । साथै, सरकारी अनुदान, सहुलियत ऋण वा प्रविधिक सहयोग पाउने अधिकार पनि स्पष्ट हुनुपर्छ। यसले उपभोक्ता सुरक्षासँगै संस्थागत विश्वसनीयता पनि वृद्धि गर्छ। नेपालको संविधानको मर्मअनुसार समाजवाद उन्मुख राज्य प्रणालीमा जानका लागि समुदायको विकासको अपरिहार्यतालाई स्वीकार गरिएको छ। ऊर्जा वितरण स्थानीय तहको साझा अधिकार क्षेत्र हो तर व्यवहारमा स्थानीय तह र सामुदायिक संस्था दुबै समान उद्देश्य लिएर चले पनि समन्वय न्यून छ । तसर्थ, कानूनमार्फत विद्युतीकरणमा समुदायको भूमिकालाई स्पष्ट गरी त्यसअनुसारको कानून तर्जुमा हुन सकेमा समुदाय-सरकारबीचको अविश्वास हटाई दिगोपन सुनिश्चित हुनेछ।

हार्दिक शुभ-कामना

नेपालमा जनसहभागिता सहित विकट क्षेत्रहरूमा विद्युतीकरण विस्तार गर्न सामुदायिक विद्युत संस्थाहरूले निर्वाह गरेको भूमिका अत्यन्तै प्रशंसनीय छ। सुदूर तथा ग्रामीण बस्तीहरूमा समुदायकै पहलमा भएको विद्युतीकरणले विद्युत चुहावट न्यूनिकरण, ऊर्जा-आधारित उद्यमशीलता प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना तथा ग्रामीण जनजीवनमा उल्लेखनीय परिवर्तन ल्याउन सफल भएको छ। यसले नेपाल विद्युत प्राधिकरणको ग्रामीण क्षेत्रतर्फको बोझ कम गर्दै प्रशासनिक खर्च समेत न्यून गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

देशभर विद्युतीकरणको अभियान सञ्चालन गर्दै आएका सामुदायिक संस्थाहरूलाई एकीकृत गरी समन्वय भूमिकामा रहेको सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल र सामुदायिक ग्रामीण विद्युतीकरण विभाग बीचको सहकार्य सुमधुर रहँदै आएको छ। आगामी दिनहरूमा विद्युत खपत वृद्धि, गुणस्तरीय सेवा विस्तार, संस्थागत क्षमता विकास र सुशासन अभिवृद्धिमा महासंघसँगको सहकार्य अझ प्रगाढ बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु। महासंघद्धारा प्रकाशन हुन लागेको विद्युत खबरले नीति निर्माता, सम्बन्धित सरोकार संघ संस्थाहरुको ध्यान आकृष्ट गर्दै उपभोक्ताहरुमा सचेतना जागरण गर्न सकोस भन्ने शुभेक्षा प्रकट गर्दछु।

राजीव कुमार सिंह

प्रमुख

नेपाल विद्युत प्राधिकरण

सामुदायिक ग्रामीण विद्युतीकरण विभाग

वनस्थली, काठमाडौं

संस्था परिचय :

संस्थाको कार्यालय भवन

कार्य समिति पदाधिकारीहरू

श्री जित बहादुर मल्ल
अध्यक्ष

श्री राज कुमार गुप्ता तेली
उपाध्यक्ष

श्री कैलाश बहादुर खड्गी
उपाध्यक्ष/सल्लाहकार

श्री गोपाल के. सी.
सचिव

श्री नारायण सारु
कोषाध्यक्ष

श्री प्रेम बहादुर श्रेष्ठ
सदस्य

श्री केशव प्रसाद श्रेष्ठ
सदस्य

श्री केशव कुमार पुन
सदस्य

श्री तारा श्रेष्ठ
सदस्य

श्री तुल्क बहादुर थापा
सदस्य

श्री धर्मसिंह लम्काने मगर
सदस्य

श्री टिकाराम सुनार
सदस्य

श्री कृष्ण बहादुर क्षेत्री
सदस्य

श्री सिता आब्जु
सदस्य

सल्लाहकारहरू

श्री कुसुम मल्ल
सल्लाहकार संरक्षक

श्री हेमा थामी
सल्लाहकार

श्री यम बहादुर पछाई
सल्लाहकार

श्री हिमलाल पौडेल
सल्लाहकार

श्री घनश्याम अर्याल
सल्लाहकार

श्री नरेश कुमार पुन
सल्लाहकार

श्री कृष्ण जि. सी
सल्लाहकार

श्री सरला चुहान
सल्लाहकार

श्री देउ शर्मा
सल्लाहकार

श्री दिपक बास्तोला
सल्लाहकार

श्री पार्वती मल्ल
सल्लाहकार

श्री लक्ष्मण भण्डारी
सल्लाहकार

श्री मान बहादुर थापा
सल्लाहकार

श्री प्रेम बहादुर श्रेष्ठ
सल्लाहकार

श्री चुडामणि पोखेल
सल्लाहकार

श्री हरि बहादुर क्षेत्री
सल्लाहकार

श्री राजु गुरूङ्ग
सल्लाहकार

श्री श्याम बहादुर खड्का
सल्लाहकार

श्री उमेश श्रेष्ठ
सल्लाहकार

श्री गणेश थापा
सल्लाहकार

लेखा सुपरीवेक्षण समिति

श्री राजेश बहादुर बुढाथोकी
संयोजक

श्री विमला तरामु मगर
सदस्य

श्री तारा थापा पोखेल
सदस्य

कर्मचारी

श्री नर बहादुर भण्डारी
व्यवस्थापक

श्रीया जि.सी.
सह-लेखापाल

श्री अर्जुन प्रसाद कोइराला
सिनियर इलेक्ट्रिकल टेक्निसीयन

श्री ठाकुर प्रसाद कोइराला
मिटर रिडर

श्री दोलाकान्त अधिकारी
प्राविधिक सहयोगी

श्री निर्मला कुँवर
कार्यालय सहयोगी

शिक्षा उप-समिति

श्री धर्मसिंह लामकाने
संयोजक

श्री निर्मला बन्जाडे
सदस्य

श्री मञ्ज हमाल शाही
सदस्य

श्री शान्ति सिंह कार्की
सदस्य

श्री अनिल ठाकुर
सदस्य

श्री दिलिप बुढा मगर
सदस्य

श्री दिपक गिरी
सदस्य

श्री प्रतिमा कार्की
सदस्य

श्री तुलसा घर्ती
सदस्य

श्री मान बहादुर श्रेष्ठ
सदस्य

श्री लोकनाथ अधिकारी
सदस्य

श्री नविना थापा
सदस्य

श्री महेन्द्र राना
सदस्य

श्री पवित्रा लामिछाने
सदस्य

श्री ज्योति जि.सी.
सदस्य

विद्युत उप-समिति

श्री केशव प्रसाद श्रेष्ठ
संयोजक

श्री मन बहादुर लामिछाने
सदस्य

श्री गिता सिरपाली
सदस्य

श्री सिमा पुन
सदस्य

श्री तेतरी चौधरी
सदस्य

श्री कृष्ण बराल
सदस्य

श्री सिता के.सी.
सदस्य

श्री पिताम्बर पाण्डे
सदस्य

श्री कमला घिमिरे
सदस्य

श्री राजु शाही
सदस्य

श्री शोभाकान्त भट्राई
सदस्य

श्री टिका कुमारी भुसाल
सदस्य

श्री तुलसा सोमई (राना)
सदस्य

प्रगतिनगर सामुदायिक विद्युत् सहकारी संस्था लि.

बुटवल ११, प्रगतिनगर रुपन्देही ।

गौतम बुद्धको जन्मस्थान शान्तिभूमि लुम्बिनीको औद्योगिक तथा व्यापारिक सुन्दर नगरी बुटवल उप-महागरपालिका-११ तिलोत्तमा नदी किनारमा अवस्थित यो संस्था २०६० कात्तिक १५ मा जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा प्रगतिनगर विकास समूहको नामबाट दर्ता भएको थियो । पछि २०७३ माघ २३ गते डिभिजन सहकारी कार्यालय रुपन्देहीमा प्रगतिनगर सामुदायिक विद्युत सहकारी संस्था लि. मा रुपान्तरण भई सञ्चालनमा आएको छ।

हाल यस संस्थामा १४ वटा १०० के.भि.एका ट्रान्सफर्मर रहेका छन् । करिब तीन कि.मि.एच टि लाइन छ भने करिब १९ कि.मि. एल टि लाइन रहेको छ । अधिकांश विद्युत् लाइन थ्रिफेज रहेको छ । हालसम्म सिङ्गल फेजका एक हजार ५८३ ग्राहक रहेका छन् भने थ्रिफेजका आठ वटा खानेपानी उत्पादन गर्ने ग्राहक रहेका छन् । विद्युत् लाइनबाट चल्ने करिब ५०/५५ वटा कुटिर उद्योगहरु सञ्चालनमा रहेका छन् । यस संस्थाले नेपाल विद्युत प्राधिकरणबाट वार्षिक करिब ३० लाख युनिट विद्युत् खरिद गरी उपभोक्तालाई बिक्री गर्दै सेवा सञ्चालन गरेको छ । यसअन्तर्गत खरिद बिक्री युनिटमा करिब सात प्रतिशत चुहावट अन्तर रहेको छ ।

यस संस्थामा ११ पुरुष र दुई महिला गरी १३ सदस्यीय कार्यसमिति रहेको छ । संस्थामा हाल दुई महिलासहित छ कर्मचारी कार्यरत रहेका छन् । संस्थाको प्रगतिनगर क्षेत्रमा एउटा मिनी हल, एउटा ३०० जना क्षमताको सभाहलसहित आठ कोठाको पक्की दुईतले कार्यालय भवन रहेको छ । त्यसैगरी तिलोत्तमा नगरमा महशुल सङ्कलन काउन्टर र सभाहल गरी पक्की दुईकोठे भवन रहेको छ ।

संस्थाले हालसम्म नियमित रुपमा वार्षिक साधारणसभा र संस्थाको विधानअनुसार प्रत्येक चार वर्षमा अधिवेशन गर्दै आइरहेको छ । साथै, संस्थाले वार्षिक कार्ययोजना बनाई संस्थाको आम्दानी तथा खर्च मासिकरुपमा आन्तरिक लेखा सुपरीवेक्षण समितिले जाँच गरी कार्यसमितिले अनुमोदन गर्ने गरेको र नेपाल सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड लेखापरीक्षकद्वारा अन्तिम लेखापरीक्षण गराउँदै आएको छ । समाजमा क्रियाशील सामाजिक अगुवाहरुको अथक प्रयासबाट बुटवल जस्तो अद्यौगिक शहरको नजिक रहेर पनि भूमिहीन वस्तीका कारण विद्युत् सेवा बञ्चित समुदायमा सामुदायिक विद्युतीकरणको माध्यमबाट विद्युतीकरण गरिएको थियो । संस्थामा क्रियाशील सामाजिक अगुवाहरु, उपभोक्ताहरुको सहकार्यबाट गरे के हुँदैन भन्ने शब्दावलीलाई कामबाट प्रमाणित गर्न सफल भएको छ । यो संस्था संस्थाका आन्तरिक नीति नियम र सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघको अभिभावकत्व ग्रहण गर्दै सहकारी संस्थालाई उपभोक्ताहरुको साझा घर बनाउन सफलता मिलेको छ ।

संस्थाका प्रमुख गतिविधिहरु :

१. संस्थाले सफ्टवयेर जडान गरी आय-ब्ययको विवरण सफ्टवयेर प्रणालीमार्फत राख्ने गरेको ।
२. नेपालीहरुको महान पर्व वडा दशैं तथा तिहारको अवसरमा सबै उपभोक्तालाई प्रत्येक वर्ष एक महिनाको विद्युत् सेवा शुल्क छुट गरेको ।
३. संस्थामा विस्तारित सबै विद्युत् पोलहरुमा प्रयोग हुने सामानसहित (बल्व, होल्डर, तार, छटरी) लगायतको व्यवस्था गरी सडक बत्तीको निःशुल्क ब्यवस्थापन गरिएको ।

४. समयावधिभित्र विद्युत् महशुल भुक्तानी गर्ने उपभोक्तालाई दुई प्रतिशत छुट दिने ब्यवस्था गरेको ।

५. विद्युत् मिटर जडान गर्दा विद्युत् आवेदन फारम र विद्युत् महशुल भुक्तानी रेकर्ड कार्ड निःशुल्क उपलब्ध गराउँदै आएको ।

६. यस संस्थाको वार्षिक लेखापरीण भएपछि विनियममा ब्यवस्था भएबमोजिम शेयर सदस्यहरुलाई ४० प्रतिशत शेयर लाभांश शेयर सदस्यको शेयर तथा लाभांश कोषमा राखिएको ।

७. सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघको स्थापना दिवसको अवसरमा नियमित रक्तदान कार्यक्रम गर्दै आएको ।

८. समयसमयमा सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको परिषद् भेला बैठक यस संस्थाको सभा हलमा सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराएको ।

९. शेयर सदस्य तथा निजका परिवारको स्वास्थ्य हितको ध्यान राखी समयसमयमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको ।

१०. संस्थाको कार्यक्षेत्रभित्र रहेको प्रगति माविलाई आर्थिक सहयोग प्रदान गर्दै आइरहेको ।

११. संस्थाको कार्यक्षेत्रभित्र तिनाउ नदीले बस्ति कटान गरी वर्षेनी क्षति पुऱ्याउने गरेकाले तटबन्ध गर्नको लागि आर्थिक सहयोग गरेको ।

१२. संस्थाको प्रत्येक वार्षिक साधारणसभामा नेपाल अपाङ्ग आश्रमलाई खाद्यान्न उपलब्ध गराउँदै आइरहेको ।

१३. यस संस्थाका कुनै शेयर सदस्यको मृत्यु भएमा शोक अनुदानबापत रु ११ हजार आर्थिक सहयोग उपलब्ध गराउँदै आएको ।

१४. संस्थाले आफ्ना गतिविधिसहितको भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन गरी शेयर सदस्यलाई निःशुल्क वितरण गरेको ।

१५. संस्थाको वार्षिक साधारणसभामा ७५ वर्ष उमेर पुगेका जेष्ठ शेयर सदस्यलाई (एक पटक) सम्मान गर्दै आएको ।

१६. एकल महिलालाई (एक पटक) सम्मान गर्दै आएको ।

१७. कार्यसम्पादनको मूल्याङ्कनका आधारमा प्रोत्साहनस्वरुप कर्मचारीलाई सम्मान गर्दै आएको ।

१८. कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने शेयर सदस्यका छोरा वा छोरी एक/एक जनालाई साधारणसभामा सम्मान गर्दै आएको ।

१९. सडक बत्ती अन/अफ गर्ने अपरेटरलाई सम्मान गर्दै आएको ।

२०. संस्थाले दुई (अपी पावर कम्पनी र अरुण कावेली) जलविद्युत् संस्थामा संस्थापक शेयर लगानी गरेको ।

२१. संस्थाले लगानी गरेको जलविद्युत् आयोजनाको अवलोकन भ्रमण गर्दै आएको ।

२२. संस्थाले कर्मचारी हकहितको लागि कर्मचारी नियमावली तथा कार्यविधि बनाई लागू गरेको ।

२३. संस्थाले नियमित रुपमा कार्यलय समयको प्रवाह नगरी आफ्ना उपभोक्तालाई फ्युज सेवा ऊपलब्ध गराएको ।

२४. संस्थामा कार्यरत कर्मचारीहरुको दुर्घटना बिमा गरिएको ।

२५. संस्थामा कार्यरत कर्मचारीहरुको १० प्रतिशत कर्मचारी सञ्चयकोष कट्टी गरी संस्थाबाट १० प्रतिशत रकम थप गरी व्यवस्थापन गरिएको ।

२६. संस्थाले समग्र उपभोक्ताको हितमा राखी सेवा वडापत्र (नागरिक वडापत्र) खडा गरी सबै सेवाहरु छिटोछरितो रुपमा सेवा प्रदान गर्दै आएको ।

२७. यस संस्थाका सम्पूर्ण उपभोक्ता, स्थानीय सरकार र नेपाल विद्युत प्राधिकरणसँग हार्दिकतापूर्वक राम्रो सम्बन्ध कायम रहेको ।

अन्त्यमा संस्था राम्रो हुन उसले सम्पादन गरेका कामहरु राम्रो हुनुपर्छ । राम्रो कामका लागि संस्थामा रहेका सबै जिम्मेवार पदाधिकारी, सल्लाहकार, कर्मचारीहरुको महत्वपूर्ण भूमिका हुन्छ । सबैले आ–आफ्नो जिम्मेवारी भूमिका निर्वाह गर्न संस्थाभित्र निस्वार्थतासहितको एकताबाट मात्र सम्भव हुन्छ । संस्थाको प्रगति र उपभोक्ताहरुको हितमा विद्युत् सहकारी संस्था अनवरत रुपमा क्रियाशील रही सकारात्मक परिणाम दिन सफल भएको छ ।

कदरपत्र प्रदान गर्दै ।

रक्तदान पछि प्रमाण-पत्र वितरण गर्दै ।

मायाको चिनो प्रदान गर्दै ।

सशस्त्र द्वन्द्वबीचको उज्यालो यात्रा : सामुदायिक विद्युतीकरणको सङ्घर्ष र योगदान



नारायण ज्ञवाली

वि.सं. २०५२ देखि २०६२ सम्म एक दशक लामो सशस्त्र द्वन्द्वको भोगाइमा हामी नेपाली थियौँ। विकासका हरेक क्षेत्रमा सुस्तता र निरासाको बादल मडारिएको त्यो समयमा जीवनका आधारभूत सेवामध्ये विद्युत् जीवन सञ्चालनमा सबैभन्दा आवश्यक भइसकेको थियो, तर त्यो बेला नेपालमा विद्युत् उत्पादन सीमित मात्रामा थियो। वितरण क्षेत्र झण्डै ५८ प्रतिशत मात्र, त्यो पनि मुख्यतः शहर र सुगम क्षेत्रमा केन्द्रित थियो । ग्रामीण क्षेत्रका बासिन्दा, जहाँ देशको करिब ८० प्रतिशत जनसंख्या बसोबास गर्थे, उनीहरु अन्धकारमै बाँच्छन् भन्ने तथ्य सरकारका लागि सामान्य थियो । यस्तै चुनौतीपूर्ण अवस्थामा शुरु भयो, सामुदायिक विद्युतीकरण अभियान। यसले "सरकारबाट टाढा तर जनताको नजिक" भन्ने अवधारणालाई व्यवहारमा उतार्‍यो र सामुदायिक विद्युत्‌ले विभिन्न संघसंस्था, समूह र समुदायलाई जोडेर सामुदायिक सहकार्यको नमूना प्रदर्शन गर्‍यो ।

द्वन्द्वको बीचमा शुरु भएको उज्यालोको सपना

द्वन्द्वकालीन दशकमा राज्य संयन्त्र गाउँगाउँ पुग्न सकेको थिएन । सरकारी निकायका कर्मचारी, प्राविधिक र सेवाग्राही पनि असुरक्षित महसुस गरेको अवस्था थियो । यस्तो संवेदनशील समयमा, गाउँका स्थानीय बासिन्दाले आफ्नै सहभागिता र लगानीमा गाउँमा बिजुली लैजाने निर्णय लिनु आफैँमा साहसिक काम थियो । नेपाल सरकारको नीतिअन्तर्गत सामुदायिक संस्थाहरू विभिन्न ऐनवमोजिम गठन हुन थाले । यी संस्थाले 'जनताको लगानी, जनताको सहभागिता, जनताको सेवा' भन्ने नारालाई मूर्तरूप दिए ।

कुनै ठाउँमा समुदायले जनश्रमदान गरे, विभिन्न युवा क्लव तथा आमा समूह (महिला) ले बचत समूहको

रकम लगानी गरे, सामुदायिक वनका उपभोक्ताले लगानी गरे, विदेसिएका सदस्यले रेमिट्यान्स पठाए, यसरी स-सानो योगदान जोडिँदै गयो । यसरी बनेका सामुदायिक सञ्जालहरूले आफ्नै गाउँमा पोल गाडे, तार ताने, ट्रान्सफर्मर जडान गरे र घरघरमा बत्ती बाल्न सफल भए र गाउँ उज्यालो बनाउँदै गए ।

सशस्त्र द्वन्द्वका बीचमा समन्वय र समझदारी

द्वन्द्वरत पक्षबीच विकास कार्य सञ्चालन गर्नु अत्यन्त कठिन थियो । कहिले माओवादी पक्ष, कहिले सुरक्षा निकायको अनुमति र समझदारीमा मात्र काम सम्भव हुन्थ्यो । त्यो अवस्थामा सामुदायिक विद्युतीकरणले कुनै एक दल वा सरकारको होइन, 'जनताको साझा आवश्यकता' को सबालमा सबैको सहमति खोज्यो । धेरै ठाउँमा, गाउँका जनताले दुबै पक्षसँग संवाद समन्वय गरेर विकास कार्यको सुनिश्चित गरे । यसरी सामुदायिक विद्युतीकरण अभियानले द्वन्द्वकालमा पनि शान्ति र विकासको कामना साझा पुलको काम गऱ्यो । द्वन्दकालमा विकासको भारी बोक्यो र लोकतन्त्रको नमूना प्रदर्शन गऱ्यो । समुदायको सहकार्यता पुष्टि गऱ्यो, जुन काम राज्यका लागि सहयोगी थियो भने जनताको लागि आवश्यकता थियो ।

रोजगारी, सीप र आत्मनिर्भरता : सामुदायिक अभियानका उपहारहरू

विद्युत्ले केबल उज्यालो मात्रै दिएन, यसले आर्थिक गतिविधि र रोजगारीको नयाँ द्वार पनि खोल्यो । ग्रामीण क्षेत्रमा कुटानी-पिसानी, सिलाई-कटाई, दुध चिस्यान केन्द्र, साना उद्योग, मोबाइल चार्जिङ सेन्टर, कुखुरापालन, साना सिँचाइ, कम्प्युटर शिक्षा केन्द्रजस्ता साना व्यवसायहरू फस्टाउन थाले । विद्युत्को पहुँचले गाउँमा बस्ने युवालाई शहर पस्नुपर्ने आवश्यकतामा न्यूनता ल्यायो । यसरी सामुदायिक विद्युतीकरण केबल ऊर्जा आपूर्ति होइन, आर्थिक सशक्तीकरणको माध्यम बन्यो । जुन कामले राज्यका लागि ठूलो सहयोग पुग्यो ।

दुई दर्जन मन्त्री र दर्जनौं व्यवस्थापक : निरन्तरता नपाएको नीति

सशस्त्र द्वन्द्वपछि देशले राजनीतिक संक्रमण, संविधान निर्माण, संघीय पुनर्संरचनाजस्ता धेरै चरण पार गऱ्यो । तर ऊर्जा क्षेत्रमा सुधारको निरन्तरता अभाव रहिरह्यो । २२ वर्षको अवधिमा ऊर्जा मन्त्रालयमा करिब दुई दर्जनभन्दा बढी मन्त्री परिवर्तन भए, दिपक ज्ञवालीदेखि कुलमान घिसिङसम्म । तत्कालीन मन्त्री दिपक ज्ञवालीले यो अभियानको शुभारम्भ गर्नुभएको थियो । अर्का ऊर्जामन्त्री गोकर्ण विष्टले यो कार्यक्रमलाई सरलीकरण गर्नुभयो । अन्यथा यो बीचमा जोड्ने घटाउने, भत्काउने, हस्तक्षेप गर्ने, खोस्ने तानातान मात्र रह्यो ।

समुदायले दुःखको समयमा राज्यलाई सघाएको बदला समुदायले धन्यवादमा होइन, अपमान र असहयोगको सामना गर्नु पऱ्यो । सबै मन्त्रीहरु र सरकार समुदायको विकासमा लाग्नभन्दा पनि आफ्नो राजनीति अभिस्ट पूरा गर्नमा तल्लिन रहे । त्यसैगरी नेपाल विद्युत् प्राधिकरणका व्यवस्थापकहरू पनि पटक-पटक फेरिए, जनकलाल कर्माचार्य देखि हितेन्द्रदेव शाक्यसम्म । उहाँहरुबाट पनि दीर्घकालीन योजना र नीति कार्यान्वयनमा सहयोग गर्नुको सट्टा झन अवरोध पुऱ्याएको अनुभूति भयो । प्राधिकरणले आफैँ काम गर्न नसक्दा समुदायलाई फकाएर गाउँ उज्यालो बनाउने, उज्यालो भएपछि विभिन्न हत्कन्डा अपनाएर समुदायबाट होइन, प्राधिकरणको एकद्वार प्रणाली अपनाउन भूमिका खेल्ने काम भयो । समुदायले सञ्चालन गर्नै नसक्ने गरी नीति निर्माण गर्न थालियो । तर यसबीच पनि सामुदायिक विद्युतीकरण अभियानले निरन्तरता भने पाई नै रह्यो । जनस्तरबाट शुरु भएको यो अभियानले सरकार र प्राधिकरणको ध्यान

र माया सद्भाव नपाए पनि उज्यालो नेपाल बनाउने प्रमुख 'पिलर' बन्न सफल रह्यो, जुन राज्यका अगाडि प्रष्ट देखिएको छ।

अवहेलना र असहयोगको कालो छाँया

सामुदायिक विद्युतीकरणले हजारौँ गाउँमा उज्यालो पुऱ्याए पनि त्यसको मूल्याङ्कन र समर्थन भने सीमित रह्यो । नेपाल विद्युत प्राधिकरणले असहयोगी खेल खेलेता पनि राज्यका नियामक निकायले यसलाई गम्भीरता साथ हेर्नुपर्ने थियो। विद्युत् महसुल निर्धारण आयोग र पछि बनेको विद्युत् नियमन आयोग दुबैले सामुदायिक मोडललाई गम्भीरतापूर्वक लिन सकेनन् र आफ्ना भूमिका पहिचान गर्न सकेनन्। सामुदायिक संस्थाले आफ्नो लगानी, जोखिम र जनश्रम प्रयोग गरेर वितरण सञ्जाल विस्तार गरे पनि महसुल नीतिले उनीहरूलाई असहज बनायो। नेपाल विद्युत् प्राधिकरण सहयोगी बन्नुको सट्टा प्रतिस्पर्धी वा असहयोगी व्यवहार गर्ने प्रवृत्तिमा गयो। कतिपय ठाउँमा सामुदायिक वितरण क्षेत्रमै प्राधिकरणले समानान्तर लाइन निर्माण गरी सेवा दिन थालेपछि समुदायको लगानी अलपत्र पऱ्यो, व्यवस्थापन असन्तुलित बन्यो र आत्मविश्वास घट्यो। नेपालको ठूलो संस्थाको छाती ठूलो हुनु पर्नेमा नेपाल विद्युत प्राधिकरणले स-साना कुरामा अल्मलिएर आफ्नो छातीलाई खुम्च्याउने काम गऱ्यो।

नीतिगत अभाव र भविष्यको अनिश्चितता

नेपाल सरकारले सामुदायिक विद्युतीकरणलाई ग्रामीण विद्युतीकरणको प्रभावकारी मोडलको रूपमा एक समय उच्च प्राथमिकता दिएको थियो । वि.सं. ६० देखि ७० को दशकमा विद्युतीकरणको मात्रा सामुदायिक विद्युतीकरणबाट बढी भएको थियो तर पछिल्ला वर्षहरूमा त्यो प्राथमिकता क्रमशः कमजोर हुँदै गएको छ। नेपाल विद्युत् प्राधिकरणले 'एकीकृत वितरण' को नारा दिएर सामुदायिक मोडललाई विस्तारै समेट्ने वा विस्थापन गर्ने सङ्केत दिएको छ। तर प्रश्न उठ्छ जनसहभागिता, स्थानीय लगानी र स्वामित्वबिना विकास कति र कसरी दिगो हुन्छ ? सामुदायिक मोडल केबल बिजुलीको कुरा होइन, यो सहभागितामूलक शासन, पारदर्शिता र स्थानीय स्वामित्वको अभ्यास हो। यसलाई बेवास्ता गर्नु भनेको देशले दशकौंको जनश्रम र अनुभवलाई नोक्सान पुऱ्याउनु हो र राज्यले अंगीकार गरेको समाजवाद उन्मुख राज्य प्रणालीको विपरीत कदम पनि हो।

सफलताको तथ्याङ्क र प्रेरणादायी उदाहरणहरू

आज पनि देशभर ३०० भन्दा बढी सामुदायिक विद्युत् उपभोक्ता समितिहरू सक्रिय छन्। तीमध्ये धेरैले आफ्नै खर्चमा संरचना विस्तार गरेका छन्। करिब छ लाखभन्दा बढी घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्। सुदूरपूर्व ताप्लेजुङदेखि सुदूरपश्चिम बैतडीसम्म ५५ जिल्लामा सामुदायिक मोडलले विद्युत् पहुँचमा सरकारका लक्ष्यहरू पूरा गर्न सहयोग पुऱ्याएको छ । सामुदायिक विद्युतीकरणका कारण देशका ९८ प्रतिशत भूभागमा उज्यालो पुगेको छ । धेरै ठाउँमा यी समितिहरुले सामाजिक क्षेत्रका विभिन्न संस्थामा स्वयंसेवी भावनाका साथ विकास निर्माण तथा सामाजिक नेतृत्वमा भूमिका बढाइरहेका छन्। स्थानीय स्तरमै हजारौँ रोजगारी सिर्जना भएको छ। वितरण लाइनमा अप्राविधिक चुहावट शून्य छ, घरदैलो विद्युत् सेवा सञ्चालित छ, ऊर्जामा महिला सहभागिता बढेको छ। विद्युत् संरचनामा उपभोक्ताहरुको संरक्षण छ, सामूहिक कार्य र सहभागिताले समाजवादको अभ्यास प्रष्ट देखिएको छ।

समुदायको आवाज

अबको आवश्यकता के हो भने राज्यका सबै निकायहरूले सामुदायिक मोडलको योगदान स्वीकार्दै यसलाई संस्थागत

रूपमै सम्बोधन गर्नुपर्छ । सामुदायिक संस्थाको लगानी र सम्पत्तिको संरक्षण गर्न कानूनी प्रावधान चाहिन्छ । महसुल नीति यथार्थपरक र सहयोगी हुनुपर्छ । नेपाल विद्युत प्राधिकरणले 'साझेदारी मोडल'मा काम गर्नुपर्छ, प्रतिस्पर्धा र असहयोग होइन । विद्युत नियमन आयोगले वितरणको दायरामा सामुदायिक विशेषता र ग्रामीण विद्युतीकरणको वास्तविक मर्म बुझेर नीति बनाउने समय आएको छ र आयोगले आफ्नो भूमिका देखाउन सक्नुपर्छ । जसले नियामक निकायको पहिचान देखियोस् ।

जनताको लगानी, जनताको मन उज्यालो

सशस्त्र द्वन्द्वको घेरामा पनि जसले उज्यालो बाल्यो, त्यो आत्मबल र जनसहभागिता नै थियो । सामुदायिक विद्युतीकरणको अभियानले राज्य, द्वन्द्वरत पक्ष र जनतालाई एकै ठाउँमा ल्याउने साझा मञ्च बन्यो । आज जब नेपाल 'ऊर्जा सम्पन्न राष्ट्र' बन्ने सपना देख्दैछ, त्यसको जग त्यही सामुदायिक अभियानले राखेको हो । यदि हामीले त्यो जगलाई सम्मान गर्न सकेका थिएनौ भने विकासको उज्यालो केबल शहरसम्म सीमित हुने थियो । तर यदि सामुदायिक मोडललाई सुदृढ पार्‍यौं भने नेपालको हरेक गाउँ, घर र समुदायको मन उज्यालो बन्नेछ, जनताको लगानीले सम्मान पाउनेछ, जनताको चित्त दुखाइले कसैको पनि भलो गर्दैन । राष्ट्रलाई सघाउने शक्तिलाई अपमान असहयोग होइन, सम्मान र प्रेरणायुक्त व्यवहारले सँगै लैजान सक्नुपर्छ । सामुदायिक विद्युतीकरण अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न व्यक्ति, नीति निर्माता र सरोकारवालालाई ऊर्जा क्षेत्रको जन आधारित स्वरूप पहिचान गरी आवश्यक नीति निर्माण र व्यावहारिक कार्यान्वयन गर्न समयले घच्घचाइरहेको छ ।

(लेखक सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।)

रणनीतिक योजना तर्जुमा गोष्ठि सम्पन्न

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपालले आफ्नो दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यदिशा तय गर्ने उद्देश्यले रणनीतिक योजना तर्जुमा गोष्ठि सम्पन्न गरेको छ । काठमाडौंस्थित होटल एल्लो प्यागोडामा आयोजित उक्त गोष्ठि विषय विज्ञहरूको सहजिकरणमा सम्पन्न भएको हो ।

गोष्ठिमा रणनीतिक योजनाको महत्व, सामुदायिक विद्युत क्षेत्रको वर्तमान अवस्था, चुनौती तथा भावी सम्भावनाबारे गहन छलफल गरिएको थियो । सहभागीहरूले विद्युतको उत्पादनशिल प्रयोग ,वितरण र उपभोगमा सामुदायिक संस्थाको भूमिकालाई थप मजवुत बनाउँदै महासंघलाई नीति निर्माण, कानूनी सुधार र संस्थागत सुदृढीकरणतर्फ अग्रसर गराउन रणनीतिक योजनाले मार्गनिर्देशन गर्ने निष्कर्ष निकालेका छन् ।

महासंघले सामुदायिक विद्युत उपभोक्ताको साझा आवाज बुलन्द गर्ने, स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्ने तथा दिगो र समावेशी विद्युतीकरणमा योगदान पुर्‍याउने आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । गोष्ठिबाट प्राप्त सुझाव र निष्कर्षलाई समेटेर तयार गरिएको रणनीतिक योजनाले महासंघको भावी यात्रा तय गर्न स्पष्ट मार्गचित्र प्रदान गर्ने विश्वास लिइएको छ । कार्यक्रममा महासंघका पदाधिकारी, सदस्य संस्थाका प्रतिनिधि तथा सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

सामुदायिक संस्थालाई अवमुल्यन गर्न खोज्नु सरकारको गलत प्रवृत्ति हो

दिपक ज्ञवाली

नेपाली विद्युतको विशेषता

बिजुली उच्च गुणस्तरको ऊर्जा हो, जुन आधुनिकीकरणका लागी अत्यावश्यक उच्चस्तरको माग पूरा गर्न र कामको उत्पादकत्व बढाउन प्रयोग हुनु पर्छ । भात पकाउन या कोठा तताउन दाउराले सकिन्छ तर कलकारखानाका मेशिन वा मोबाइल फोन र कम्प्युटर चलाउन बिजुली नै चाहिन्छ, दाउराले हुँदैन । तर नेपालमा बिजुली भन्ने बित्तिकै घरमा बत्ती बाल्नका लागि मात्र हो भन्ने मान्यता चन्द्रशमशेरले फर्पिङमा बिजुली उत्पादन गरेर राजधानीमा "त्रिभुवन-चन्द्र ज्योति" वितरण गरेदेखि नै हो । भलै उनले पनि दश वर्षपछि त्यो बिजुली उत्पादकत्व बढ्ने गरी सामान ओसार्न भीमफेदी-ढुङ्गाअड्डा(थानकोट) र हलचोक-लैनचौर रोपवे बनाए ।

पञ्चायतको अन्त्यसँगै नेपाल सरकारले खासगरी अरूण-३ बाट विश्व बैकले हात झिकेपछि कुन विद्युत् प्रोजेक्ट बनाउन उचित भन्ने उत्पादन विस्तार अध्ययन (generation expansion study) गर्न छोड्यो र जो आए पनि खोला तर्काएर बनाउने आयोजनाको लाइसेन्स आँखा चिम्लेर बाँड्न थाल्यो । जलाशययुक्त योजनाहरूतर्फ ध्यानै गएन । फलस्वरूप बर्खामा बिजुली फालाफाल र हिउँदमा योजनाहरूको उत्पादन एक-तिहाईमा झरेर माग धान्न नसकिने स्थिति विद्यमान छ । प्रसारण लाइनको स्थिति पनि त्यस्तै सन्तोषजनक छैन । निजी क्षेत्रले उत्पादन गरेको बिजुली नेपाल विद्युत प्राधिकरणले समयमा उच्च भोल्टेज कनेक्सन दिन नसकेर खेर गएको स्थिति छ । सही गुणस्तरयुक्त वितरण प्रणाली बनाउन र चलाउन ग्रिड सञ्चालकहरूको दुर दृष्टिमा कमिका कारणले हुन सकेको छैन ।

हिजोआज नेपालमा बिजुलीको पहुँच ९८ प्रतिशत घरमा पुग्यो तर गाउँगाउँमा इन्डक्सन कुकर वा साना औजार चलाए वितरण प्रणालीले धान्दैन र बत्ती झ्याप्प जान्छ। विभिन्न अध्ययनहरूले देखाएका छन् कि शहरका उद्योगहरूले हप्तामा ३५ पटकसम्म बत्ती झ्याप्प-झ्याप्प गएको दुःख भोग्नुपरेको छ। फलस्वरूप तिनीहरूको १० देखि १२ प्रतिशत कच्चा पदार्थ नष्ट भएर खेर गएको पाइएको छ। यसले के देखाउँछ भने, बिजुलीको पहुँच मात्र भएर पुग्दैन, त्यो गुणस्तर युक्त पनि हुनुपर्छ।

नेपालमा लोडसेडिङको अन्त्य भयो त भनिन्छ तर बत्ती झ्याप्प-झ्याप्प जाने बढ्दो छ र लोडसेडिङ अन्त्य भएको भनिए पनि त्यो ठूला शहरहरूमा मात्र थियो जुन उद्योगलाई बेलुका बिजुली काटेर, गाउँ र साना शहरमा अघोषित लोडसेडिङ कायमै गरेर र भारतबाट भारी मात्रामा महँगो कोइले बिजुली आयात गरेर भएको थियो। यो कुरो न आर्थिक हिसाबले न बारम्बार नाकाबन्दी भोगेको नेपालको ऊर्जा सुरक्षाको दृष्टिले उचित हो।

सामुदायिकतर्फको प्रयास

विसं २०५९ मा श्री ५ महाराजाधिराजबाट मलाई जलस्रोत मन्त्रीमा नियुक्त गरीबक्सिँदा विद्युत्‌का यी संरचनागत एवं सामाजिक चुनौतीहरू मेरो सामुन्ने देखापरेका थिए। म कुनै पार्टीको मान्छे नभएर एक प्राज्ञिक क्षेत्रको भएकोले एक थप चुनौती मैले महसुस गरेँ। करिब आठ वर्षपछि (२०६७ सालमा) नेपालमा बिजुली आएको शतवार्षिकी आउने थियो। त्यसबखत मलाई लाग्यो प्रश्न जरुर उठ्ने छ कि यतिका वर्ष बित्दा पनि किन नेपालमा पाँचमा चार नेपालीको विद्युतमा पहुँच छैन (त्यस बखतको आँकडा) ? किन प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् खपत गर्ने राष्ट्रमध्ये नेपाल विश्वकै तल्लो श्रेणीमा पर्छ ? मान्छेले भन्लान् भन्ने लाग्यो-अरु मन्त्री त राजनैतिक प्राणी मात्र हुन्थे, तँ त प्राज्ञिक विषय वस्तु जानेको इन्जिनियर तैंले के गरिस् ?

त्यसैले मैले प्राधिकरणभित्रैबाट वितरण प्रणाली सुधार गर्ने अठोट गरेँ। विद्युत् भनेको उत्पादन, प्रसारण र वितरण मिलेर बनेको प्रणाली हो जुन निजी क्षेत्रले उत्पादनमा प्रवेश पाइसकेपछि नेबिप्रा जस्तो एकल स्वामित्वको संरचना स्वयं प्राधिकरणलाई प्रत्युत्पादक र निजी क्षेत्रको विकासलाई बाधक भइसकेको थियो। संसद् नरहेको अवस्थामा नयाँ ऐन ल्याउने सम्भावना थिएन। यसले गर्दा नेबिप्रालाई नै आन्तरिक खण्डीकरण गरी उत्पादन, प्रसारण र वितरण तीनै पाटाका छुट्टै-छुट्टै व्यवस्थापन हुने ढाँचा अपनाइयो। यस अन्तर्गत बलियो भारप्रेषण केन्द्र र प्रसारण व्यवस्थाले निजी र सरकारी योजनाहरूबाट विद्युत् खरिद गर्ने र छुट्टा-छुट्टै नगरपालिका र सङ्गठित ग्रामीण समूहहरूलाई बेच्ने अवधारणा रहेको थियो। अन्यथा प्रतिस्पर्धा न्यून र सेवामा सुधारको दबाब दिनसक्ने सम्भावना कम रहन्छ र यसै आन्तरिक प्रतिस्पर्धी तारतम्यको सुधारभित्र वितरणमा सामुदायिक विद्युत्‌को अवधारणा आएको हो।

नेपालमा विद्युत् वितरण क्षेत्रलाई सामुदायिक बनाउनु किन आवश्यक छ र यसले कसरी लाभ दिन्छ भन्ने सन्दर्भमा अर्थशास्त्रका दृष्टिले कुनै पनि सेवालाई निजी, सार्वजनिक वा सामुदायिक वस्तुका रूपमा व्याख्या गरिन्छ। विद्युत् जस्ता सेवाहरूमा संरचानगत सन्तुलनमा न रहँदा वा विद्युत् सेवालाई पैसा हुनेले किन्न सक्ने निजी वस्तु मात्र ठान्नु गलत हुन्छ। यो सार्वजनिक र सामुदायिक वस्तु पनि हो, जुन मानव अधिकार र सामाजिक न्यायसँग पनि जोडिन्छ। यतातिर ध्यान नदिए उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने, सेवाको स्तर घट्ने र बजारमा एकाधिकारी संरचनाले विकृति जन्माउने जोखिम हुन्छ। यस्तो अवस्थामा समुदायमा आधारित व्यवस्थापनले स्थानीयस्तरमा दक्षता, पारदर्शिता र सेवा पहुँच बढाउन सक्छ। सामुदायिक संस्थाले उपभोक्तासँग प्रत्यक्ष सम्पर्क राख्ने भएकाले माग-आपूर्ति बुझेर साना-ठूला समस्या तुरुन्त समाधान गर्न सकिन्छ।

विद्युत् बजारको सबैभन्दा महत्वपूर्ण तर कम ध्यान दिइएको पाटो वितरण हो। यो काम सन् १९८५ अघि नेपाल विद्युत् कर्पोरेशनले गर्दै आएको थियो। विश्व बैंकले मर्स्याङ्दी ऋणको शर्त अनुरूप विद्युत् कर्पोरेसन र तत्कालीन श्री ५ को सरकारको विद्युत् विभाग (जसले निर्माणको काम गर्थ्यो) लाई गाभेर एउटै नेपाल विद्युत् प्राधिकरण निर्माण गर्न लगायो। यो कदमले विश्व बैंकलगायतलाई आफ्नो ऋण व्याज तिरिने भनेर आश्वस्त त बनायो होला तर आन्तरिक प्रसारण लगायत गल्लीगल्ली बस्तीबस्तीमा हुनुपर्ने वितरणको विस्तार र सुधार ओझेलमा पर्न गयो। विद्युत् केही हदसम्म बजारमा बेचिन सक्ने निजी वस्तु हो भने धेरै हदसम्म सामाजिक र सार्वजनिक वस्तु हो, जसको प्रभाव विद्युत् वाहेक शिक्षा, स्वास्थ्य जस्ता थुप्रै गैरव्यापारिक क्षेत्रमा पर्ने हुनाले यसको व्यवस्थापन बजारी तौरतरिकाले मात्र सम्भव छैन। तर विश्व बैंकलगायत अन्य दाता निकायहरू मूलतः पश्चिमा राष्ट्रका विदेश नीतिका औजार भएकाले सोभियत संघको पतनपछि नेपाल जस्ता गरिब मुलुकका स्रोतसाधन बजारले मात्र गर्नुपर्छ भनेर अभियान नै चलाए।

यसतर्फ केही सुधारको प्रयत्न गर्न लाग्दा नेबिप्रा र विद्युत विकास विभागबाट पनि कुनै सहयोग नहुने स्थिति देखियो। खोज्दै बुझ्दै जाँदा दक्षिण ललितपुरमा एउटा सहकारीले विद्युत् वितरणको काम गरेको मन्त्रालयका एकजना कर्मचारीले उनका हाकिमले थाहा नपाउने गरी मलाई सुटुक्क जानकारी गराए र सानो रिपोर्टको फोटोकपी पनि उपलब्ध गराए। त्यसको केही दिनपछि त्यस सहकारीका अध्यक्ष डिल्ली घिमिरेले समय लिएर भेट्न आउनुभयो। मेरो लागि त ढुङ्गा खोज्दा देउता भेटे सरह भयो। तुरुन्तै चापागाँउमा एउटा ब्रिफिङ्ग कार्यक्रम राख्न लगाएँ र द्वन्द्वकालको समय भएकाले सशस्त्र प्रहरी र सेनाको लावालस्कर लिएर चापागाँउमा दिनभरि त्यस सामुदायिक संस्थामा जानकारी लिँदै बिताएँ।

त्यसपछि यो दक्षिण ललितपुरको अत्यन्तै उत्साहजनक शुरुआतलाई कसरी बृहत् राष्ट्रिय अभियान बनाउने भन्ने काम थालियो। झन्डै पाँच महिना लगाएर २७ औं पटकको मस्यौदा पार गरी सामुदायिक विद्युत वितरण विनियमावली २०६० तयार भयो र लागू गरियो। (१६ औं मस्यौदापछि मात्र नेबिप्राका हाकिमहरूले सहयोग गर्न थाले। (कसरी गराइयो त्यो छुट्टै गफको विषय होला)। यस व्यवस्थाअन्तर्गत नेबिप्राले समुदायलाई एकमुस्ट थोकमा (एउटै मिटरमा) बिजुली बेच्ने र समुदायले खुद्रा वितरणमा आफ्नो नीति नियम र सुविधाले गर्ने मुख्य व्यवस्था रह्यो। मेरो चाहना त सबै नगरपालिकाहरूमा पनि वितरण यसै विनियमावलीभित्र आउन् भन्ने थियो तर ट्रेड युनियन मात्र नभई नेबिप्राका हाकिमहरूको पनि चर्को विरोधले गर्दा पहिलो चरणमा ग्रामीण भेगलाई मात्र यो लागू हुने र एउटा अपवाद स्वरूप सानो सहर मुग्लिङमा पनि लागू गराउने भन्ने गरियो। यसैअनुरूप दक्षिण ललितपुर लगायत १८ वटा सामुदायिक वितरण संस्थाहरू स्थापित भए। लोकेन्द्रबहादुर चन्दको सरकार सन् २००३ को जुनमा हटेपछि बनेको सूर्यबहादुर थापाको सरकारका अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले सरकारको तर्फबाट ८०-२० को अनुदान कार्यक्रम ल्याइयो।

विनियमावली त जोडतोडले ल्याइयो तर तुरुन्तै त्यसपछि मलाई यो कार्यक्रम कसरी लागू गराउने भन्ने चिन्ताले सताउन थाल्यो। अगाडि देखिएका प्राधिकरणका हाकिमहरूबाट यो पार लाग्दैन, बरु तिनले पाए करौंती लगाएर यसको भ्रूण हत्या गर्न बेर लाउँदैनन् भन्ने मैले बुझेको थिएँ। यो नयाँ जन्माएको सामुदायिक विभाग मन लगाएर हाँक्न सक्ने सिनियोरिटी पनि भएको व्यक्ति को होला भनेर खोज्न थालेँ। अलि कूटनीतिक जुक्ति लगाएर बुझ्दा जानकारीमा आयो कि एकजना रामचन्द्र पाण्डे भन्ने व्यक्ति नेपालगञ्जमा हाकिम छन्। साधारण विद्युत् हाकिम जस्तो राम्रा योजना ताक्दै हिँड्दैनन्, खाली ग्रामीण विद्युतीकरण, बङ्गलादेशको विद्युत् को-अपरेटिभ भनेर सधैँ अर्धसिल्ली कुराको रटान मात्र गर्छन् भन्ने सुन्नमा आयो। यो मान्छे योग्य पात्र होला भन्ने लाग्यो र नेपालगञ्जबाट झिकाई यो नयाँ

विभागको जिम्मा उहाँलाई लगाएँ । त्यसपछि बाँकी त सामुदायिकको इतिहास भैहाल्यो ।

अवरोधका पाटाहरू

यो सामुदायीकरणको एकवर्षे प्रयोग बितेपछि विनरक इन्टरनेशनल र जर्मन जिटिजेडको सहयोगमा काठमाडौँको अन्नपूर्ण होटेलमा एक समीक्षा कार्यक्रम राखियो । सबैको राय यो अभियान अत्यन्तै फलदायी र नेपाल सुहाउँदो उपयोगी हो भन्ने रहयो । तर नेबिप्राको ट्रेड युनियन र कर्मचारीतन्त्रले यस सामुदायिक अभियानलाई सौताको व्यवहार गरेकोले एक्लै एउटा उपभोक्ता समूह निरीह हुने ठहर पनि भेलाले गऱ्यो । फलस्वरूप सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल नामक सञ्जालको गठन भयो । यसले सामुदायिक विद्युत्‌मा लागेका एकाइहरूको सामूहिक हित हेर्न, सामुदायिक संस्थाहरू एक अर्कालाई सहयोग गर्ने र सामुदायिक विद्युत् अभियान अगाडि बढाउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अभियान चलाउने कामको जिम्मा लियो । विद्युत् जस्तो सार्वजनिक वस्तु सामाजिक न्यायसित सरोकार राख्दछ र त्यो काम न नियन्त्रणमुखी सरकार न नाफामुखी बजारले नै ठीकसँग गर्न मन लगाउँछन् । यसका लागि त्रिणमुलमै भिजेको नाफा र नियन्त्रणभन्दा माथिबाट क्षेत्रलाई बुझ्ने सामुदायिक अभियानको आवश्यकता पर्दछ ।

आज यो अभियान देशभरि फैलिएको छ र राष्ट्रलाई विद्युत् चोरी शून्य हुनसक्छ, विद्युत्‌को सिर्जनशील उपयोग गाउँस्तरमै हुनसक्छ भनेर उदाहरण बनेको छ । राज्यका लागि सामुदायिक संस्थाहरू सहयोगी बनेका छन् तर राज्य र तिनलाई सञ्चालन गर्ने पार्टीहरू भने सामुदायिक कार्यक्रमलाई कमजोर बनाउने, सामुदायिक संस्था सञ्चालन गर्न नसक्ने प्रकारका नीतिहरू बनाउने, विद्युत् महसुल अव्यावहारिक बनाई प्राधिकरणमा हस्तान्तरण गर्न बाध्य बनाउने प्रकारको कार्य गरिरहेछ । आफैँलाई समाजवादको मसिहा ठान्ने राजनीतिक दलहरूको सरकारले समाजवादी चरित्रको कार्य गरिरहेका सामुदायिक संस्थाहरूलाई निरुत्साह गर्ने कार्यमा अग्रसर देखिनु दुर्भाग्य हो । तर पनि अनेक अनावश्यक कुचेष्टाका बाबजुद नेविप्राका ट्रेड युनियनहरूले आफ्ना माउ पार्टीहरूमार्फत उल्टाउन नसकेको सुधार भने सामुदायिक विद्युत् नै रहयो ।

नेपालमा ११५ वर्षअघि फर्पिङ्मा पहिलोचोटी विद्युत उत्पादन भएर काठमाडौँ राजधानीमा बिजुली पुग्दा बिजुली भन्ने चमत्कारी वस्तु सबैभन्दा पहिले देख्ने साधारण नेपाली शायद फर्पिङ्ग पारी रहेको ललितपुरको देवीचौर दनुवार गाउँका बासिन्दा थिए । त्यहाँबाट बागमती पारी पश्चिम दक्षिणकालीतिर हेर्दा फर्पिङ्ग विद्युत् गृह देखिन्छ । सय वर्ष बढी पारीको बिजुली मात्र देखेका तर उपभोग गर्न नपाएका दनुवार गाउँवासीले सामुदायिक विद्युतको अवधारणा लागू भएपछि मात्र सामुदायिक मार्फत सय वर्षपछि बिजुली उपभोग गर्न पाए । यो नै एउटा दह्रो प्रमाण हो विद्युत्‌को सार्वजनिक वस्तुको चरित्र-अर्थात सबै नेपालीले बिजुली उपभोग गर्न पाउनुपर्छ यो मानव अधिकार हो भन्ने सामाजिक न्यायको कुरा । न सरकारी नोकरशाही तन्त्र न निजी, मात्र सामुदायिक क्षेत्रले यो अभिभारा बोकेको छ । अब अगाडिको काम भनेको नेपाल सुहाउँदो सामुदायिक अभियानलाई टेवा दिन सक्ने राम्रो र नयाँ विद्युत ऐन संसदबाट पारित गराउनु हो । यसका लागि त्यो १७ वर्षअघि प्रस्तावित विद्युत् विधेयकमा परेका १४२ वटा संशोधन फेरि एकपटक अध्ययन गरी यस मर्मअनुरूप नयाँ ऐन पास गरी अगाडि बढ्नु जरुरी छ ।

(उहाँ पूर्व जलश्रोत मन्त्री तथा जलश्रोत विज्ञ हुनुहुन्छ ।)

सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाको वित्तीय सङ्कटको स्रोत : विद्युत् महसुल

शेरसिंह भाट

विद्युतीकरणका हिसाबले राज्यको दृष्टिबाट ओझेलमा परेका दूरदराजका समुदायको विद्युत्मा पहुँच बनाएर त्यसरी विकास गरिएको विद्युत् वितरण संरचनाको सञ्चालन एवं विद्युत् सेवा आपूर्तिको जिम्मा लिएका यस्ता संस्था विगतमा संस्थागत वित्तीय सन्तुलन कायम गर्न सक्षम रहेका थिए। तर पछिल्लो समय विशेष रुपमा विद्युत् नियमन आयोगद्वारा विद्युत् महशुल निर्धारण हुन थालेदेखि यस्ता संस्थाहरु क्रमशः वित्तीय सङ्कटमा पर्दै गएको देखिन्छ र तिनको दिगोपनामा समेत प्रश्नचिन्ह लाग्न थालेको छ। कुनै समय वित्तीय सन्तुलन कायम गर्न सक्षम यस्ता संस्था किन वित्तीय सङ्कटतर्फ उन्मुख भए यसको विश्लेषण आवश्यक छ। यसको दुईवटा कारण हुन सक्छन्ः

(क) ग्राहक संख्या एवं सञ्चालन दक्षतामा ह्रास, सञ्चालन लागतमा वृद्धि जस्ता आन्तरिक कारण।

(ख) थोक विद्युत् खरिद दरमा वृद्धि, सरकारी नीतिअन्तर्गत ग्राहक विद्युत् महसुलमा छुटका कारण आयमा ह्रास जस्ता बाह्य कारण।

केही प्रतिनिधिमूलक संस्थाहरुको अध्ययन अवलोकन गर्दा ग्राहक संख्या क्रमिकरुपमा वृद्धि नै भइराखेको, सञ्चालन दक्षतामा ह्रास भई संस्थाको वितरण क्षेत्रमा चुहावट वृद्धि पनि नदेखिएको साथसाथै संचालन खर्च पनि उल्लेख्य रुपमा वृद्धि भएको देखिएन। त्यस हिसाबले सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरु वित्तीय सङ्कट उन्मुख हुनुमा आन्तरिक कारणहरु मात्र नभई बाह्य कारण नै मुख्य कारक हुन् भन्ने सहजै निष्कर्ष निकाल्न सकिन्छ।

बाह्य कारणमा सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुले नेपाल विद्युत प्राधिकरणसँग थोकमा विद्युत खरिद गर्दाको थोक खरिद दरमा वृद्धि वा यी संस्थाहरुले आफ्ना ग्राहकलाई विद्युत् बिक्री गर्दाको साबिक बिक्री दरमा ह्रास वा दुबै हुन् सक्छन् । नेपाल विद्युत् प्राधिकरणको विद्युत् महसुल लक्षित ग्राहक वर्गीकरणका आधारमा सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरु सामुदायिक थोक ग्राहक (Community Wholesale Consumer) वर्गमा पर्छन । विद्युत् महसुल निर्धारण आयोगले २०१६ मा जारी गरेको विद्युत् महसुल आदेश र विद्युत नियमन आयोगले क्रमशः सन् २०२० र २०२१ मा जारी गरेको विद्युत् महसुल आदेशमा सामुदायिक थोक ग्राहक वर्गका लागि निर्धारण गरेको प्रभावकारी विद्युत् महसुलमा निरन्तर वृद्धि भएको देखिन्छ। त्यसमा पनि विद्युत् महसुल आदेश २०२१ ले नेपाल विद्युत प्राधिकरणका सामुदायिक थोक ग्राहकहरुका लागि तोकिएको विद्युत् महसुल दरले सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुलाई वित्तीय रुपमा धराशायी बनाइदिएको छ। अब हेरौं के कसरी साबिकमा प्रभावमा रहेको विद्युत् महसुल आदेश २०२१ ले सामुदायिक थोक ग्राहकहरुप्रति अन्याय हुन गएको छ :

(क) यदि कुनै सामुदायिक ग्रामीण विद्युतीकरण संस्था (सामुदायिक थोक ग्राहक)ले आफ्नो वितरण क्षेत्रभित्र “N” वटा विद्युत ग्राहकलाई सेवा दिएको छ भने त्यस्ता प्रत्येक विद्युत् ग्राहकवापत मासिक रु ३० का दरले रु N८३० न्यूनतम् मासिक चार्ज सामुदायिक थोक ग्राहकलाई लाग्ने व्यवस्था विद्युत् महसुल आदेश २०२१ मा छ। सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले आफ्नो वितरण क्षेत्रभित्रका प्रत्येक ग्राहकका लागि वितरण लाइन दुरुस्त राख्ने, नो लाइट लगायत अन्य आकस्मिक सेवा दिने, मिटर रिडिङ्ग र बिलिङ्ग गर्ने, महसुल सङ्कलन गरी अभिलेख राख्ने जस्ता ग्राहक सेवा प्रदान गर्ने गरेको छ। यसरी ग्राहक सेवा दिएवापत प्रत्येक ग्राहकबाट सेवा शुल्कको रुपमा न्यूनतम चार्ज रु ३० मात्र पाउने हो। सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाको आयको मुख्य स्रोत यही न्यूनतम चार्ज हो किनकी यस्ता संस्थाहरुका ७० देखि ८० प्रतिशत ग्राहक मासिक २० युनिटभन्दा कम खपत गर्छन् र रु ३० मात्रै तिर्छन् । प्रत्येक ग्राहकबाट उठाइने यो मासिक न्यूनतम् रकम विगतमा सेवा शुल्क भनेर नै महसुल दरमा उल्लेख गरिन्थ्यो ।

तर विडम्बना के छ भने आफ्नो वितरण क्षेत्रभित्रका विद्युत् ग्राहकलाई महिनाभरि माथि उल्लेख भए अनुसारका सबै ग्राहक सेवा सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले दिन्छ तर ती ग्राहकबाट सेवावापत उठाइएको प्रतिग्राहक रु ३० सिधै ने.वि.प्रा.लाई बुझाउने व्यवस्था विद्युत् नियमन आयोगले विद्युत् महसुल आदेश २०२१ मा गरिदिएको छ। अर्कोतर्फ, सामुदायिक विद्युत् वितरण संस्थाको वितरण क्षेत्रभित्रका विद्युत् ग्राहकलाई ने.वि.प्रा.ले कुनै पनि प्रकारको ग्राहक सेवा नदिए पनि ग्राहक सेवा बापतको प्रति ग्राहक मासिक रु ३० सेवा शुल्क ने.वि.प्रा.ले सामुदायिक विद्युत् वितरण संस्थाबाट असुल गर्ने व्यवस्था सोही विद्युत् महसुल आदेश २०२१ ले गरेको छ।

सारांशमा सामुदायिक विद्युत् वितरण संस्थाको वितरण क्षेत्रभित्रका विद्युत् ग्राहकलाई सम्पूर्ण ग्राहक सेवा संस्थाले दिए पनि उसले त्यस्तो ग्राहक सेवावापतको सेवा शुल्क नपाउने तर ने.वि.प्रा.ले सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाका ग्राहकलाई ग्राहक सेवा प्रदान नगरे पनि सेवा शुल्क भने असुल गर्न पाउने अन्यापूर्ण र तर्कहीन व्यवस्था विद्युत् महसुल आदेश २०२१ ले गरेको छ। सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुको हालको वित्तीय असन्तुलनको मुख्य कारण यही अन्यायपूर्ण महसुल व्यवस्था हो भन्न सकिन्छ।

(ख) विद्युत महसुल आदेश २०२१ ले मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने गार्हस्थ वर्गका ग्राहकले न्यूनतम् चार्ज रु ३० तिरे पुग्ने तर ऊर्जा चार्ज तिर्नु नपर्ने व्यवस्था गरेको छ । यसअनुसार सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुले पनि मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने आफ्ना ग्राहकहरुबाट न्यूनतम् चार्ज मात्र सङ्कलन गर्ने गरेको छ र सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुका अधिकांश ग्राहक यसै वर्गमा पर्छन । तर सामुदायिक थोक ग्राहकको थोक मिटर उठेको खपत अङ्कमा N८२० युनिटमा ऊर्जा चार्ज छुट गरी बाँकी खपतमा यस वर्गका लागि तोकिएको ऊर्जा चार्ज अनुसार ने. वि.प्रा.ले बिल गर्ने व्यवस्था विद्युत महसुल आदेश २०२ ले गरेको छ । तर प्राधिकरणको थोक मिटरदेखि सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाका ग्राहकको मिटरसम्म सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाको वितरण क्षेत्रभित्र हुने प्राविधिक विद्युत् चुहावटलाई महसुलमा समायोजन गर्ने कुनै उपाय महसुल आदेशले दिएको छैन । यसको अर्थ त्यस्तो प्राविधिक चुहावट सामुदायिक ग्रामीण विद्युतीकरण संस्था स्वयमले व्यहोर्नु पर्ने मान्यता विद्युत महसुल आदेशको रहेको ठहर्छ ।

(ग) सरकारको अनुदान नीतिका कारण सामुदायिक थोक ग्राहकले ने.वि.प्रा. सँग थोकमा विद्युत् खरिद गर्दा तिर्नुपर्ने दरभन्दा पनि थोरै दरमा केही ग्राहक वर्गलाई बेच्नुपर्ने व्यवस्था महसुल आदेशले गरेको छ । ने.वि.प्रा. सँग विद्युत खरिद गर्दाको ऊर्जा चार्जप्रति युनिट रु ६.२५ रहेकोमा सोही विद्युत् धार्मिक वर्गका ग्राहकलाई रु ६.१०, सार्वजनिक यातायात वर्गलाई रु ५.७५. सामुदायिक खानेपानी वर्गलाई रु ४.२० र सिँचाइ वर्गका ग्राहकलाई रु २.२५ प्रतियुनिटमा बिक्री गर्दा धेरैमा किनेर थोरैमा बेच्दाको फरक रकम कहाँबाट आउने हो महसुल आदेशले सम्बोधन गरेको छैन ।

(घ) मध्यमस्तरीय भोल्टेज (११ के.भी.)का सामुदायिक थोक ग्राहकहरुका लागि ऊर्जा चार्ज प्रतियुनिट रु ६.०० तोकिएको छ भने लो-भोल्टेज (४०० र २२० भोल्ट) का सामुदायिक थोक ग्राहकहरुका लागि ऊर्जा चार्ज प्रतियुनिट रु ६.२५ तोकिएको छ। लो- भोल्टेज वितरण प्रणालीमा हुने प्राविधिक चुहावटका कारण मध्यमस्तरीय भोल्टेज (११ के.भी.) को तुलनामा लो-भोल्टेज (४०० र २२० भोल्ट) का सामुदायिक थोक ग्राहकहरुका लागि ऊर्जा चार्ज बढी राख्नु परेको हो । तर लो-भोल्टेज (४०० र २२० भोल्ट) का सामुदायिक थोक ग्राहकहरु मासिक बिलमा वितरण ट्रान्सफर्मरको चुहावटवापत मिटर अङ्कमा तीन प्रतिशत थप्ने गरिएको र वितरण लाइनमा हुने सम्पूर्ण चुहावट सामुदायिक थोक ग्राहकले ब्यहोर्नें हुँदा मध्यमस्तरीय भोल्टेज (११ के.भी.) र लो-भोल्टेज (४०० र २२० भोल्ट) का सामुदायिक थोक ग्राहकहरुको ऊर्जा चार्ज दर समान रु ६.०० प्रतियुनिट हुनुपर्ने हो ।

यसरी विद्युत् महसुल आदेशले सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुले ः

(क) महिनाभरि आफ्ना ग्राहकलाई दिएको ग्राहक सेवा वापतको रकम सङ्कलन गर्ने तर आफूलाई नराखी ने.वि.प्रा.लाई बुझाउनुपर्ने व्यवस्था गरेर आफ्नो छुट्टै कुनै स्रोतबाट ग्राहक सेवा दिने बाध्यता गरेको,

(ख) सरकारी अनुदान नीति अनुसार २० युनिटसम्म खपत गर्ने ग्राहकलाई ऊर्जा चार्ज छुट दिँदा ने.वि.प्रा. को थोक मिटरदेखि ग्राहकको मिटरसम्म हुने प्राविधिक विद्युत् चुहावट सम्बोधन हुने कुनै व्यवस्था महसुल आदेशमा नगरी त्यस्तो चुहावटवापतको रकम सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले आफ्नो छुट्टै कुनै स्रोतबाट ब्यहोर्नुपर्ने बाध्यता गरेको,

(ग) सरकारी अनुदान नीति अनुसार केही निश्चित वर्गका

ग्राहकलाई आफूले थोक विद्युत् खरिद गर्दा तिरेको महसुल दरभन्दा पनि घटी दरमा विद्युत् बिक्री गर्दा यसरी हुन गएको घाटा रकम सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले आफ्नो छुट्टै कुनै स्रोतबाट व्यहोर्नुपर्ने बाध्यता गरेको,

(घ) लो-भोल्टेजका सामुदायिक थोक ग्राहकको मासिक बिलमा वितरण ट्रान्सफर्मरको चुहावटवापत तीन प्रतिशत थप्ने गरेको र लो-भोल्टेज लाइनको सम्पूर्ण चुहावट सामुदायिक थोक ग्राहकले नै ब्यहोर्ने गरेको हुँदा लो-भोल्टेजका सामुदायिक थोक ग्राहकको ऊर्जा चार्ज दर बढी (रु ६.०० को सट्टा रु ६.२५) तोकेर सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरुलाई चुहावटवापत दोब्बर रकम चार्ज गरेको देखिँदा विद्युत महसुल आदेश २०२१ प्रथम दृष्टिमै त्रुटिपूर्ण देखिएकाले उपरोक्त त्रुटिहरु सच्चिने गरी क्गय :यतय इचमभच बाट विद्युत महसुल आदेश २०२१ संशोधन हुनुपर्छ।

अन्तमा जनसहभागिता जुटाई नेपालको विषम परिस्थिमा समुदाय परिचालन गरी विद्युतीकरण गरिएको कुरा प्रस्ट छ। नेपालमा विद्युत्को पहुँच करिब शत प्रतिशत पूरा भएपछि समुदायले उज्यालो नेपाल बनाउन गरेको योगदानलाई बेवास्ता गरी चर्को र अव्यावहारिक महशुल दर सिर्जनाले सामुदायिक संस्थामा वित्तीय सङ्कट खडा गर्नु सरासर समुदायप्रति गरेको अन्याय हो। राज्यले समुदायको योगदानको सामाजिक न्यायको आधारमा कदर गर्ने हो भने विद्युत् महशुलमा सुधार गरी समुदायको भावना सम्बोधन गर्नुपर्छ।

(लेखक ऊर्जा विज्ञ तथा नेपाल विद्युत प्राधिकरणका पूर्व उपकार्यकारी निर्देशक हुनुहुन्छ।

लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, सुधारिएको चुलो, वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु प्रयोग गरौ ।

वन जंगल जोगाऔं, वातावरण संरक्षणमा सहयोग गरौं ।

उक्त प्रविधिमा नेपाल सरकारले तोकेको मापदण्डको आधारमा अनुदान दिने हुँदा उक्त प्रविधि आफ्नो घर तथा समुदायमा जडान गरी फाईदा लिऔं ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहचल, काठमाण्डौ
फोन नं ०१-४४९८०१३, ४४९८०१४
वेवसाईट www.aepc.gov.np, ईमेल info@aepc.gov.np

महासंघको २१औ स्थापना दिवस सम्पन्न

'सामुदायिक विद्युतीकरणमा जनसहभागीताको सम्बोधन ः लगानीको सम्मान, सुलभ सेवा र विद्युत् महसुल समायोजन' भन्ने मूल नाराका साथ महासंघको २१औँ स्थापना दिवस भव्यरुपमा सम्पन्न भएको छ। ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्री प्रमुख अतिथि रहेको कार्यक्रमको अध्यक्षता महासंघका अध्यक्ष नारायणप्रसाद ज्ञवालीले गर्नुभएको थियो । संस्थाका महासचिव गोविन्द पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा संस्थाका उपाध्यक्ष मीरा मरासिनीले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो । प्रमुख अतिथि तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काले दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । २१ औं स्थापना दिवस समारोहमा अध्यक्ष नारायण ज्ञवालीले केन्द्रीय समितिको तर्फबाट महासंघको गतिविधि, समसामयिक सर्न्दभसँग जोडिएका नीतिगत सबाल, दिगो र भरपर्दो विद्युतीकरणको आधार, सामुदायिक विद्युतीकरणका उपलब्धि–अवसर र चुनौती, महासंघका भावी कार्यक्रमसँग सम्बन्धित विचारहरु समेटिएको संस्थागत प्रतिवेदन समारोहमा प्रस्तुत गर्नुभएको थियो ।

समारोहका प्रमुख अतिथि मन्त्री खड्काले उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक विद्युत संस्था र महासंघको ठूलो योगदान रहेको चर्चा गर्दै महासंघलाई धन्यवाद र संस्थाको सफलताको शुभकामना दिनु भएको थियो । मन्त्री खड्काले आगामी दिनमा विद्युतूलाई दिगो, भरपर्दो बनाउन उत्पादनमा जोडिदै वितरण मात्र नभएर उत्पादनमा समेत योगदान दिन सबैमा आग्रह गर्नुभएको थियो । समारोहका विशिष्ट अतिथि, पूर्वमन्त्री दिपक ज्ञवालीले सामुदायिक विद्युतीकरणको माध्यमबाट समाजवादको अभ्यास गरिरहेका सामुदायिक संस्थाहरुलाई सरकारले प्राथमिकता साथ सहयोग गनुपर्ने बताउनु भएको थियो ।

नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, विद्युत नियमन आयोगका अध्यक्ष रामप्रसाद धिताल लगायतका विशिष्ट अतिथिहरुले सामुदायिक विद्युतीकरण गरिरहेका संस्थाको कार्यले नेपाल सरकारलाई उज्यालो नेपाल बनाउन सहयोग पुगेको, स्थानीय रोजगारी सिर्जना भएको, नेपाल विद्युत प्राधिकरणको प्रशासनिक बोझ र प्राविधिक चुहावट कम भएकाले उपयुक्त नीति र विधिका आधारमा सामुदायिक विद्युतीकरणको दिगो विकासमा सामुदायिक संस्थासंग सहकार्य गरेर अघि बढ्नुपर्ने विचार व्यक्त गर्दै संस्थाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो । २१औ वार्षिक स्थापना दिवसको सन्दर्भमा सामुदायिक विद्युतीकरण कार्यक्रमा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउनु भएका संस्था र व्यक्तिहरुलाई कदरपत्रबाट सम्मान गरिएको थियो । समारोहमा उर्जा क्षेत्रमा कार्यरत विज्ञहरु, सरकारी तथा गैरसरकारी क्षेत्रमा जिम्मेवार पदाधिकारीहरुको उपस्थिति थियो ।

अन्तरवार्ता

“ग्रामीण विद्युतीकरणमा सामुदायिक

२०५४ सालमा नेपाल विद्युत प्राधिकरणको भार प्रेषण केन्द्रबाट सेवा शुरु गर्नुभएका दीर्घायुकुमार श्रेष्ठले आजसम्म आइपुग्दा विभिन्न जिम्मेवारी सफलतापूर्वक निर्वाह मात्र गर्नुभएको छैन, प्राधिकरणको सेवालाई जनस्तरसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। यसबीचमा उहाँ प्राधिकरणको कास्की लेखनाथस्थित वितरण तथा ग्राहक सेवा, भक्तपुरको ठिमी वितरण केन्द्रमा रही काम गर्नुभएको छ।

त्यस्तै हेटौँडा ग्रीड महाशाखा, कालीगण्डकी जलविद्युत् आयोजना, अत्तरिया क्षेत्रीय कार्यालय धनगढी, हेटौँडा क्षेत्रीय कार्यालय हुँदै काठमाडौँ क्षेत्रीय कार्यालयपछि केन्द्रीय कार्यालयमा ग्रीड सञ्चालन विभागपछि मीनभवनको प्रशारण निर्देशनालयमा रहेर काम गर्नुभएको अनुभव उहाँसँग छ । हाल उहाँ प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयको उपकार्यकारी निर्देशक हुनुहुन्छ । साथै, सामुदायिक विद्युतीकरण निर्देशक समितिको अध्यक्ष समेत हुनुहुन्छ। प्रस्तुत छ, विद्युत खबरका लागि उहाँसँग गरिएको कुराकानी :)

“उज्यालो नेपाल अभियान”लाई कसरी हर्नुभएको छ ?

प्राधिकरणमा रहँदा लामो समयसम्म ग्राहक सेवामा रहेर काम गर्ने अवसर मिल्यो । तीनवटा क्षेत्रीय कार्यालयअर्न्तगत ग्रामीण विद्युतीकरण विभागसँग काम गर्दाको अनुभवले ‘उज्यालो नेपाल’को अभियानमा सामुदायिक संस्थाहरुको भूमिकालाई नजिकबाट हेर्न पाएको छु। सामुदायिक विद्युतीकरण कार्यक्रमबाट देशका दूरदराजका जनतासम्म गुणस्तरीय, भरपर्दो विद्युत् सेवा पुग्न सकेको छ । यो काममा प्राधिकरणको एक्लो प्रयासबाट मात्र सम्भव थिएन। शुरुमा ८०-२० अनुपातमा सरकार र समुदायको लगानी हुने गरेकामा पछि ९०-१० को अनुपातमा ग्रामीण विद्युतीकरण भइरहेको छ । यसले जनतालाई जवाफदेही बनाउनुको साथै सञ्चालन, मर्मतसम्भारका लागि स्थानीय सामुदायिक

संस्थाको महत्वपूर्ण भूमिका छ”

दिर्घायु कुमार श्रेष्ठ
उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण

संस्थाको सहभागिता गराइएकाले मुलुकलाई शत प्रतिशत विद्युतीकरण गरी उज्यलो नेपाल बनाउने महान कार्यमा सहयोग पुगेको छ। नेपाल सरकारको उज्यालो नेपाल अभियानमा सहभागितामूलक सामुदायिक विद्युतीकरणको बाटोबाट सबै जनताको घरमा विद्युत्को पहुँच पुऱ्याउने काममा सामुदायिक संस्थाको योगदान महत्वपूर्ण रहन्छ।

सामुदायिक संस्था र प्राधिकरणको सहकार्यबाट मात्रै पूर्ण विद्युतीकरणको लक्ष्य हासिल हुन सक्दछ। सामुदायिक विद्युतीकरणको नीति, कानून, विद्युत् महशुल एवं यसको प्रभावकारी कार्यान्वयन र गुणस्तरीय सेवाले नै उज्यालो नेपालको सार्थकता र सामुदायिक विद्युतीकरणको दिगो विकास हुन सक्छ।

ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्ने कार्यमा सामुदायिक संस्थाहरुको भूमिकालाई कसरी हेर्नुहुन्छ ?

प्राधिकरण एक्लैले मात्रै देशका सम्पूर्ण भागमा विद्युतीकरणका सम्पूर्ण कार्य गर्न त्यति सजिलो र व्यावहारिक पनि हुँदैन । देशका ग्रामीण तथा दुर्गम भेगका जनतासम्म विद्युत्को पहुँच विस्तार गर्ने कार्यमा स्थानीय सामुदायिक संस्थाले खेलेको भूमिका निकै महत्वपूर्ण रहेको छ। ती सामुदायिक संस्था नभएको भए त्यस्ता विकट वस्तीमा विद्युतीकरण गर्न नेपाल विद्युत् प्राधिकरणलाई सजिलो थिएन अर्थात त्यहाँका जनता अहिले पनि अन्धकारमै बस्नुपर्ने अवस्था हुन सक्थ्यो । नब्बे प्रतिशत लगानी नेपाल सरकारको रहे पनि शुरुमा १० प्रतिशत बिउ पूँजीको रुपमा जुटाउन सामुदायिक संस्थाले योगदान गरेका छन् । प्राधिकरणले ती सामुदायिक संस्थाहरुलाई आवश्यक तालिम लगायत अन्य सहयोग जति गर्न पर्नेहो त्यति गर्न सकेको छैन। आगामी दिनमा यसतर्फ ध्यान दिन आवश्यक छ। ग्रामीण क्षेत्रमा विद्युतीकरणको लागत पनि बढी हुने, चुहावट बढी हुने, मर्मतसम्भार खर्चिलो हुने, जनशक्ति पनि बढी लाग्ने भएका कारणले नै समुदायको अग्रसरतामा सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन भइरहेको छ। यसबाट नेपाल विद्युत

प्राधिकरणको बोझ कम हुनुका साथै चुहावट न्यूनीकरण गर्न सहयोग पुगेको छ । सामुदायिक संस्थाहरुमा दक्ष जनशक्ति, स्तरीय प्रशारण लाइन हुन आवश्यक छ । जसले गर्दा उपभोक्तालाई राम्रो भरपर्दो सेवा दिन सकियोस् । सामुदायिक संस्थाहरुले पनि आफ्नो विद्युत् वितरणको क्षेत्र विस्तार गर्दै लैजानु पर्ने हुन्छ । यस्ता सामुदायिक संस्थाहरुसँग समन्वय र सहकार्य गरी अघि बढ्न प्राधिकरण तयार छ ।

सामुदायिक संस्थाहरुको दिगो व्यवस्थापन कसरी गर्न सकिएला ?

ग्रामीण विद्युतीकरणमा सामुदायिक संस्थाहरुको महत्वपूर्ण योगदान रहँदारहँदै पनि आज उनीहरुको दिगो व्यवस्थापनको विषय पेचिलो बनेको छ । गाउँगाउँसम्म एच टी लाइन विस्तार गर्ने र त्यसबाट एल टी लाइन उपभोक्ताको घरघरसम्म पुऱ्याउने काम सामुदायिक संस्थाहरुले गरेका छन् । प्राधिकरणले थोक रुपमा ती संस्थाहरुलाई महशूलको जिम्मा दिने र राजस्व उठाएर प्राधिकरणलाई बुझाउने कामले लामो समयसम्म निरन्तरता पायो ।

पछि सरकारले २० युनिटसम्म महशूल छुटको निर्णय गरेपछि सामुदायिक संस्थाहरुको सञ्चालन खर्च धान्न मुस्किल भयो । कतिपय संस्थाहरु सञ्चालन हुनै नसकेर प्राधिकरणलाई बुझाउनुपर्ने बाध्यतामा पुगे । गत वर्ष मात्रै १५/१६ वटा संस्थाहरुले प्राधिकरणलाई बुझाएका छन् भने हालसम्म यस्ता संस्थाहरुको सङ्ख्या ५० नाघेको छ । हिजो तिनै संस्थाहरुको बलमा ग्रामीण विद्युतीकरण अभियान सफल भएको थियो भने आज तिनीहरुको भूमिकालाई राज्यले बेवास्ता गर्न मिल्दैन । २० वर्षदेखिका काठका पोलहरुलाई विस्थापन गर्नुपर्नेछ भने एल टी लाइनहरुको पनि मर्मत गर्नुपर्ने भएकाले ती संस्थाहरुको क्षमता अभिवृद्धि गरी उनीहरुलाई नै यस्ता कार्यहरुमा परिचालन गराउन सकिन्छ । कतिपय सामुदायिक संस्थाहरु टिक्न गाह्रो भएको भन्दै प्राधिकरण आउने गरेका छन्, उनीहरुलाई कसरी बलियो र आत्मनिर्भर बनाउने भन्नेतर्फ पनि सोच्नु आवश्यक छ । सामुदायिक संस्थाहरुले गरेको योगदानलाई गम्भीर मूल्याङ्कन गरी यसको सेवा सञ्चालन र गुणस्तरीय सेवामा सहयोग पुऱ्याउनु प्राधिकरणको पनि दायित्व हुन्छ ।

सामुदायिक संस्थाहरुलाई सेवा शुल्क दिने बारे प्राधिकरणको योजना केही छ कि ?

नेपाल विद्युत प्राधिकरण पनि राज्यकै निकाय भएकाले राज्यले अनुदान दिएर भए पनि स्थानीय सामुदायिक संस्थाहरुलाई अनुदान दिएर भए पनि सहयोग गर्नुपर्ने हुन्छ । कतिपय स्थानमा सामुदायिक संस्थाहरु राम्ररी सञ्चालन पनि भएका छन्, नाफामा रहेका छन् । त्यो मोडालिटीलाई अन्यत्र पनि लैजान सकिए गुणस्तरीय विद्युत् सुेवा विस्तार गर्न र जनताको जीवनस्तर माथि उठाउन सकिन्छ । प्राधिकरणले अधिकांश स्थानमा ११ र ३३ केभी क्षमताका प्रसारण लाइनमार्फत बिजुली दिएको छ । ती प्रसारण लाइनको क्षमता वृद्धि गर्ने र ट्रान्सफर्मर थप क्षमताको राख्ने लक्ष्यसाथ काम गरिरहेको छ ।

यसबाट गुणस्तरीय र भरपर्दो बिजुली उपलब्ध हुनेछ। गत वर्ष पनि ११ सय भोल्टको लाइन ६४/६५ किलोमिटर विस्तार भएको थियो भने एक हजार ३५० थान एत टी पोल गाड्ने काम भएको थियो । त्यस्तै लो भोल्टेजको तार २५७ किलोमिटर तानिएको थियो, पाँच हजार ७०० वटा काठका पोल प्रतिस्थापन भएको थियो भने ५२ वटा लोर्ड सेन्टर थप स्थापना भएको थियो। यस वर्ष पनि हामी यसतर्फ काम गर्दैछौं। विद्युत नियमन आयोगले महशूल निर्धारण गर्दा एकपक्षीय निर्णय गरिदिएका कारण आज धेरै सामुदायिक संस्थाहरु धराशायी बनेका हुन्। आफूले उठाएको सेवा शुल्क समेत प्राधिकरणलाई बुझाउनु पर्दा उनीहरुको सञ्चालनमा समस्या आएको हो। अब विद्युत् वितरण गरेर मात्र पुग्दैन, आर्थिक क्रियाकलापहरुमा पनि संलग्न हुनुपर्ने देखिन्छ । यसमा पनि सामुदायिक संस्थाहरुले विशेष भूमिका खेल्न सक्छन्।

सामुदायिक विद्युत् विनियमावली संशोधनको विषय कहाँ पुगेको छ नि ?

पहिलोपटक २०६० सालमा तर्जुमा गरिएको सामुदायिक विनियमावलीलाई अहिलेसम्म दुई/तीनपटक संशोधन गरिसकिएको छ । कानून भन्ने कुरा सधैँ एकैखालको रहँदैन, समयसापेक्ष रुपमा परिमार्जन र संशोधन गर्दै लैजानुपर्छ। जहाँसम्म मौजुदा विनियमावलीको कुरा छ, त्यसले धेरै हदसम्म समस्याहरुको समाधान दिएको छ । २०७२ सालदेखि कार्यान्वयनमा आएको मौजुदा सामुदायिक विद्युत् विनियमावली (विभिन्न पटक संशोधन भएको) मा सामुदायिक विद्युतीकरणलाई व्यवस्थित गर्न धेरै कुराहरु स्पष्ट व्यवस्था गरिएको छ। तथापि, यसमा समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता महशूस हुँदै आएको छ । सामुदायिक विद्युत् महासंघबाट पनि सुझाव आएको छ । ती सुझावहरु निकै सकारात्मक छन्। यसका लागि प्राधिकरणभित्र एक उपसममिति पनि गठन भइसकेको छ। छिटै उपसमितिले यसमा गृहकार्य गरी प्राधिकरणको सञ्चालक समिति समक्ष निर्णयार्थ प्रस्तुत गरिनेछ।

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघको भूमिकालाई कसरी हेर्नु भएको छ ?

नेपालको ग्रामीण तथा सामुदायिक विद्युतीकरणमा शुरुदेखि नै सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघको सकारात्मक सहयोग रहँदै आएको छ । नेपालमा ग्रामीण विद्युतीकरणका क्षेत्रमा लामो समयदेखि महासंघले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सामुदायिक उपभोक्ताहरुको आवाजलाई प्राधिकरणदेखि बाहिरसम्म प्रतिनिधित्व गर्दै आएको छ। प्राधिकरणअर्न्तगत सामुदायिक विद्युतीकरण निर्देशक समितिमा महासंघका अध्यक्षको समेत प्रतिनिधित्व रहेका कारण सामुदायिक संस्थाहरुका समस्याहरुको बारेमा प्राधिकरणलाई धेरै अवगत हुने गरेको छ र त्यसलाई सामूहिक छलफलबाट समाधान निकाल्न सकिएको छ । त्यसैले महासंघ र प्राधिकरणबीच अत्यन्त घनिष्ट सम्बन्ध रहेको छ। प्राधिकरण र महासंघबीचको समन्वय र सहकार्यबाट नै आज देशका दूरदराजका जनताले गुणस्तरीय विद्युत् सुविधा उपभोग गर्न पाएका छन् । सामुदायिक संस्था र तिनका उपभोक्ता पनि प्राधिकरणकै ग्राहकहरु हुन्। अझ ती संस्थाहरु त स्थानीय जनतासँग प्रत्यक्ष रुपमा जोडिएर सेवा दिइरहेका हुन्छन् । तिनै संस्थाहरुको प्रतिनिधित्व गर्ने साझा सङ्गठन भएकाले महासंघसँगको सहकार्यलाई प्राधिकरणले विशेष महत्व दिएको छ । सामुदायिक विद्युतीकरणमा निजी क्षेत्रको सहभागिताले प्राधिकरणलाई आफ्नो लक्ष्यमा पुग्न बल पुगेको छ । आगामी दिनमा पनि महासंघले आफूसँग आवद्ध रहेका सामुदायिक संस्थाहरुलाई अझ गतिशील र सशक्त तुल्याउन विद्युत् वितरणका क्षेत्रलाई विस्तार गर्ने, उद्यमशीलतामा जोड दिने र कमजोर अवस्थामा रहेका संस्थाहरुलाई एकिकरण गरी थप सशक्त तुल्याउन सहयोग गर्नुपर्ने देखिन्छ।

सामुदायिक ग्रामीण विद्युतीकरणसँगको सहयात्रा

ई. शम्भुप्रसाद उपाध्याय

विसं २०६० तिरको कुरो हो, त्यस समय नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को सञ्चालक समितिको अध्यक्षमा जलस्रोत मन्त्री दीपक ज्ञवाली र सञ्चालकमध्ये एक रत्नसंसार श्रेष्ठ हुनुहुन्थ्यो । कतिपय देशहरूमा सामुदायिक/सहकारीमार्फत् विद्युत् वितरण गर्दा राम्रै प्रगति देखिएकाले उहाँहरू दुबै जनाले नेपालमा पनि सो कार्यक्रम लागू गर्ने विचार गरेर सञ्चालक समितिमा छलफल गर्नुभयो र अन्ततः सञ्चालक समितिले समुदायमार्फत् ग्रामीण विद्युतीकरण गर्ने निर्णय गऱ्यो । निर्णय कार्यान्वयनको लागि प्रथमतः विनियम बनाउनु आवश्यक थियो । त्यसका लागि सञ्चालक सदस्य श्रेष्ठको संयोजकत्वमा एउटा उपसमिति गठन भयो ।

त्यसताका म प्राधिकरणको प्राविधिक सेवा तथा व्यापारिक विभागको निर्देशक भएकाले सो उपसमितिको सदस्य-सचिवमा मलाई राखियो । समुदायमार्फत् विद्युत् क्षेत्रमा काम गर्ने अमेरिकी संस्था NRECA को एक पदाधिकारी सल्लाहकारको रूपमा प्राधिकरणमा काम गर्नुहुन्थ्यो र उहाँसँग मेरो राम्रै सम्पर्क भएकाले पनि सामुदायिक विद्युतीकरणमा मेरो अलि बढी नै रुची थियो । उपसमितिको पटक-पटकको बैठक र छलफलपछि उपसमितिले तयार पारेको 'सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०६०' लाई सञ्चालक समितिले स्वीकृति दियो । यही विनियमावली अन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाहरू जन्मिएकाले यी संस्थाहरूको आमा बाबु प्राधिकरण हो भन्नुमा कुनै अतिशयोक्ति नहोला ।

यस संस्थाले थोकरूपमा प्राधिकरणसँग विद्युत् खरिद गरी आफ्नो क्षेत्रमा मिटर जडान, मिटर-रिडिङ्ग, बिलिङ,

महशुल सङ्कलन, नो-लाइट सेवा आदि कार्यहरू गर्दछ । शुरूका दिनहरूमा संस्थाले २० प्रतिशत र नेपाल सरकारले ८० प्रतिशत रकम ब्यहोर्ने गरी लाइन निर्माणको काम सम्पन्न हुन्थ्यो । संस्थालाई यो २० प्रतिशत रकम सङ्कलन गर्न निकै कठिन भएकाले पनि २०६७ सालमा संस्थाले १० प्रतिशत र बाँकी नेपाल सरकारले ब्यहोर्ने गरी सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली संशोधन भयो । नयाँ कार्यालय, त्यसमा पनि प्राविधिक प्रकृतिको, खोल्दा दक्ष कर्मचारीको अभाव हुने नै भयो । यो अभाव पूर्ति गर्नका लागि जर्मन सरकारको सहयोगमा सञ्चालन भइरहेको तत्कालीन GTZ (हाल GIZ) अन्तर्गतको साना जलविद्युत् प्रवर्द्धन परियोजनाले खास गरेर प्राविधिक कर्मचारीहरूलाई तालिम दिने गर्दथ्यो ।

मैले २०६३ सालमा प्राधिकरणबाट अवकाश प्राप्त भएपछि लगत्तै माथि उल्लेखित परियोजनामा काम गर्न थालेँ । प्राधिकरणमा रहँदा आफ्नो कार्यकालको धेरै समय विद्युत्को वितरण क्षेत्रमा बिताएकाले सामुदायिक विद्युत् संस्थाहरूका कर्मचारीहरूलाई विद्युत् वितरणसम्बन्धी तालिम दिन र उनीहरूका विभिन्न जिज्ञासाहरूलाई समाधान गर्न निकै सहयोग पुगेको थियो र यो क्रम चार वर्षसम्म चलिरह्यो । पछिसम्म पनि हाते ज्ञानको रूपमा काम लागिरहोस् भन्ने उद्देश्यले यो पङ्क्तिकारबाट ‘ विद्युत् वितरण-एक आधारभूत ज्ञान’ नाम रहेको पुस्तक प्रकाशित गरेर परीक्षार्थीहरूलाई वितरण गर्ने काम पनि गरियो ।

बाईस वर्षको छोटो अवधिमै ५५ वटा जिल्लामा ३०० भन्दा बढी नै सामुदायिक संस्थाहरूअन्तर्गत करिब छ लाख ग्राहक भएका छन् र यी सबै संस्थाहरूको अभिभावकको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ छ, जसले संस्थाको हक, हितका लागि विभिन्न स्वदेशी र विदेशी संघसंस्थाहरूसँग सहकार्य गर्दछ । यी तथ्याङ्कले के प्रष्ट पार्दछ भने सामुदायिक ग्रामीण विद्युतीकरणको क्षेत्र निकै ठूलो भइसकेको छ र यो बढ्ने क्रममा छ ।

महासंघले खास गरेर आफ्नो वार्षिकोत्सवको अवसरमा मलाई बोलाइरहने र मेरो विगतको यस संस्थासँग प्रत्यक्ष संलग्नताले गर्दा यस संस्थाप्रति मेरो निकै माया र झुकाव भएको आफूलाई अनुभूति हुन्छ । सम्भवतः यही कारणले पनि हुन पर्दछ, २०८२ साउन ११ गते आयोजित महासंघको २१ औं स्थापना दिवस समारोहमा यस संस्थाको कर्मचारीहरूको क्षमता र ज्ञान बृद्धिका लागि पङ्क्तिकारले नेपालीमा लेखेको ८८ वटा ‘विद्युत उत्पादन, प्रशारण र वितरण’ नामक पुस्तकहरू (६८६ पेज) महासंघलाई हस्तान्तरण गरियो । संस्थासँगको लामो सहयात्राको क्रममा आफूलाई लागेका निम्न कुराहरू यहाँ उल्लेख गरेको छु ।

१.सामुदायिक विद्युतीकरणका फाइदाहरु :

(क) **विद्युत् चुहावटमा कमी** : प्राधिकरणको ग्रामीण क्षेत्रमा विभिन्न कारणहरूले गर्दा खासगरेर नाङ्गो तारमा अङ्कुशे लगाएर व्यापक विद्युत् चोरी हुने गर्दथ्यो । यही प्रसङ्गमा कुरा गर्दा एउटा घतलाग्दो सम्झना आउँछ । २०४४ सालतिरको कुरो हो । गोदावरी (ललितपुर) नजिकैको एउटा टोलमा व्यापक विद्युत् चोरी भइरहेको जानकारी आयो । म र शाखा प्रमुख रामचन्द्र पाण्डे निरीक्षण गर्न गयौँ । नभन्दै त्यहाँ ब्यापक हुकिङ (पोलको तारमा तारको अङ्कुशे लगाई विद्युत् चोर्ने कार्य) भएको रहेछ । “तपाईंहरूले किन चोरी गर्नु भएको ? के समस्या छ ?” भनेर टोलबासीलाई सोध्दा उहाँहरूको जवाफ थियो- “मिटर लिन तीन/चार दिन अफिस धाउनु पर्दछ । कहिले मिटर नै हुँदैन । हामी खेती गरी खाने मान्छेलाई तीन/चार दिनको

रोजगारी नै गुम्ने अवस्था आउँछ ।" उनीहरूको गुनासो सुनेपछि मैले प्रतिप्रश्न गरें- "टोलमै आएर आवेदन फाराम बुझ्ने, मिटर दिने, जडान गर्ने कार्य गर्यौं भने के मिटर लिनुहुन्छ त ?" यसो भन्दा उनीहरूले सहर्ष स्वीकार गरे । पाण्डेजीले त्यसै गर्नुभयो । दुई महिनापछि निरीक्षण गर्दा हुकिङ नगण्य मात्रामा थियो ।

त्यस्तै २०५२ साल तिरको कुरो हो, सप्तरीको एउटा गाउँमा पुग्दा माकुराको जालोजस्तो अङ्कुशे (हुकिङ) लगाइएको तारहरू देखी त्यहाँका बासिन्दाहरूसँग कुरा गर्दा उनीहरूको भनाइ पनि त्यस्तै थियो- "राजविराज शाखा कार्यालय यहाँबाट २० कि.मि. जति टाढा पर्दछ, यातायातको पनि राम्रो व्यवस्था छैन । मिटरको पछि लाग्दा छ/सात दिन लाग्दछ । हामी दैनिकी काम गरेर गुजारा गर्नेलाई गाह्रो परेन ?"

छ/सात महिनापछि सप्तरीकै अर्को गाउँमा जाँदा उनीहरूको भनाइ थियो- "प्राधिकरणले लाइन त तानिदियो, मिटर माग्न जाँदा, "मिटर छैन, तीन/चार महिनापछि आउँछ भन्यो । केटाकेटीले सडकको बत्ती देखेपछि कहाँ मन थाम्न सक्छन् र ? अङ्कुशे लगाएर बत्ती बाल्न थाले । यो कस्तो कुरो हो भने हजुर, आँगन नजिकैको आँपको रुखमा आँप पाकेको छ, साहुले बेच्दा पनि बेच्दैन र त्यसै खान पनि दिँदैन । केटाकेटीहरू कहाँ चूप लागेर बस्न सक्दछन् र ? चोरीहाल्छन् नि !" उनीहरूले भनेको कुरा आफ्नो ठाउँमा ठीकै थियो । लाइन तान्नुभन्दा अघि नै नेपाल विद्युत प्राधिकरणले मिटरको व्यवस्था गर्नु पर्दथ्यो । तर समुदायमार्फत् विद्युतीकरण गर्दा यस्ता समस्याहरू नगण्य रूपमै आउने गर्दछन् ।

(ख) **तत्काल सेवा** : ग्रामीण क्षेत्र भएकाले विभिन्न कारणहरूले गर्दा प्राधिकरणलाई खास गरेर लाइन मर्मत र नो-लाइट सेवा समयमै पुर्‍याउन कठिन हुन्थ्यो तर समुदायको क्षेत्रगत सीमितता र आफैँले व्यवस्थापन गर्ने हुँदा यसमा समस्या रहेन ।

(ग) **अपनत्व ग्रहण** : ग्राहकहरूको पनि १० प्रतिशत लगानी भएकाले विद्युतीकरणको कार्यमा अपनत्व आई कसरी यसलाई राम्रो र दिगो बनाउन सकिन्छ भन्नेतर्फ सबैको ध्यान स्वतः गएको देखिन्छ ।

(घ) **सेवामा सन्तुष्टी** : लाइन निर्माणपछि नियमित रूपमा मिटर जडान, मिटर रिडिङ्ग, महशुल सङ्कलन, नो-लाइट सेवा आदि कार्यहरू समुदाय आफैँले गर्ने हुनाले छिटोछरितो हुने भएकोले सन्तुष्टी हुने नै भयो ।

२.थोक (Bulk) मिटर रिडिङ्ग :

नेपाल विद्युत प्राधिकरणले बिलिङको लागि जडान गर्ने मिटर ट्रान्सफरमरको यल.टी. साइडमा राख्न लगाउनु संस्थाको लागि धेरै फाइदाजनक हुने छ । ट्रान्सफरमरमा विद्युत् प्रवाह भए पनि नभए पनि यसले तीन प्रतिशतजति विद्युत् ऊर्जा अर्थात् किलोवाट आवर (युनिट) खपत गरिरहेको हुन्छ । ट्रान्सफरमरको यच.टी. साइड (११ के.भी.) मा मिटर राखियो भने ट्रान्सफरमर आफैंले खपत गरको युनिट मिटरमा रेकर्ड भई अन्ततः सामुदायिक ग्राहकले तिर्नुपर्ने हुन आउँछ । उदाहरणको लागि, ५० के.भी.ए. को ट्रान्सफरमरले २४ घण्टामा करिब ३० युनिट र महिनामा ९०० युनिट जति खपत गर्दछ अर्थात् आफै खान्छ । एउटा ५० के.भी.ए. को ट्रान्सफरमरबाट १५० वटा ग्राहकहरूलाई विद्युत् वितरण भइरहेको छ र प्रतिव्यक्ति औसत खपत २० युनिट छ भने संस्थाको ग्राहक आफैँले खपत गरेको युनिट तीन हजार र ट्रान्सफरमर आफैँले खपत गरेको ९०० युनिट गरी

जम्मा तीन हजार ९०० युनिटको रकम प्राधिकरणलाई तिर्नु पर्ने हुन आउँछ र यस स्थितिमा विद्युत् चुहावट भने २३ प्रतिशतमा पुग्नेछ । प्राधिकरणको युनिटको हिसाबकिताब समष्टिमा अर्बमा हुने भएकाले ट्रान्सफर मरले खपत गर्ने युनिटले प्राधिकरणलाई खासै प्रभाव पार्दैन । केही कारणले एच.टी. मा नै मिटरिङ गर्नु परेमा ट्रान्सफरमरको तीन प्रतिशत खपत थोक मिटर रिडिङ्गबाट घटाउनु उपयुक्त हुने देखिन्छ ।

३.सिँचाइ महशुल दरमा समस्या :

शहर/बजारका बासिन्दाहरूले प्रयोग गर्ने कृषिजन्य सामग्रीहरू प्रायः ग्रामीण क्षेत्रहरूबाट नै आउँछन् । कृषिको लागि पानी नभई हुँदैन र यो पानी तान्ने पम्प डिजेल वा बिजुलीले चल्दछ । डिजेलभन्दा विद्युत् धेरै नै सस्तो हुने भएकाले कृषकहरू सकेसम्म विद्युत्तिर लाग्ने नै भए । प्राधिकरणले सोझै ग्राहकलाई कृषिको लागि विद्युत् बिक्री गर्दा प्रतियुनिट रु. २.२५ कायम गरेको छ, तर समुदायमार्फत् लिँदा प्रतियुनिट रु. ६.२५ पर्न आउँछ । झण्डै तीन गुणा महङ्गो ! किनभने प्राधिकरणले सामुदायिक थोक महशुल दरमा कृषिको लागि छुट्टै दर कायम नगरी सबैको लागि एउटै दर अर्थात् प्रतियुनिट रु. ६.२५ कायम गरेको छ । यसले गर्दा कृषकलाई ठूलो मर्का परेकाले विद्युत नियमन आयोग, प्राधिकरण र महासंघ भई समस्या समाधान गर्नुपर्ने देखिन्छ ।

४.आम्दानीको बाटो हुनुपर्ने :

विद्युत्को आगमनले घरआँगन उज्यालो पार्न, पङ्खा, हिटर, फ्रिज आदि उपकरणहरूको प्रयोगले जिन्दगी सुविधापूर्ण त बनाउँछ तर यसबाट खर्च पनि बढ्न जान्छ । यी खर्चहरू धान्नका लागि आम्दानी बढाउनुपर्ने हुन आउँछ । यसका लागि विद्युत्लाई घरेलु उद्योग, सिँचाइ आदि आयमूलक कार्यमा लगाउन सकियो भने ग्रामीण विद्युतीकरणले सार्थकता पाउनेछ । पहाडमा खोलानालाबाट विद्युतीय पम्पद्वारा पानी तानी खेतबारीमा सिँचाइ गर्न सकिन्छ र यसबाट उब्जनी बढ्न गई स्वतः आम्दानी बढ्ने हुन्छ । तराईमा विद्युत्बाट चल्ने डिपवेल बोरिङ गरी मौसमअनुसार बाह्रै महिना तरकारी र धानबाली उब्जाउन सकिन्छ । थोरै जमिन हुनेले दुई/चार जना मिली सामुदायिक रूपमा काम गरे यसले प्रतिव्यक्ति लगानी कम हुन जानेछ । लागिरहने हो भने नेपाल सरकारको विभिन्न कृषि कार्यक्रमहरू र पालिकाबाट पनि आर्थिक सहयोग पाउन सकिन्छ ।

(क) **सहुलियत विद्युत् महशुल दर** : सिँचाइलाई उच्च प्राथमिता दिन सिँचाइको विद्युत् महशुल दर प्रतियुनिट रु. २.२५ कायम गरिएको छ भने बत्तीको लागि अधिकतम् रु. ११ सम्म पनि पर्दछ । सिँचाइ ग्राहकले न्यूनतम् शुल्क दिनु पर्दैन । उदाहरणको लागि, केही कारणले छ महिना सिँचाइ पम्प नचले ग्राहकले प्राधिकरणलाई एक पैसा पनि तिर्नु पर्दैन । तराईतर्फ चार इञ्चको डिपवेल बोरिङलाई पाँच हर्सपावरको डिजल इन्जिनबाट चलाउँदा एक घण्टामा करिब रु. १५० को डिजेल (आश्विन २०८२ को दरअनुसार) लाग्दछ भने विद्युत्बाट चलाउँदा रु. १० भन्दा बढी लाग्दैन ।

(ख) **बेचबिखनको व्यवस्थापन** : उब्जनी बढाएर मात्र कृषकको समस्या समाधान हुँदैन, त्यसलाई सजिलै उचित मूल्यमा कसरी बेच्न सकिन्छ ? यो पनि ठूलो समस्या देखिन्छ । यसका लागि कोशी प्रदेशअन्तर्गतको धनकुटा, हिले आदि ठाउँहरूमा अपनाइएको सहकारी कृषि उपजको मोडेल प्रयोग गर्न सकिन्छ । अचेल प्रायः धेरै ठाउँहरूमा बस सेवाको पहुँच भइसकेकाले खास गरेर धेरै तरकारी खपत हुने सहरहरू काठमाडौँ, पोखरा, वीरगञ्ज आदि ठाउँहरूमा सहकारीअन्तर्गत सङ्कलन केन्द्रहरू बनाउने । कृषकहरूले बस/अन्य

साधनमार्फत् तरकारी पठाउने र ती शहरहरूमा खोलिएका सहकारी सङ्कलन केन्द्रहरूले बस स्टेशनबाट सङ्कलन गरी वितरणको व्यवस्था मिलाउने । यस्तो व्यवस्था गर्न सकिएमा कृषकले उचित मूल्य र उपभोक्ताले सस्तोमा तरकारी पाउने छन् ।

अहिले प्रायः देखिने बिचौलिया व्यवस्थामा कृषकले न्यून रकम पाउने, उपभोक्ताले धेरै रकम तिर्नुपर्ने तर बिचौलियाले भने अधिकतम फाइदा लिने गरेको देखिन्छ। उदाहरणको लागि, मुस्ताङमा कृषकले फुजी स्याउ प्रतिकिलो रु. १०० मा बेच्छन् भने अहिले (मार्ग २०८२) काठमाडौंको धुम्बाराहीमा यो स्याउ प्रतिकिलो रु. ४५० मा पाइने गर्दछ, कति दिनपछि आएको चाइनिज फुजी स्याउ भने रु. ३५० मै पाइन्छ। पाइलट प्रोजेक्टको रूपमा महासंघले यो कार्य गर्न सक्दछ र यस्तो कार्यमा दातृ निकायको सहयोगको अपेक्षा गर्न सकिन्छ। यो कार्यक्रम सफल भएमा कृषकहरूको उब्जनी कहाँ, कसरी बेच्ने भन्ने समस्याको समाधान हुने छ।

५. इन्डक्सन कुकर :

ग्रामीण क्षेत्रमा पनि इन्डक्सन कुकर निकै लोकप्रिय हुँदै गइरहेको छ। यसले बढी लोकप्रियता पाउनुमा चलाउन अति नै सजिलो, करेण्ट लाग्ने सम्भावना न्यून, आफू नताती पकाउने भाँडोलाई मात्र तताउने, ग्यासभन्दा आधै सस्तो र चाँडै नै पाक्ने भएकाले यसको प्रयोग बढ्दो छ। यसलाई बढी समयसम्म टिकाउ बनाइराख्न निम्न कार्यहरू गर्न भने बिर्सनुहुन्न ः

(क) इन्डक्सन कुकरलाई चालू गर्न यसको तारमा जडान गरिएको प्लगलाई भित्तामा रहेको सकेट स्वीचसँग जोडिने गरिन्छ। कुकरलाई बन्द (अफ) गर्न कुकुरमा नै रहेको स्वीचलाई मात्र बन्द गर्नु पर्दछ। कुकरमा रहेको स्वीचमात्र बन्द गर्दा केही बेरसम्म यसभित्र रहेको पङ्खा चलेर तातिएका पार्टपूर्जाहरूलाई चिसो पारेर पूर्व अवस्थामा ल्याइदिन्छ। पङ्खा चलेको आवाज यत्तिकै पनि सुन्न सकिन्छ। भित्तामा रहेको स्वीच बन्द गर्ने हो भने पङ्खा चल्न नपाई कुकर चाँडै बिग्रनेछ। भित्तामा रहेको स्वीच बन्द नै गर्न मनलागे पङ्खाको आवाज बन्द भएको एक-दुई मिनेटपछि मात्र बन्द गरे हुन्छ।

(ख) त्यस्तै पङ्खाले हावा तान्ने प्वालहरूमा जम्मा भएको फोहोरहरू पाँच/छ महिनामा सफा गरिराख्नु पर्दछ। सो गरिएन भने पङ्खाले हावा तान्न नपाई बिग्रने सम्भावना उत्तिकै रहन्छ। यी प्वालहरू कुकरमुनि रहेको कभर (ढक्कन) मा रहन्छ।

हरेकको केही न केही अवगुण भएजस्तै यो कुकरको पनि अवगुण छ, त्यो के हो भने आल्मुनियमको भाँडा र कास्ट आइरनले बनेको कन्ती (कराई) यसमा काम लाग्दैन तर अचेल प्रायः सेतो टलक्क चम्किने स्टील (स्टेनलेस स्टील) को भाँडा प्रयोग गरिने भएकाले यस्तो भाँडामा समस्या आउँदैन। तापनि, भाँडा किन्दा इन्डक्सन कुकरमा काम गर्छ कि गर्दैन ? भनी सोध्नु राम्रो। यो र यस्तै अन्य विद्युतीय उपकरणहरूको अलि बढी नै ज्ञान प्राप्त गर्ने इच्छा छ भने यस पङ्क्तिकारले महासंघलाई उपहार दिएको 'विद्युत उत्पादन, प्रसारण र वितरण'नामक पुस्तकको पेज नं. २३४ देखि हेर्न सकिन्छ।

६. दुर्घटनाको न्यूनीकरण :

विद्युतीय दुर्घटनाहरू प्रायः ग्रामीण क्षेत्रमै बढी हुने गरेको देखिन्छ। यसको मुख्य कारण लाइन निर्माणको कार्य निश्चित मापदण्डअनुसार नहुनु हो। गुणस्तरयुक्त कार्य

भएको अवस्थामा न्यून दुर्घटना हुने र घरिघरि लाइनको समस्या आउँदैन । लाइन निर्माण भएपछि सञ्चालन, सम्भारको दायित्व सामुदायिक संस्थाको नै हुने भएकाले लाइन निर्माण कार्य निर्माणसंहिता (Distribution Line Construction Standard) अनुसार छ वा छैन ? त्यसतर्फ पनि संस्था चनाखो हुनु पर्दछ । यसका लागि प्रत्येक संस्थाले नेपाल विद्युत प्राधिकरणले तयार पारिराखेको उल्लेखित लाइन निर्माण संहिताको एकप्रति अनुगमनको लागि राखिराख्नु पर्दछ ।

७. अन्तमा, निर्माणको कार्य ठेकेदारले गरिदिन्छ तर निर्माणपछिको मर्मतसम्भारको कार्य, त्यसमाथि पनि ग्रामीण क्षेत्रको त निकै कठिन हुने कुरो हाम्रो अगाडिको सडकहरू र अन्य संरचनाहरूले भनिरहेका छन् । विद्युत्का यी कार्यहरू त्यसमा पनि ग्रामीण क्षेत्रहरूको त झनै कठिन हुन्छन् । २४ घण्टा नै आपूर्ति भई रहनुपर्ने, तल-माथि भयो भने ज्यान नै जाने र विद्युत् चोरीको उत्तिकै डर र त्रास । यो परिप्रेक्ष्यमा प्राधिकरणको ठूलो भार सामुदायिक ग्रामीण संस्थाहरूले बोकिरहेको, प्राधिकरण जस्तो विशाल र सर्वसम्पन्न संस्था आफैँले जन्माएको र ९० प्रतिशत आफ्नै पनि लगानी रहेकाले यसलाई कसरी अझै उचाईमा पुऱ्याउन सकिन्छ भन्नेतर्फ पनि प्राधिकरणले निरन्तर ध्यान दिन आवश्यक देखिन्छ ।

प्राधिकरण वा संस्था जो भए पनि अन्तिम लक्ष्य त जनतालाई छिटोछरितो सेवा दिनु नै हो । सेवाको प्रभावकारिता, प्राधिकरणलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग, समुदायको विद्युतीकरणमा संलग्नता विद्युत् चुहावट न्यूनीकरण, विद्युत् संरक्षणमा अपनत्व जस्ता विषयलाई नियाल्दा सामुदायिक विद्युतीकरणलाई न्यूनीकरण होइन यसको विस्तार र थप व्यवस्थापन गर्न आवश्यक भएको प्रारम्भदेखि हालसम्मको अनुभवले भनिरहेको छ ।



मिश्रित ऊर्जा विकास अपरिहार्य

नेपाल ऊर्जा स्रोतमा धनी देशको रूपमा चिनिन्छ। जलविद्युत्, सौर्य, हावाजन्य, बायोग्यास, बायोमास, भूतापीय जस्ता नवीकरणीय स्रोतहरू नेपालमा स्वाभाविक रूपमा उपलब्ध छन् । उर्जा उत्पादन र उपयोगमा नेपालका नीतिहरू विगत लामो समयसम्म जलविद्युत्मा मात्र केन्द्रित रहेकाले ऊर्जाका स्रोतको प्रयोगमा सम्भावना भए पनि मिश्रित ऊर्जाका रूपमा यसको सदुपयोगमा कमी आएको छ। यद्यपि यसले विद्युतीकरणमा केही उपलब्धि दिलाए पनि ग्रामीण जीवनशैली, बसाइँसराइ, भौगोलिक कठिनाइ र लागत व्यवस्थापनमा ठुलो चुनौती सामना गर्नु परेको छ। पछिल्लो समय मिश्रित ऊर्जा प्रणालीको अवधारणाले ती चुनौती समाधान हुने सम्भावना बढाएको छ। बिस्तारै मिश्रित ऊर्जा प्रणालीतर्फ धेरैलाई ध्यानाकर्षण गराएको छ। जसले भविष्यमा मिश्रित ऊर्जा प्रणालीको आवश्यकता र औचित्य साबित गर्न सक्ने छ।

एकमुखी प्राथमिकता

नेपालको ऊर्जा नीतिमा जलविद्युत् नै मुख्य स्रोत मानियो । नदीनाला प्रशस्त भएका कारण यस्तो सोच आउनुलाई अस्वाभाविक मान्न सकिँदैन। परिणामस्वरूप जलविद्युत् उत्पादन, सबस्टेसन, विद्युत् प्रसारण लाइनमा ठुलो सरकारी तथा निजी लगानी भयो। तीन प्रमुख समस्याले यस रणनीतिलाई चुनौती दियोः पहिलो गाउँबाट सहरतर्फ बसाइँसराइ वृद्धि हुँदै जानु, दोस्रो पहाडी भौगोलिक क्षेत्रका संरचना निर्माणको लागत बढी हुनु र तेस्रो विद्युत् प्रसारणमा वनजङ्गलका कारण ठुलो नोक्सानी तथा कठिनाइ हुनु। यस्तो अवस्थामा कैयौँ स्थानमा पोल तानियो, ट्रान्सफर्मर जडान भयो। बसाइँसराइँका कारण ती गाउँ खाली भइसके, संरचना प्रयोगविहीन भयो, लगानी डुब्यो। हामीले नीति निर्माण गर्दा जलविद्युत् केन्द्रित मात्र नभई मिश्रित ऊर्जातर्फ मोड्ने प्रकृतिका नीति निर्माण गर्न सकेको भए स्थानीय स्तरमा मिश्रित ऊर्जा प्रणालीको विकास हुने थियो। बढ्दो बसाइँसराइले आर्थिक रूपमा असर पर्ने थिएन।

सौर्य ऊर्जा उपेक्षित

नेपालमा तीन सय दिनभन्दा बढी स्पष्ट घाम लाग्ने दिन हुन्छ । ग्रामीण विद्युतीकरणमा सौर्य ऊर्जा उपकरणलाई नीति स्तरमै प्राथमिकता दिइएन। पहाडी विकट क्षेत्रहरूमा साना साना सौर्य पूर्वाधार राखिएको भए प्रसारण लाइन तान्नुपर्ने थिएन। स्थानान्तरण गर्न सरल र सहज हुन्थ्यो भने लागत धेरै घट्थ्यो, छिट्टै ऊर्जा उपलब्ध हुन्थ्यो, त्यसैले हामीले त्यो अवसर गुमायौँ। अझै पनि ग्रामीण क्षेत्रमा भोल्टेज सुधार प्रणाली सुदृढीकरण ससाना उद्योग स्थापना गर्न पर्ने अवस्था छ। सौर्य ऊर्जालाई अधिकताम उपयोग गर्न सकेमा मिश्रित ऊर्जा प्रणालीमा प्रयोग गर्न सकिने छ।

मिर्श्रित ऊर्जा प्रणाली

मिश्रित ऊर्जा भन्नाले विभिन्न स्रोतलाई एकसाथ प्रयोग गरेर ऊर्जा उत्पादन गर्ने संयन्त्र हो। जलविद्युत् र सौर्य, सौर्य

बाँकी ७९ पेजमा ......

ग्रामीण विद्युत बचत तथा ऋण सहकारी संस्था लि.

बैजनाथ–२, बाँके

बाँके जिल्लाको कोहलपुरदेखि उत्तर-पश्चिमतिर अवस्थित बैजनाथ गाउँपालिका वडा नं. २ र ३ का विद्युत् सेवा पाउनबाट बञ्चित जनतालाई विद्युत् सेवाको पहुँच पुऱ्याउने उद्देश्यले २०६२/६/३ गते विधिवत दर्ता भई ग्रामीण समाज विकास सामुदायिक संस्थाले वैधानिक हैसियत प्राप्त गरेको थियो । प्रारम्भिक चरणमा कार्यसमिति पदाधिकारीहरुबाट र २०६३ सालमा संस्थाका तर्फबाट देउसी भैंली कार्यक्रम सञ्चालन गरी आर्थिक स्रोत जुटाइएको थियो । विद्युतीकरण कार्यको लागि सामुदायिक ग्रामीण विद्युतीकरण विभागमा प्रस्ताव पेश भई २०६३/३/२८ गते सम्झौता समेत सम्पन्न भएको थियो । प्रथम चरणमा स्वीकृत कार्यक्रमको अनुमानित लागत रु.एक करोड २५ लाख ८० हजार ९३२.६३ रहेकामा समुदायको तर्फबाट ब्यहोर्नु पर्ने २० प्रतिशत रकम स्थानीय उपभोक्ताहरु, श्री माझी सामुदायिक वन उपभोक्ता समूह, श्री शिवशक्ति महिला सामुदायिक वन उपभोक्ता समूह, श्री सुनगाभा सामुदायिक वन उपभोक्ता समूह, नौवस्ता गाविस र जिविस, बाँकेबाट रकम सङ्कलन गरिएको थियो । नपुग रकम सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको पहलमा जिआइजेडको सहयोगमा ने.वि.प्रा.मा स्थापित आवर्ती कोषबाट ऋण सहयोग लिई कार्यक्रम सम्भौता गर्न सफल भएका थियो ।

हालसम्म संस्थाको कार्यक्षेत्रभित्र विद्युतीकरणको लागि पाँचौ चरणसम्म प्रणाली सुदृढीकरण समेतको कार्यको लागि करिब ४६ लाख रुपैयाँ जम्मा गरिएको छ। हाल छैठौं चरणको प्रणाली सुदृढीकरणको कार्यक्रम निर्माणाधीन अवस्थामा रहेको छ। विजुलीलाई बत्ती बाल्ने कार्यमा मात्र सीमित नराखी विद्युत्को परिप्रयोगबाट उद्यमशीलताको विकास गरी संस्था र सदस्यलाई सक्षम र आत्मनिर्भर बनाउनको लागि वित्तीय सेवा समेत प्रदान गर्दा दिगो तथा प्रभावकारी हुने भएको र सो कार्य सहकारीबाट मात्रै सम्भव हुने भएको महसुस गरी संस्थालाई २०७०/७/१५ गतेदेखि सहकारीमा रुपान्तरण गरी सञ्चालनमा रहेको छ।

१. संस्थाको सांगठनिक अवस्था :

- शेयर सदस्य : १४६८ जना, त्यसमध्ये महिला ९४१ पुरुष ५२७
- समूह संख्या : ७८
- विद्युत् उपभोक्ता : ३२१८ जना
- संचालक समिति सदस्य : नौ जना रहेको छ, जसमा महिला तीन पुरुष छ जना
- लेखा समिति पदाधिकारी सदस्य : तीन जना, जसमा महिला एक पुरुष दुई जना
- ऋण उपसमिति : तीन जना, महिला दुई पुरुष एक जना

- नीति निर्माण उपसमिति : दुई पुरुष एक महिला
- शिक्षा उपसमिति : दुई महिला एक पुरुष
- ट्रान्सफरमर संरक्षण उपसमिति : सात जसमा मकैबारी, जव्दहवा, गुनापुर, दक्षिण लधौरा, उत्तर लधौरा र नयाँबस्ती

२. संस्थाको कार्यालय संचालन :

- आफ्नै कार्यालय भवनबाट आठजना कर्मचारी मार्फत सेवा प्रबाह गरिरहेको ।
- संस्थाको दैनिक कार्य सम्पादन पारदर्शी, सुशासनयुक्त र प्रविधिमैत्री बनाउनका लागि ४ वटा डेस्कटप कम्प्युटर र एक वटा ल्यापटपबाट अत्याधुनिक कम्प्युटर सफ्टवेयर प्रयोग गर्नुका साथै वित्तीय विवरण मासिक रुपमा सार्वजनिक गर्ने गरिएको ।
- संस्थागत सुशासनका लागि संस्थाको ३३ नीति लागू गरिएको छ ।
- संस्थाका कर्मचारीको सुनिश्चित भविष्यका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध ।
- संस्थाको सम्पत्ती संरक्षणको लागि सिसिटिभी र सुरक्षा गार्डको व्यवस्था गरिएको ।
- संस्थाको लागि विद्युतीय स्कुटर खरिद गरिएको ।
- आगोजन्य दुर्घटनालाई नियन्त्रण गर्न अग्नी नियन्त्रक उपकरण (फायर एक्स्टिङगुइसर) जडान ।

३. संस्थाबाट प्रदान गरीएका कार्यक्रम र सेवा :

- कार्यक्षेत्रभित्रका सबै जनताको घरमा विद्युत् सेवा प्रवाह
- घरदैलोबाट विद्युत् महशुल सङ्कलन
- विद्युतीय सामग्रीको सहकारी पसल सेवा सञ्चालन
- बचत तथा ऋण तथा रेमिट्यान्स सेवा
- आंशिक अनुदानमा विद्युतीय चुलो कार्यक्रम सञ्चालन
- बैंक खातामा रकम ट्रान्सफर सेवा
- संस्थाको विनियम अनुसार सदस्यलाई संरक्षित पुँजी फिर्ता
- जीवन बिमा तथा ऋण बिमा सेवा
- अनलाईन सेवामार्फत स्कुल फिस, खानेपानी तथा विद्युत् बिल भुक्तानी सेवा
- हवाईजहाजको टिकट खरिद सेवा
- बिना धितो समूह जमानीमा रु दुई लाख र धितो सुरक्षणमा रु १० लाखसम्म ऋण लगानी
- संस्थाको हाताभित्र फ्रि वाइफाई सेवा प्रदान

४. संस्थाबाट सञ्चालित विशेष कार्यक्रम :

- कोरोना महामारीका अवधिमा विद्यालयमा प्रयोग भएको विद्युत् महशुल मिनाहा
- कोरोना सङ्क्रमण शेयर सदस्यलाई एक महिनाको विद्युत महशुल मिनाहा
- कोरोनाबाट मृत्यु भएका सदस्यको एक वर्षको विद्युत् महशुल मिनाहा
- लैंगिक समानता र सामाजिक समावेशीकरणका लागि दलित, एकल महिला तथा अपाङ्ग सदस्यलाई विद्युत् महशुलमा १० प्रतिशत छुट प्रदान
- अपाङ्ग सदस्यको लागि ऋणको ब्याज दरमा १ प्रतिशत छुट
- सदस्यको मृत्यु भएमा हकवालालाई रु २५

हजार क्रियाखर्च उपलब्ध गराइएको र एक महिनाको विद्युत् महसुल मिनाहा

- उपभोक्ताको हकमा विद्युत् मिटर धनीको मृत्यु भएमा एक महिनाको विद्युत् महशुल मिनाहा गर्ने
- विपन्न सदस्यहरुलाई दैवी प्रकोपमा आर्थिक सहयोग प्रदान
- घातक रोग लागेका सदस्यलाई उपचारको लागि अर्थिक सहयोग प्रदान
- जिआइजेड/एन्डेभसँगको सहकार्यमा ७१३ घर धुरीलाई निःशुल्क मिटर वितरण
- जिआइजेड/एन्डेभसँगको सहकार्यमा कार्यक्षेत्र भित्रका ९०० पोलहरुमा सडक बत्ती जडान
- विद्युतीय चुलो प्रयोग गर्ने उपभोक्तालाई विद्युत महशुलमा १० प्रतिशत छुट
- श्रीअगा अस्पताल कोहलपुरमा शेयर सदस्य र परिवारलाई उपचारमा छुट उपलब्ध गराउने गरी सम्झौता गरिएको ।
- सदस्य एवं उपभोक्तालाई सुपथ मूल्यमा बल्व उपलब्ध गराउनका लागि संस्था आफैंले बल्व उत्पादन कार्यको थालनी गरेको ।

५. उद्यमशीलता विकाससम्बन्धी विवरण :-

विद्युत्को उत्पादनमुलक उपयोगको प्रबर्द्धनात्मक कार्यक्रमबाट तालिम, अध्ययन, अवलोकन भ्रमण आदि गराएर आफूले चाहेको व्यवसाय गर्न सक्ने बनाएको छ।

निम्न :-

- मोटर पङ्खा मर्मत गर्ने र विद्युतीय उपकरण बिक्री गर्ने : ४
- कुखुरापालन व्यवसाय : २०
- सिलाईकटाई गर्ने : १
- वेल्डिङ व्यवसाय : १
- माछापालन व्यवसाय : १
- पशुपालन व्यवसाय : ४
- कृषि मिटर : १०८
- कुटानी पिसानी मिल : ७
- फर्निचर : २
- अटो रिक्सा : १०

साथै, जिआइजेड एण्डेभ र महासंघसँगको सहकार्यमा चार जना उद्यमीलाई सहुलियत कर्जा उपलव्ध गराई हाल इलेक्ट्रिक रिक्सा, आधुनिक राइस मिल स्तरोन्नति, फर्निचर तथा आइसक्रिम पसल सञ्चालन गरी सदस्यहरुको आय आर्जनको अवसर श्रृजना भएको र संस्थालाई पनि विद्युत् खपत वृद्धिमा टेवा पुगिरहेको छ ।

६. विशेष सहयोग :

जिआइजेड एण्डेभबाट प्रत्यक्ष अनुदान तथा आवर्ती कोषमार्फत ऋण समेत गरेर निम्नानुसार कार्यक्रममा सहयोग प्राप्त भएका छन् :

१. आवर्ती कोषबाट ऋण सहयोग रु.४० हजार,
२. घनत्व वृद्धि कार्यक्रमअन्र्तगत ७१३ विपन्न घरधुरीलाई निःशुल्क मिटर उपलब्ध गराउनका लागि रु. २५ लाख १६ हजार ८९० अनुदान प्राप्त,
३. संस्थाको कार्यक्षत्रभित्रका सबै पोलहरुमा सडकबत्ती जडानको लागि ९०० वटा सडकबत्तीको रु. अनुदान प्राप्त,
४. चौथो चरणको प्रणाली सुदृढीकरणको कार्यक्रमको लागि संस्थाको तर्फबाट दाखेला गर्नुपर्ने रकम नपुग भएकोमा महासंघमार्फत रु. ५ लाख ऋण सहयोग प्राप्त,

५. उद्यमशीलता विकासको लागि महासंघमार्फत रु. १५ लाख र दोस्रो चरणमा रु १६ लाख ऋण सहयोग प्राप्त,

६. उद्यमशीलता विकासका तालिम, अवलोकन भ्रमण आदि सहयोग प्राप्त भएका छन्

७. भावी योजना :

१. विदेशबाट आउने रेमिट्यान्स रकम सोझै सदस्यको खातामा जम्मा हुने गरी कारोवार सञ्चालन गर्ने

२. विद्युतीय सवारी साधनको संख्या वृद्धि भएमा चार्जिङ स्टेशनको स्थापना

३. संस्थाको भवनको तला थप्ने

८. संस्थाको आवद्धता :

- श्री सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपाल
- श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
- श्री राष्ट्रिय सहकारी बैंक लि.
- श्री जिल्ला सहकारी संघ लि.
- श्री जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- श्री सामाजिक सुरक्षा कोष बबरमहल काठमाडौँ
- श्री हव को-अपरेटिभ सर्भिस लिमिटेड, काठमाडौँ
- श्री कोपोमिस प्रणाली
- श्री गो एमएल प्रणाली

९. संस्था पुरस्कृत :

- श्री सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालबाट २०६८ सालमा नेपालकै उत्कृष्ट संस्थाको रुपमा पुरस्कृत ।
- श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय नेपालगञ्ज बाँकेबाट २०७३ सालमा बाँके जिल्लाको उत्कृष्ट सहकारी पुरस्कार प्राप्त ।
- श्री जिल्ला सहकारी संघ लि. बाँकेबाट उत्कृष्ट कारोबार संस्था २०७८ बाट पुरस्कृत ।

१०. बचत तथा ऋणतर्फ :

सदस्यको आर्थिक सामाजिक रुपान्तरणका लागि आयआर्जन गर्न निमित्त उत्पादनमूलक ऋण जस्तै : कृषि, पशुपंक्षी व्यवसाय, व्यापार व्यवसाय र उद्यमशीलता विकासका लागि विपन्न सदस्यको अवस्थालाई मध्यनजर गर्दै बिना धितो समूह जमानीमा लघुकर्जा समेत उपलब्ध गराउँदै सदस्यलाई आवश्यक पर्ने सामाजिक ऋण जस्तैः आपत्कालीन ऋण, औषधि उपचार ऋण, शैक्षिक ऋण, वैदेशिक रोजगार ऋण उपलब्ध गराईएको छ । साथै विवाह, ब्रतबन्ध र मृत्यु संस्कारलगायत घरजग्गा खरिद तथा घर निर्माणको लागि पनि ऋण सेवा प्रदान गर्दै आएको छ । ग्रामीण क्षेत्रमा सहकारी संस्थाको माध्यमबाट विद्युतीकरण, उद्यमशीलता तथा विविध रोजगारमूलक कामहरु गर्दै कुनै न कुनै प्रकारले सरकारको लक्ष्य पूरा गर्न विद्युत्मा आधारित सहकारी संस्थाले कार्य गर्दै आइरहेका छन्, जुन बाटो समाजवाद उन्मुख बाटो हो भन्दा अत्युक्ति हुने छैन ।

संस्थाको कार्यालय भवन ।

संस्था परिचय :

सामुदायिक विद्युतीकरण : शान्तिपुरको उज्यालो यात्रामा सहकार्यको अद्वितीय नमूना

शान्तिपुर इलाकामा आज घर-घरमा बलेको विद्युत्को उज्यालो केवल प्रविधिको उपलब्धि मात्र होइन, यो समुदायको एकता, समर्पण र सामूहिक प्रयासले हासिल गरेको ऐतिहासिक सफलता हो । सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समूहले प्रारम्भ गरेको अभियान स्थानीय सहभागिता, पारदर्शी नेतृत्व र सबै राजनीतिक दलहरूको साझा प्रतिवद्धताको कारण देशका अन्य स्थानका लागि प्रेरणादायी नमूना बनेको छ ।

१. जनसहभागिता : विकासको आधारस्तम्भ

यस क्षेत्रमा विद्युत विस्तार केबल सरकारी योजनाको भरमा गरिएको काम होइन । स्थानीय बासिन्दाहरूको सक्रिय संलग्नता, श्रमदान र आर्थिक सहयोगले यस अभियानलाई उत्कृष्टताको स्वरूप दिएको छ । भौतिक पूर्वाधार निर्माणदेखि नियमित मर्मतसम्भारसम्म समुदाय आफैंले जिम्मा लिनु र समस्यामा एकजुट भएर उभिनु यहाँको प्रमुख विशेषता हो ।

२. सामुदायिक सहकार्य :

उपभोक्ता समूहले वितरण लाइनको निरन्तरता, क्षतिग्रस्त सामग्रीको प्रतिस्थापन, ट्रान्सफर्मर व्यवस्थापन, बिल सङ्कलन, ग्राहक सेवा र कार्यालय व्यवस्थापनलाई व्यवस्थित रूपमा अघि बढाइरहेको छ । नियमित साधारण सभा तथा अधिवेशन, निर्णय प्रक्रियाको पारदर्शिता र नीतिगत स्पष्टताले संस्थालाई विश्वसनीय बनाएको छ । यसरी समुदायले हाम्रो विद्युत्, हाम्रो जिम्माको भावनालाई व्यवहारमै उतार्न सफल भएको देखिन्छ ।

३. राजनीतिक दलहरूको एकता

सामुदायिक विकासका सवालमा राजनीतिक मतभेदभन्दा माथि उठेर सबै दलहरू एकै ठाउँमा उभिनु कुनै सामान्य घटना होइन । विद्युत् जस्तो आधारभूत आवश्यकता पूरा गर्ने लक्ष्यतर्फ सबैको सहमति पुग्नु विकासका लागि कति महत्वपूर्ण सहमति हुनसक्छ भन्ने उत्तम उदाहरण शान्तिपुरले दिएको छ । यही एकताले विद्युत् विस्तारमा अवरोध हटाइदियो, निर्णयहरू छिटो भए, अनि समुदायभित्र विश्वास, सहयोग र सकारात्मकताले स्थान पायो ।

४. उज्यालोसँगै आएको परिवर्तन

विद्युतीकरणले यहाँका दैनिक गतिविधिमा व्यापक परिवर्तन ल्याएको छ ।

- घर-घरमा बिजुली र सुविधा बढ्यो,

- साना उद्योग तथा उद्यमशीलता विस्तार भएका छन्,
- विद्यार्थीका अध्ययन वातावरण सहज बनको छ,
- सूचना-प्रविधिमा पहुँच बढेको छ,
- महिलाहरूको घरेलु श्रमभार पनि घटेको छ,
- विद्युतीय चुल्हो भित्रियो र प्रयोग बढेको छ ,
- विद्युत महासंघसँग सम्बन्ध प्रगाढ भयो

यति मात्र होइन, सम्पूर्ण क्षेत्र विकासको मूलधारमा जोडिँदै गएको छ।

५. संस्थाले सञ्चालन गरेका गतिविधिहरु

लाइनको निरन्तरता, नियमितता, लाइन आपूर्तिमा क्रियाशील, प्रत्येक लोडसेन्टरहरुमा ग्राहकहरुको पाएक पर्ने ठाउँबाट विद्युत् महशुल सङ्कलन गर्ने व्यवस्था मिलाइएको, निरन्तर मर्मतसम्भार गरिएको, एच. टी. लाइनको समेत रेखदेख र मर्मत गर्ने गरिएको, जगेडा ट्रान्सफर्मरको व्यवस्था गरिएको, नियमित कार्यालय सञ्चालन, कम्प्युटरको व्यवस्था गरिएको, सञ्चालक समितिको हरेक महिनाको १४ गते मासिक बैठक गर्ने गरिएको, संस्था सञ्चालनको समीक्षा गरिएको, कार्य विभाजन गरी संस्थालाई चुस्त-दुरुस्त राख्ने गरिएको छ। उपभोक्तामैत्री व्यवहार, स्थानीय सरकारसँग समन्वय, नियमित बुस कटिंङ गरी प्राविधिक चुहावटलाई न्यूनीकरण गर्न सफल भएको छ।

६. उज्यालोको भविष्य : सामुदायिक यात्राको निरन्तरता

शान्तिपुर इलाका सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समूहले निरन्तर गर्दै आएको कार्यालय व्यवस्थापन, लेखापरीक्षण, सदस्य अद्यावधिक, सुरक्षा सचेतना व्यवस्थापन, लाइन विस्तार तथा मर्मतजस्ता कार्यहरूले सामुदायिक संस्थाहरू कति सक्षम, उत्तरदायी र प्रभावकारी हुन सक्छन् भन्ने प्रमाणित गरेको छ। समुदायको एकता, राजनीतिक दलहरूको साझा भावना र स्थानीय नेतृत्वको प्रतिबद्धताले घर-घर उज्यालो पुगेको आज शान्तिपुरले एउटा महत्वपूर्ण सन्देश दिएको छ। विकास पैसाले मात्र होइन, सहकार्य, विश्वास र सामूहिक इच्छाशक्तिले सम्भव हुन्छ।

गुल्मी चन्द्रकोट गाउँपालिका-स्थित शान्तिपुर इलाका सामुदायिक विद्युतीकरण उपभोक्ता समूहले २८ वटा लोडसेन्टरमार्फत तीन हजार ३५० घरधुरीमा विद्युत् सेवा सफलतापूर्वक विस्तार गरिएको छ। सेवाको सुदृढ व्यवस्थापनका लागि समूहका सञ्चालक सदस्यहरूले पूर्ण रूपमा स्वयंसेवी भावनाका साथ जिम्मेवारी निर्वाह गर्दै आएको अवस्था छ भने संस्थामा सात जना कर्मचारीले पारिश्रमिकसहित नियमित सेवा प्रदान गरिरहेका छन्। समूहले स्थायी र सुरक्षित सेवा व्यवस्थापनका लागि आफ्नै भवन निर्माण गरेको छ र आधुनिक पारदर्शी प्रशासनका लागि सफ्टवेयरमार्फत लेखा तथा वित्तीय व्यवस्थापन सञ्चालन गर्दै आएको छ। यसरी व्यवस्थित संरचना, स्वयंसेवी समर्पण, दक्ष जनशक्ति र आधुनिक प्रणालीको संयोजनले शान्तिपुर इलाका सामुदायिक विद्युतीकरण उपभोक्ता समूहलाई समुदाय सेवामा एक उदाहरणीय संस्थाका रूपमा स्थापित भएको छ। शान्तिपुरको यो उज्यालो यात्रा केवल इतिहास होइन, देशभरि फैलिनसक्ने सामुदायिक विकासको उत्कृष्ट मार्गदर्शन पनि हो।

संस्थाको कार्यालय भवन ।

सामुदायिक विद्युतीकरणमा कार्बन उत्सर्जनको महत्व र यसबाट लिन सकिने लाभ

कृष्णप्रसाद भण्डारी

नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल विद्युत् प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण र वितरणलाई प्रभावकारी बनाउँदै विद्युत् उत्पादनमा निजी क्षेत्रको समेत लगानी विस्तार भइरहेको अवस्था छ । प्रसारण लाइनको सम्पूर्ण जिम्मेवारी नेपाल विद्युत प्राधिकरणमा निहित रहे तापनि पछिल्लो चरणमा निजी क्षेत्रलाई पनि लगानी गराउने नीति अवलम्बन भइरहेको छ। वितरणको क्षेत्रमा जनसहभागिता परिचालन गर्ने उद्देश्यबाट नेपाल विद्युत् प्राधिकरणले २०६० सालबाट समुदायलाई पनि जिम्मेवारी बनाउने उद्देश्यबाट प्रेरित भएको देखिन्छ। यो सकारात्मक पक्ष हो ।

सामुदायिक विद्युतीकरण कार्यक्रममा ८० प्रतिशत सरकारी निकाय र २० प्रतिशत जनसहभागिताबाट परिचालित यो कार्यक्रम दिगो र निकै नै प्रभावकारी भइरहेको देखिएको छ । यही उद्देश्यलाई आत्मसाथ गर्दै २०६२ साउन ११ गते सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको स्थापना भएको हो । यसको अवधारणापत्रमा १६ वटा सूचक उद्देश्यमा समेटिएका छन्। ती सूचकहरुको प्रभावकारी कार्यान्वयन गर्ने र ग्रामीण समुदायलाई सर्बसुलभ विद्युत् वितरण गर्ने चुनौतीका बाबजुद महासंघको अवधारणा आउनु स्वागतयोग्य कदमका रुपमा लिनुपर्ने हुन्छ ।

यसका अतिरिक्त समुदायमा आधारित थप रुपमा परिष्कृत गर्ने उद्देश्यबाट नेपालको दुर्गम क्षेत्रमा रहेका ग्रामीण इलाकामा आधुनिक ऊर्जाको दीर्घकालीन पहुँच पुऱ्याउनु थियो। नेपाल विद्युत् प्राधिकरण अन्तर्गत रहेको सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमलाई जर्मन सहयोग संस्था (Endev) द्वारा कार्यान्वयन गरिएको सामुदायिक विद्युतीकरणको घनत्व वृद्धि कार्यक्रम सञ्चालन हुनुले पनि यसको महत्व झन् बढेको छ। यस

कार्यक्रमको उद्देश्य विद्युत् सेवा पुगेका क्षेत्रहरुमा विपन्न तथा आर्थिक अवस्था कमजोर भएका घर परिवारको सेवा समेत विद्युत्मा पहुँच पुऱ्याई विद्युत् उपभोग बढाउने विषयले थप महत्व बढेको स्पष्ट हुन आउँछ।

दिगो विकासको लक्ष अनुरुप ग्रामीण ऊर्जा क्षेत्रमा किटान गरिएको बढ्दो एलपी ग्यासको खपत कम गर्न सन् २०३० सम्म ४५ प्रतिशत घरधुरीको सीमासम्म कायम गर्ने उल्लेख छ। हामी अनुमान गर्न सक्छौं कि देशैभर करिब ७० लाख शहरी र ग्रामीण चुलोमा भरपर्दो Clean cooking विद्युतीय चुलो वितरण गर्ने हो भने ५-६ हजार मेगावाट विद्युत् खपत वृद्धि हुनेछ।

यसको अतिरिक्त अन्य घरेलु उपयोगमा समेत वृद्धि हुने नै छ। यस अभियानमा सामुदायिक संस्थाहरुले सरकारलाई सहयोग पुऱ्याउँदै आएका छन्। मुलुकमा पूर्णरुपमा विद्युतीकरण गर्ने लक्ष्य नजिक पुगे पनि गुणस्तरीय विद्युत् आपूर्ति हुन नसक्दा एलपि ग्यासमा नै भरपर्ने बाध्यता आइरहेको छ। त्यसैले विद्युत्को वितरण व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेको सामुदायिक विद्युतीकरण कार्यक्रमलाई दिगो गुणस्तरीय भरपर्दो प्रभावकारी बन्नुपर्ने छ। उपभोक्तामुखी बनाउन राज्य र यसलाई सघाउने अन्तर्राष्ट्रिय संघसंस्थाहरुले पर्याप्त सहयोग पुऱ्याउनुपर्ने समय आएको छ।

अहिले विश्व महामारीमा परेको जलवायु परिवर्तनको सङ्कटले गर्दा यस्ता ग्रामीण विद्युतीकरणलाई असर पार्नु हुँदैन। यसबाट ग्रामीण उपभोक्ताले लाभ लिन सकून् र जलवायु परिवर्तनको कारणले यसलाई थप असर पर्न नसकोस्। कार्बन उत्सर्जन घटाउन मद्दत गर्ने यस अभियानले हालसम्म मुलुकभर करिब ५५ जिल्लामा ३०० भन्दा बढी सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरुमार्फत् करिब छ लाख घरधुरीमा विद्युतीकरण एवं ग्राहक सेवा सञ्चालनका कामहरु भइरहेका देखिन्छन्। यस विषयलाई पनि समेट्ने गरी वन मन्त्रालयअन्तर्गतको जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (विसं २०८०-२०८७) र जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना भित्र (विसं २०७७-२०८७) मा किटानका साथ सामुदायिक विद्युतीकरणलाई समेट्नुपर्ने देखिन्छ।

वनले कार्बन उत्सर्जन घटाए बापतको कार्बन क्रेडिट रकम पाए जस्तैः ग्रामीण विद्युतीकरणको माध्यमबाट विद्युत् आपूर्ति सहज हुँदा अहिले सामुदायिक वनले कार्बन उत्सर्जनको लाभ लिन सकेको सहजै अनुमान लगाउन सकिन्छ। त्यसैले सामुदायिक विद्युतीकरण र सामुदायिक वनको घनिष्ट अन्तरसम्बन्ध रहेको छ। कार्बन उत्सर्जन न्यूनीकरण वापत नेपालले हालसम्म रु ५८ अर्ब ४० करोड प्राप्त गरिसकेको छ। नेपालको तराई क्षेत्रमा लागू गरिएको आरडिडी-प्लस उत्सर्जन कटौती कार्यक्रम अन्तर्गत १८ लाख ८० हजार टन कार्बनडाइअक्साइड उत्सर्जन घटाउन सफलता भएकाले विश्व बैंक अन्तर्गतको फरेष्ट कार्बन पार्टनरसिप फ्यासिलिटी (एफसिपिएफ) बाट पहिलोपटक वन र अन्य क्षेत्रले पाएको हो।

विश्वको औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्न नेपालले पेरिस सम्झौताअन्तर्गत जलवायु परिवर्तनका लक्ष पूरा गर्ने प्रतिबद्धता पनि गरेको छ। दिगो विकास, ऊर्जा पहुँच (जलवायु उत्तरदायित्वको अन्तरसम्बन्ध बढाउन सन् २०४५ सम्ममा दिगो रुपमा उत्सर्जन घटाउने रणनीति अनुसार खुद शून्य कार्बनको लक्ष्य राखेको छ। यसरी पनि सामुदायिक वन, सिमसार र प्राकृतिक वनमा जसरी वित्त कार्बन व्यापारबाट लाभ लिए जस्तै सामुदायिक विद्युतीकरणबाट पनि कार्बनको लाभ लिन पाउने गरी अध्ययन हुनु पर्नेछ।

अन्तर्राष्ट्रिय न्यायालयले पनि यस्ता कार्यक्रमलाई न्यायिक निर्णय गरेको छ। यो हाम्रो देशको लागि

निकै महत्वपूर्ण उपलब्धि मान्नुपर्ने हुन्छ । यसका लागि संयुक्त राष्ट्रसंघको जलवायु सचिवालय (CoP) United Nation Framework Climate Change (UNFCCC) मा नवीकरणीय हरित तथा स्वच्छ ऊर्जालाई उच्च प्राथमिकतामा समेत राखेको छ । विकासशील राष्ट्रहरुले फाल्ने कार्बन उत्सर्जन गर्दा हाम्रो जस्तो विकासोन्मुख देश नेपाललाई असर पुग्दै गएको छ । हुन त नेपाल अझै अल्पविकसित राष्ट्र (Less Development Country (LDC) को सूचीबाट हट्न सकेको छैन । यो हुनुको पछाडि ऊर्जा विकासको गति बढ्न नसक्नु हो ।

सामुदायिक विद्युतीकरण नेपालजस्ता विकासोन्मख राष्ट्रका ग्रामीण बस्तीसम्म आधुनिक ऊर्जा सेवा पुऱ्याउने प्रभावकारी मोडेल हो । स्थानीय लगानी, समुदायको स्वामित्व र सहभागी व्यवस्थापनमा आधारित यो विधिले ऊर्जा पहुँचलाई मात्र विस्तार गर्दैन, सामाजिक-आर्थिक रुपान्तरणको गतिलाई समेत तीब्र बनाउँछ । तर ऊर्जा प्रणाली विस्तारसँगै कार्बन उत्सर्जनको प्रश्न अनिवार्य रुपमा जोडिन्छ । किनकी आजको विकासका निर्णयहरु भविष्यका जलवायु जोखिम तथा उत्सर्जन दिगोपनासँग प्रत्यक्ष सम्बन्धित हुन्छन् ।

१.कार्बन उत्सर्जन घटाउने सर्वोत्तम माध्यमको रुपमा सामुदायिक विद्युतीकरण

नेपालको ग्रामीण ऊर्जा प्रणाली लामो समयसम्म जैविक इन्धन (दाउरा, फोहर, काठ, कोइला) तथा डिजेल जेनेरेटरमा निर्भर रहँदै आएको थियो । यसले घरायसी खर्च बढाउनुका साथै स्थानीय वातावरणमा धुँवा, ब्ल्याक-कार्बन र हरितगृह ग्यास उत्सर्जनलाई तीब्र बनाउँथ्यो । सामुदायिक विद्युतीकरणले यसको साटो नवीकरणीय जलविद्युत्-आधारित बिजुली प्रवाह गर्दै तीन किसिमका फाइदा दिन्छः

- सीधा उत्सर्जन कटौती- डिजल जेनेरेटर र परम्परागत दाउरा-आधारित ऊर्जाको विकल्प ।
- घरेलु जलवायु स्वस्थता- किचन भेन्टिलेसन र घरभित्रको वायु प्रदूषण न्यूनीकरण ।
- उद्योग/व्यवसायको स्वच्छ ऊर्जा उपयोग-छोटा मिल, चिस्यान केन्द्र, कोल्ड-स्टोर तथा कृषि प्रशोधनमा दिगो ऊर्जा प्रयोग ।

२. जलवायु वित्त र कार्बन क्रेडिटसँग जोडिने सम्भावना

विश्वव्यापी रुपमा कार्बन उत्सर्जन घटाउने परियोजनाहरुले कार्बन क्रेडिट उत्पन्न गर्ने र बजारमा बेच्न सक्ने अवसर बढ्दो छ । सामुदायिक विद्युतीकरण योजनाले-यदि व्यवस्थित मापन, रिपोर्टिङ र प्रमाणिकरण (MRV) प्रणाली बनाइयो भने तल दिइएका विभिन्न लाभहरु लिन सक्छः

- स्वच्छ ऊर्जा प्रयोगको कारण उत्सर्जन कटौतीको प्रमाणीकरण
- कार्बन क्रेडिट बिक्रीबाट राजस्व आर्जन
- प्रविधि, मिटरिङ, लाइन सुधार तथा व्यवस्थापन क्षमता बढाउन लगानी यो विशेषगरी ग्रामीण आयोजनाहरुका लागि दीर्घकालीन आर्थिक टिकाउपनाको आधार बन्न सक्छ ।

३. ऊर्जा प्रवाहका माध्यमबाट आर्थिक-सामाजिक रुपान्तरण

कार्बन उत्सर्जन घटाउने क्षमता र सामुदायिक विद्युतीकरणको विकास प्रभाव एक-अर्कासँग गहिरो रुपमा गाँसिएका छन् । जब समुदायस्तरमा स्वच्छ ऊर्जा पहुँच बढ्छ, तल उल्लेख गरिएका तीन किसिमका प्रभावहरु स्वतः देखा पर्छन्ः

- उत्पादक ऊर्जा उपयोग बढ्छ- कृषि प्रशोधन, साना उद्योग, पर्यटन सेवाहरुमा ग्रिड बिजुलीको प्रयोग ।

- महिला र बालबालिकाको जीवनस्तर सुधारिन्छ। इन्धन संकलन समय घट्छ, स्वच्छ किचन सुनिश्चित हुन्छ ।
- हरेक युनिट बिजुलीको प्रयोगले नविकरणीय स्रोतलाई प्राथमिकता दिन्छ, जसले राष्ट्रिय उत्सर्जन घटाउने लक्ष्य (NDC) पूरा गर्न मद्दत गर्छ ।

४. नीति र नियमन: कार्बन उत्तरदायित्व व्यवस्थापनका आधार

सामुदायिक विद्युतीयकरणमा कार्बन उत्सर्जनको महत्व बुझेर नीति निर्माणमा पनि केही परिवर्तन आवश्यक देखिन्छः

- परियोजनालाईं MRV तयारी गर्ने दिगो संरचना निर्माण ।
- कार्बन क्रेडिट सम्बन्धी नियम-कार्यविधि सरलीकरण गर्ने ।
- विद्युत् वितरण तथा मिटरिङ प्रणालीलाई ऊर्जा दक्षता उन्मुख बनाउने ।
- समुदायलाई ऊर्जा-कार्बन शिक्षामा अभिमुखीकरण गर्ने ।

५. भविष्यका सम्भावना

जलवायु परिवर्तनलाई कम गर्न नेपालले जलविद्युत्मा-आधारित ऊर्जा प्रणालीलाई प्राथमिकता दिएको छ । सामुदायिक विद्युतीकरण त्यसको घनिष्ठ विस्तार मोडेल हो । भविष्यमा Local MRV hubs, Smart metering, Load efficiency programs / Clean cooking electrification जस्ता कार्यक्रमहरु लागू भएमा सामुदायिक विद्युतीकरण कार्बन-न्यूट्रल ग्रामीण विकासको प्रेरक शक्ति बन्न सक्छ ।

अन्त्यमा यसको निष्कर्ष के हो भने सामुदायिक विद्युतीकरण कार्बन उत्सर्जन घटाउने, ग्रामीण अर्थतन्त्र सशक्त बनाउने र दिगो विकासका लक्ष्य पूरा गर्ने तीनै मोर्चामा महत्वपूर्ण उपकरण हो । ऊर्जा पहुँच वृद्धि मात्र पर्याप्त हुँदैन- ऊर्जा प्रणालीले वातावरण मैत्री, दिगो र कार्बन उत्तरदायी हुनुपर्छ । यही दृष्टिकोणले सामुदायिक विद्युतीकरणलाई नेपालका ग्रामीण बस्तीहरुको भविष्य ऊर्जायुक्त मात्र होइन, स्वच्छ र दिगो पनि बनाउँछ । जलवायु वित्त कोषबाट लाभ लिन पाउने गरी दिगो विकास लक्ष (Sustainable Development Goal (SDG) थ्रेसहोल्डभित्र सामुदायिक विद्युतीकरणलाई समावेश गरिनुपर्ने यस लेखको निष्कर्ष रहेको छ ।

(**लेखक जलविद्युत् प्रवर्द्धक तथा राष्ट्रिय अभियन्ता** हुनुहुन्छ)

उद्यमशीलता वढाऔँ, आर्थिक सम्वृद्धिको यात्रामा अगाडी वढौं ।

सामुदायिक विद्युतीकरण विनियमावली संशोधनको औचित्यता

कृष्ण अधिकारी

ग्रामीण क्षेत्रमा माग अनुरुप विद्युत सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले नेपाल सरकारले २०६० सालदेखि नेपाल विद्युत प्राधिकरणमार्फत सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस कार्यक्रमअन्तर्गत सरकारले कुल विद्युतीकरण लागतमा ९० प्रतिशत योगदान गर्दछ भने सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले बाँकी १० प्रतिशत योगदान गर्दछन्। २०५९ सालमा सामुदायिक विद्युतीकरण विनियमावली तर्जुमा समिति गठन भएपछि उक्त समितिले २०६० बैशाखमा विनियमावलीको मस्यौदा तयार गरेको थियो । सो मस्यौदा प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत भएपछि आर्थिक वर्ष २०६०/६१ को सरकारको नीति तथा कार्यक्रममा सामुदायिक विद्युतीकरण कार्यक्रमलाई सम्बोधन गरी बजेट वक्तव्यमार्फत बजेट विनियोजन गरिएको थियो । त्यतिबेला नयाँ विद्युतीकरण गर्न समुदायको २० प्रतिशत सहभागिता र सरकारको ८० प्रतिशत अनुदानको व्यवस्था गरिएको थियो । जनसहभागितामा ५०/५० सहभागिता गरेको समुदायको लागि २०/८० अनुपातको कार्यक्रम धेरै सरल महशुस हुनु स्वभाविक नै थियो।

२०५८ सालमा भएको जनगणनालाई आधार मान्दा स-साना लघु, सौर्य तथा विद्युत् प्राप्ति गर्ने जनताको संख्या ५८ प्रतिशत थियो । ग्रामीण क्षेत्रमा समुदायको प्रवेश भएपछि २०६० देखि २०७० को दशकमा नेपालमा जे-जति विद्युतीकरण भयो त्यसमा सामुदायकै ठूलो हिस्सा रहेको थियो । सामुदायिक विद्युतीकरण गर्न बनाइएका ११ केभी लाइन र सबस्टेसनका कारण प्राधिकरणलाई पनि विद्युतीकरण गर्न सहज भयो। त्यही लाइनमा ट्यापिङ गरी प्राधिकरणले पनि विद्युतीकरण कार्यलाई तीव्रता दियो । विद्युत्को आवश्यकताको बढ्दो मागका कारण जनताले स्थानीय निकायसँगको समन्वयमा जनश्रमदानमार्फत सडक निर्माण गरी केही रकम विद्युतीकरणमा लगानी गरे। यसरी उज्यालो नेपाल

बनाउन सामुदायिक विद्युतीकरणको महत्वपूर्ण योगदान रहेको कुरा रहेको कुरा पुष्टि भएको छ। समुदायलाई उपयोग गरी आज झण्डै ९८ प्रतिशत नेपालीसामु विद्युत्को पहुँच पुगेको छ। सामुदायिक संस्थाहरुले गरिबी तथा पिछडिएको क्षेत्रबाट समुदाय परिचालन गरी देशका ५५ जिल्लाबाट ३०२ सामुदायिक संस्थामार्फत झण्डै दुई अर्ब रकम राज्यलाई लगानी गरी सहयोग गरेका छन्।

ग्रामीण क्षेत्रमा विद्युतीकरण भएका कारण सामुदायिक संस्थामार्फत हजारौ रोजगारीको सिर्जना भएको छ, उद्यमशीलता बढेको छ, ग्रामीण क्षेत्रमा प्रविधिको विस्तार भएको छ, चुहावट नियन्त्रण भएको छ, ग्रामीण क्षेत्रमा प्राधिकरणको प्रशासनिक र मर्मत सम्भारको बोझ कम भएको छ, ग्रामीण क्षेत्रमा विद्युतीय चुलोको प्रयोग बढेको छ सँगसँगै, विद्युत खपतमा वृद्धि भएको छ, विद्युत् संरचनामा समुदायको अपनत्व बढेको छ, सामुदायिक भावनाको विकास भएको छ। सामुदायिक विद्युतीकरणका कारण विकास साझेदार संस्थाहरूको आकर्षण बढेको छ, विद्युतीय सुरक्षा, सर्तकता, सचेतना बढेको छ। लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभ्यास बढेको छ, सुशासन तथा लोकतान्त्रिक अभ्यास बढेको छ। आज ग्रामीण क्षेत्रको करिब १५ प्रतिशत विद्युतीकरण सामुदायिक विद्युतीकरणबाट भएको छ।

मुलुकको विद्युतीकरणमा आज यति ठूलो सफलता हासिल भएको यथार्थलाई राज्यले अझै स्वीकार गर्न सकेको देखिंदैन। समुदायले सहकारी संस्थामार्फत शेयर रकमको रूपमा सङ्कलित रकमलाई विद्युतीकरणको लागि लगानी गरी प्राधिकरणमा जम्मा भएको छ र उक्त रकमलाई प्राधिकरणले पुँजीकरण गरी आफ्नो सम्पत्तीको रूपमा राखेता पनि समुदायको लगानी स्वीकार गरेको छैन। एकातिर समुदायको लगानी स्वीकार गरिएको छैन भने अर्कोतिर यो वा त्यो बहानामा सामुदायिक संस्थाले प्राधिकरणसँग गरेको सम्झौता एकतर्फी रूपमा खारेज गरी विद्युत् सहकारी संस्थामा उपभोक्ताले राखेको सेयर रकमको विवाद सिर्जना गराइएको छ। सामुदायिक संस्था सञ्चालन गर्न नसकिने महशुल (अवैज्ञानिक, अव्यवहारिक) लगाई सामुदायिक संस्था बन्द गराउन बाध्य पारिएको छ।

भौगोलिक विकटता र गरिबी भएका गाउँहरूमा जनसमुदाय परिचालन गरी रकम सहभागितासहित विद्युत्को पहुँच पुर्‍याउन पक्कै पनि सजिलो काम थिएन। विद्युत सहकारी संस्थामार्फत विद्युतीकरण गरी झण्डै छ लाख घर उज्यालो बनाउनु राज्यका लागि उपलब्धि हो भन्ने यथार्थलाई आत्मसात गरिनुपर्ने हुन्छ। सामुदायिक संस्थाको सेवाले प्राधिकरणको सेवालाई घच्घचाइरहेको छ। सामुदायिक संस्था सञ्चालन गर्न सामुदायिक विद्युतीकरण विनियमावली छ। प्राधिकरणले २०७१ सालमा लागू गरेको त्यो विनियमावलीमा थुप्रै अस्पष्ट प्रावधान छन् भने समयानुकूल कतिपय प्रावधानलाई संशोधन गर्नुपर्ने देखिन्छ। समुदायमा लगाउँदै आएको चर्को र अवैज्ञानिक विद्युत् महशुललाई पुनरावलोकन गरी उपभोक्तामैत्री र समुदायमैत्री विद्युत् महशुलको नीतिको आवश्यकता महशूस भएको छ।

नेपालको संविधानको मर्म समाजवाद उन्मुख राज्य व्यवस्था र समाजवाद उन्मुख अर्थ व्यवस्था छ। जबसम्म नेपालको सङ्घीय गणतान्त्रिक संविधानको मूल मर्मलाई आत्मसात् गरी समाजवादको यात्रा तय गरी यसलाई व्यवहारीक रुप दिंइदैन तवसम्म समाजवादको नारा कागजमा मात्र सिमित हुनेछ। समुदायलाई सशक्त बनाई आर्थिक गतिविधिमार्फत विकास निर्माणमा सहभागी र अधिकार सम्पन्न बनाउँदै सामाजिक, सांस्कृतिक र औद्योगिक रूपमा प्रत्यक्ष सहभागिता बढाएमा मात्र नेपालको संविधानले अङ्गिकार गरेको समाजवाद उन्मुख राज्य व्यवस्थाको सान्दर्भिकता र सार्थकता हुन सक्छ। यसका लागि नेपालको समग्र विकासमा समुदायले गरेको योगदानको मूल्याङ्कन र लगानीको सुनिश्चित हुने गरी सामुदायिक विद्युतीकरण विनियमावलीमा संशोधन जरुरत भएको छ।

संशोधन गरिनुपर्ने केही विषयहरु

विनियमावलीको दफा २(भ) मा 'सामुदायिक थोक उपभोक्ता' भन्नाले वितरक संस्थाको स्वीकृत वितरण क्षेत्रभित्रको वितरण प्रणालीको एक बिन्दुमा मिटर जडान गरी त्यस क्षेत्रको ५० के.भि.ए. वा सो भन्दा कम लोड भएको एक वा एकभन्दा बढी उपभोक्ताहरुलाई विद्युत् वितरण गर्न स्थापना भएको वितरक संस्थालाई सम्झनु पर्छ भनिएकामा वितरक संस्थाको स्वीकृत वितरण क्षेत्रभित्रको वितरण प्रणालीको एक बिन्दुमा मिटर जडान गरी त्यस क्षेत्रको उपभोक्ताहरुलाई विद्युत् वितरण गर्न स्थापना भएको वितरक संस्थालाई सम्झनु पर्छ तथा एच टि मिटरिङ्ग युनिट राखी विलिङ गरिएको हकमा कुनै भारको सीमा राखिने छैन भन्ने स्पष्ट व्यवस्था हुनुपर्ने देखिन्छ।

वितरक संस्थाको दर्ता प्रचलित सहकारी ऐन बमोजिम हुनु पर्नेछ । संस्थाले आफ्नो विनियममा सामुदायिक रुपमा विद्युत् वितरण समेत गर्ने उद्देश्य राखेको हुनुपर्छ तर यस विनियमावली लागू हुनुभन्दा पहिले विभिन्न ऐन बमोजिम दर्ता भई प्राधिकरणसँग सम्झौता गरेका वितरक संस्थाले प्रचलित सहकारी ऐनबमोजिम दर्ता गरी सम्झौता नवीकरण गर्न सक्नेछन् । किनकी सहकारी दर्ता बन्द अवस्थामा रहेको अवस्थामा प्राधिकरणसँग सम्झौता गरेका वितरक संस्थाले प्रचलित सहकारी ऐन बमोजिम दर्ता गरी सम्झौता नवीकरण गर्नुपर्ने प्रावधान व्यावहारिक देखिन्न । सामुदायिक संस्थाको क्षेत्रभित्र उद्यमशीलता प्रवर्द्धन गरी विद्युत् खपत बढाउन आवश्यक भएकाले वितरण क्षेत्रअन्तर्गतका १०० के.भि.ए.सम्मका सिङ्गल अथवा सामूहिक उपभोक्ताहरू वितरक संस्थाका उपभोक्ता हुनेछन् । एच टि मिटरिङ्ग युनिट राखिएको क्षेत्रमा भार खुला गर्नुपर्ने देखिन्छ । वितरक संस्थाले जम्मा गर्न बाँकी रहेको २.५ प्रतिशत रकम सम्झौता भएको मितिले ६० दिनभित्र विभागले तोकेको खातामा जम्मा गर्नु पर्ने प्रावधानलाई छिटो कार्य सम्पादन गर्न आवश्यक भएकाले ३० दिनको समय पर्याप्त हुन्छ। कुनै विशेष कारणबाट जरुरी ठहरिएमा सार्वजनिक खरिद ऐन, खरिद नियमावली बमोजिम निर्देशक समितिको स्वीकृति लिई विनियम ४१ अनुसार निर्माण कार्यमा वितरक संस्थालाई सहभागी गराउन सकिने नै छ। साथै, उक्त कार्यमा सम्बन्धित वितरक संस्थाको प्राविधिक दक्षता र सुशासनलाई आधार बनाउनु पर्नेछ।

वितरक संस्थालाई जिम्मेवार बनाउन वितरक संस्थाको लागि निर्माण गरिएको वितरण क्षेत्रभित्रको वितरण लाइनमा विद्युत् दुर्घटना भई मानव तथा पशुधनलाई करेन्ट लागि घाइते वा मृत्यु भएमा वा अन्य क्षति भएमा पीडित पक्षलाई प्राधिकरणको प्रचलित विद्युत् दुर्घटना क्षतिपूर्ति विनियमावली तथा प्रचलित विद्युत् वितरण विनियमावलीमा तोकिए बमोजिमको क्षतिपूर्ति वितरक संस्थाले दिनुपर्ने हुन्छ । वितरक संस्थाले आकस्मिक कोषको व्यवस्था गरी सोही कोषबाट क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने व्यवस्था गरिनु प्रभावकारी देखिन्छ।

यस्तै आवर्ती कोषको लेखापरीक्षण आर्थिक प्रशासन विनियमावली बमोजिम हुनेछ भन्ने प्रावधानमा पनि संशोधन गरी आवर्ती कोषको संचालन सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालले गर्नेछ र सोको लेखापरीक्षण संस्थाको आर्थिक प्रशासन विनियमावलीबमोजिम हुनेछ भन्ने प्रावधान राख्नु उचित हुन्छ । साथै, यसमा आकस्मिक कोषअर्न्तगत वितरक संस्थाले आकस्मिक दुर्घटना तथा भवितव्यमा परेका उपभोक्तालाई राहात तथा क्षतिपूर्ति उपलब्ध गराउन एक आकस्मिक कोषको स्थापना गर्नसक्ने र उक्त कोषमा स्रोत व्यवस्थापन गर्न सम्बधित वितरक संस्थाको कर्तब्य हुनेछ भन्ने प्रावधान विनियमावलीमा थप गर्नुपर्ने देखिन्छ।

वितरक संस्थाको वितरण क्षेत्रमा सामुदायिक बाहेकको विद्युतीकरण कार्यक्रम नेपाल सरकार वा प्राधिकरणको लगानीबाट निर्माण गरिने छैन तर कुनै परियोजना वा विशेष व्यवस्थाबाट निर्माण कार्य गर्नुपरेमा निर्माण सम्पन्न गरी संरचना सञ्चालन गर्ने वितरक संस्थालाई हस्तान्तरण गरी प्राधिकरणमा त्यसको अभिलेख राख्नुपर्दछ। यसले

दोहोरो निर्माण कार्य रोकरुी हुनसक्ने विवाद निरुपण गर्न सहयोग पुग्दछ। विनियमावलीको दफा १२(१३)मा संशोधन गरी नेपाल सरकार वा प्राधिकरणबाट कुनै वर्ग वा समुदाय वा व्यवसायका ग्राहकलाई विशेष सुविधा दिने गरी निर्णय भएको खण्डमा सोही अनुसार कार्य गर्न वितरक संस्थालाई निर्देशन दिनु पर्नेछ। प्राधिकरण मार्फत वितरक संस्थालाई सो सुविधाको शोधभर्ना उपलब्ध गराउनुपर्ने व्यवस्था राख्नु उचित हुन्छ।

निर्माण कार्य छिटो र सहज बनाउन सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट निर्माण कार्यसम्बन्धी तोकिएको काममा वितरक संस्थालाई अन्य ग्राहक सरह जिन्सी स्टोरबाट सामाग्री खर्च गरि निर्माण कार्य सम्पन्न गरी/गराई विभागबाट नियमानुसार शोधभर्ना लिने प्रावधान थप गर्नुपर्ने देखिन्छ। साथै, एच टी लाइनको मर्मत प्राधिकरणले गर्नेछ। एल टी मिटरिङ्ग युनिट जडान गरेको हकमा एम सि सि बिको दायित्व वितरक संस्थाको हुनेछ, अन्य टान्सर्फमर सुरक्षाका उपकरण प्राधिकरणले उपलब्ध गराउनुपर्ने प्रावधान राख्नु आवश्यक छ।

वितरण केन्द्रलाई निर्माण कार्यमा सहभागि गराई छिटो छरितो कार्य सम्पादन गर्न एच टी लाइनको मर्मत प्राधिकरणले गर्ने छ। एल टी मिटरिङ्ग युनिट जडान गरेको हकमा एम सि सि वि को दायित्व वितरक संस्थाको हुनेछ, अन्य टान्सर्फमर सुरक्षाका उपकरण प्राधिकरणले उपलब्ध गराउनु पर्ने प्रावधान राख्नु उचित हुन्छ। वितरण केन्द्रलाई निर्माण कार्यमा सहभागी गराई छिटोछरितो कार्य सम्पादन गर्न सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत लाइन विस्तार प्रणाली सुदृढीकरण जस्ता ५० लाखभन्दा साना कार्यक्रहरुको निर्माण कार्य सम्बन्धित वितरण केन्द्रमार्फत गराउन सकिन्छ।

वितरक संस्थाको लागि आवश्यक थोक मिटर, सि.टि., पि.टि.र मिटरिङ्ग युनिट स्थानीय कार्यालयले नियमानुसार मूल्य तथा दस्तुर लिई जडान गर्नेछ। प्राधिकरण वा स्थानीय कार्यालयले नियमानुसार मूल्य लिई उपलब्ध गराउने थोक मिटर, सि.टि., पि.टि. र मिटरिङ्ग युनिटको लागत सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रममा समावेश हुने छैन। तर प्राधिकरण र कम्पनीसँग भएको सम्झौताअनुसार वारेन्टी समयको सुविधा वितरक संस्थालाई दिने व्यवस्थाले उनीहरु अझ प्रभावकारी रुपमा सञ्चालन हुन सक्छन्।

थोक मिटर जलेको, बिग्रिएको वा बन्द भएको अवस्थामा मिटर बदली नभएसम्म प्रचलित विद्युत वितरण विनियमावली बमोजिम औसत बिलिङ गरिनेछ र मिटरको वारेन्टी सुविधा वितरक संस्थालाई दिनु प्राधिकरणको कर्तव्य हुनुपर्छ। वितरक संस्थाको क्षेत्रमा एच.टी. मिटरिङ्ग युनिट जडान भएता पनि ३३/११ के.भी. लाइनको जिम्मेवारी प्राधिकरणको हुनेछ। प्राधिकरणमा जनशक्ति कमी भएको अवस्थामा एच.टी. लाइनको मर्मत सामग्री प्राधिकरणबाट उपलब्ध गराई प्राधिकरणको सुपरीवक्षेणमा सामुदायिक संस्थाबाट सहयोग लिन सकिनेछ।

ट्रान्सफर्मर मर्मतसम्बन्धी कार्यमा स्पष्ट हुन आवश्यक छ। यसका लागि ट्रान्सफर्मरको क्षमताले भ्याएसम्म वितरक संस्थाले नयाँ ग्राहक बनाउन सक्नेछ। तर ट्रान्सफर्मरको क्षमता वृद्धि नगरी ओभरलोड हुने गरी सेवा विस्तार गरेमा वा उचित सम्भार नगरेको कारणबाट वा सुरक्षासम्बन्धी उपकरण जडान नगरेको कारणबाट ट्रान्सफर्मरको क्षति हुन गएमा वितरक संस्थाले नै ट्रान्सफर्मर मर्मत तथा बदली गर्नु पर्नेछ। ट्रान्सफर्मर सुरक्षाका उपकरण प्राधिकरणले उपलब्ध गराउने व्यवस्था व्यावहारिक देखिन्छ। यस्तै वितरण केन्द्रलाई काममा जिम्मेवार बनाउन यस विनियमवलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वितरक संस्थाको क्षेत्रमा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्न लागत अनुमानको १० प्रतिशत सम्बन्धित वितरक संस्थाबाट धरौटी लिई सामुदायिक विद्युतीकरण विभागको स्वीकृति र समन्वयमा तत्काल ट्रान्सफर्मरको क्षमता वृद्धि गर्नु पर्नेछ। साम्झौता समाप्त हुने अवस्था

आए वितरक संस्थालाई एक पटकको लागि सफाईको मौकाबाट वञ्चित गरिनु हुँदैन ।

विनियम २६ मा सम्झौताको अवधि बढीमा पाँच वर्षको हुने भनिएकामा वितरक संस्थाले हरेक वर्ष लेखापरीक्षण प्रतिवेदन र संस्था वैधताको प्रमाण पेश गर्नुपर्ने प्रावधान राख्नु उचित देखिन्छ । वितरण लाइनमा समुदायको लगानी सम्बोधन गर्न आवश्यक भएकोले सम्झौता रद्द भएपश्चात् प्राधिकरणले वितरक संस्थाको वितरण क्षेत्रभित्र पर्ने निजी लगानीमा निर्मित वितरण लाईनको र सामुदायिक विद्युतीकरण कार्यक्रम (२०/८० तथा १०/९०) अर्न्तगत निर्मित वितरण लाइनको उचित मूल्याङ्कन (ह्रास कट्टी समेत) गरी वितरक संस्थाले प्राधिकरणलाई कुनै किसिमको रकम तिर्न बाँकी भएमा त्यसमा समायोजन गरी बाँकी हुने रकम संस्थालाई फिर्ता दिने गरी परिमार्जन गर्नु आवश्यक देखिन्छ ।

वितरक संस्थाले आफ्ना ग्राहकबाट असुल उपर गर्ने विद्युत महशुल, महशुलमा लाग्ने छुट र थप दस्तुर प्राधिकरणको प्रचलित विद्युत् महशुल सङ्कलन विनियमावलीमा उल्लेख भएवमोजिम हुनेछ भनिएता पनि वितरक संस्थाले आफ्ना ग्राहकहरुसँग महशुल सङ्कलन गरी प्राधिकरणमा भुक्तानी गर्नुपर्ने भएकोले १५ दिनभित्र भुक्तानी गरेमा विद्युत् महसुलमा नियम अनुसार छुट हुने गरी संशोधन गर्नुपर्ने देखिन्छ । वितरक संस्थाको क्षेत्रभित्र खानेपानी, सिचाईका ग्राहकहरु भएमा विद्युत् महसुलको थोक दर र विक्री दरमा थोक दर भन्दा विक्री दर न्यून हुने भएकोले त्यस्ता ग्राहकहरुको छुटै अभिलेख राखी खानेपानीको हकमा ५० प्रतिशत र सिँचाइको हकमा १८० प्रतिशत बराबरको रकम वितरक संस्थाको बिलिङ्ग रकमबाट घटाई खुद बिलिङ्ग रकम कायम गरिनेछ । यस्ता ग्राहकहरुको रेकर्ड अनुगमन प्राधिकरणको स्थानिय कार्यलयबाट हुनेछ। खरिद विक्रीको अनुपतमा खानेपानी र सिँचाइको विद्युत् महसुल सस्तो हुने भएको कारण यो संशोधन गर्नुको मूल तात्पर्य हो । त्यसैगरी वितरण लाइनको लिज वा भाडा रकम वितरक संस्थाले प्राधिकरणलाई बुझाउनु पर्नेछ । तर वितरक संस्थाले गरेको आंशिक लगानीको हकमा सो लगानीको अनुपातमा लिज भाडामा छुट दिइनेछ। वितरक संस्थाले नेपाल सरकार वा स्थानीय तहबाट प्राप्त जिन्सी वा नगदलाई निजको लगानीको रुपमा लिन पाउने छैन तर सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअर्न्तगत निर्माण गरिएको विद्युत् संरचनामा लिज भाडा लिइने छैन भन्ने स्पष्ट व्यवस्था हुनुपर्ने देखिन्छ।

अन्त्यमा नेपालमा सामुदायिक विद्युतीकरण सफलताका साथ सञ्चालनमा छ। यसबाट खासगरी ग्रामीण क्षेत्रमा विद्युत्को पहुँचबाट बञ्चितिमा परेको विद्युत् उपभोक्ताहरु लाभान्वित भइरहेका छन् । तर विद्युत् विधेयकले सामुदायिक विद्युतीकरणई एकातर्फ परिभाषित नै गरेको छैन भने अर्कोतर्फ सामुदायिक विद्युत्लाई मान्यता दिने गरी कुनै पनि व्यवस्था गरेको छैन । त्यसैले उक्त विद्येयकमा सुधार गरी सामुदायिक विद्युतीकरणलाई स्पष्ट रुपमा मान्यता प्रदान गर्ने व्यवस्था समावेश गर्नु आवश्यक छ। नेपाल सरकारकाले सङ्घीय संसद समक्ष समक्ष पेश गरेको विद्युत् विधेयक २०७७ राष्ट्रिय सभामा विचाराधीन रहेको छ। लामो समयको छलफल पश्चात् संसद समक्ष पुगेको विधेयकमा सबै सरोकारवालाहरुका सबाल र सरोकारहरु सम्बोधन भएको अनुमान गरिए पनि विधेयकले सबै सरोकारवालाहरु र खासगरी स्थानीय समुदायको सवाल तथा सरोकारहरुलाई सम्बोधन गर्न सकेको छैन । यद्यपि हाल प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गतेका लागि आमनिर्वाचनको मिति घोषणा भइसकेको सन्दर्भमा अब आउने संसदले यस विधेयकमा रहेका कमजोरीलाई सच्याउँदै स्थानीय समुदायका सरोकार, चासो र आवाजहरुलाई समेटेर व्यावहारिक ऐन ल्याउनुपर्ने देखिन्छ । र त्यसअनुसार विनियावली ल्याउन सकिएमा देशको विद्युतीकरणको अभ्यास अझ उदाहरणीय बन्न सक्नेछ।

(लेखक विद्युत खबरका अतिथि सम्पादक तथा राष्ट्रिय समाचार समितिका बोर्ड अफ डाइरेक्टर हुनुहुन्छ)

सामुदायिक विद्युत वितरण प्रणालीका कानूनी चुनौती र सम्बोधनका उपायहरु

दिलराज खनाल

नेपालमा सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धी अवधारणाको विकास र अभ्यासको शुरुवात भएको पनि आज लगभग २५ वर्ष भइसकेको छ । नेपाल विद्युत प्राधिकरण ऐन २०४१ अन्तर्गत तर्जुमा गरिएको सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०६० संशोधनसहित २०७१ र विद्युत् महशुल सङ्कलन विनियमावली २०७८ मा गरिएका व्यवस्थाका आधारमा सामुदायिक विद्युत् वितरक संस्थाहरुले सामुदायिक विद्युत वितरणको काम गर्दै आएका छन् । यद्यपि, सामुदायिक विद्युतीकरणका विषयमा विद्युत्सम्बन्धी ऐनहरुमा नै विशेष कानूनी व्यवस्थाको कमीका कारण विभिन्न कानूनहरुमा छरिएर रहेका व्यवस्थाका आधारमा सामुदायिक विद्युत् वितरक संस्थाहरु सञ्चालन हुनु परेको अवस्था विद्यमान रहेको छ । यस लेखमा सामुदायिक विद्युत् वितरक संस्थाका विषयमा छरिएर रहेका कानूनी व्यवस्थाको समीक्षा गर्दै एक एकिकृत कानूनी व्यवस्थाको किन आवश्यकता छ भन्ने बारेमा चर्चा गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण ऐन २०४१ :

यस ऐनमा सामुदायिक विद्युत् तथा सामुदायिक ग्रामीण विद्युतीकरणका विषयमा कुनै व्यवस्था गरिएको छैन । यस ऐनको दफा १९ मा जनताको सुविधाका लागि आर्थिक दृष्टिकोणले उपयुक्त क्षेत्रमा उपयुक्त स्तरको विद्युत् वितरणको व्यवस्था गर्ने अधिकार नेपाल विद्युत प्राधिकरणलाई प्रदान गरिएको छ । प्राधिकरणले सोही व्यवस्थाअन्तर्गत रही उपयुक्त क्षेत्रको रुपमा ग्रामीण क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा सामुदायिक विद्युतीकरण गरी सामुदायिक विद्युत् वितरक संस्थाका माध्यमबाट विद्युत् वितरण गर्ने प्रवन्ध गर्न सक्दछ । यद्यपि, यस विषयमा नीतिगत निर्णय गर्ने अधिकार नेपाल

विद्युत प्राधिकरण र सोको सञ्चालक समितिमा निहित रहेकोले सामुदायिक विद्युत्को सुनिश्चतता र दिगोपनाको लागि नेपाल विद्युत प्राधिकरण ऐन २०४१ मा सामुदायिक विद्युत्का विषयमा स्पष्ट व्यवस्था गर्नुपर्ने हुन्छ।

विद्युत ऐन २०४९:

विद्युत् वितरणका विषयमा यस ऐनमा विभिन्न व्यवस्थाहरु गरिएको छ। यस ऐनमा योग्यता प्राप्त कुनै पनि संगठित संस्थाले विद्युत वितरण अनुमतिपत्र प्राप्त गर्न सकिने व्यवस्था गरिएको भए पनि सामुदायिक विद्युत वितरक संस्थाले विद्युत् उत्पादक संस्थासँग सिधै विद्युत् खरिद गरी सामुदायिक रुपमा विद्युत् वितरण गर्न सक्ने अवस्था विद्यमान रहेको छैन । किनकी एकातर्फ सामुदायिक विद्युत वितरक संस्थाहरु सहकारी ऐन २०७४ अन्तर्गत दर्ता हुनु पर्ने र उक्त ऐन अन्तर्गत दर्ता भएका विद्युत् सहकारी संस्थाले विद्युत् उत्पादकसँग विद्युत खरिद सम्झौता गर्न पाउने व्यवस्था नै नभएको र अर्कोतर्फ विद्युत् सहकारी संस्थाको क्षमताका कारण विद्युत् उत्पादक संस्थासँग सिधै विद्युत् खरिद गरी वितरण गर्न सक्ने अवस्थाको विद्यमानता पनि नभएकाले विद्युत ऐन २०४९ मा भएको व्यवस्था सामुदायिक विद्युत वितरक संस्थाका लागि व्यावहारिक रहेको देखिदैन । त्यसैले सामुदायिक विद्युत् वितरक संस्थाहरुले नयाँ तर्जुमा हुने विद्युत् कानूनमा सामुदायिक विद्युत वितरणका विषयमा विशेष र स्पष्ट व्यवस्था हुनुपर्ने माग गर्दै आएका छन् ।

विद्युत नियमन आयोग ऐन २०७४ :

यस ऐनमा विद्युत नियमन आयोगलाई सञ्चालन खर्च, ह्रासकट्टी दर, साँवा व्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत् संरचनाको निर्माण, पुनर्निर्माण, पुनर्स्थापना तथा शेयर लगानीबापत वार्षिक रूपमा प्राप्त हुने प्रतिफल लगायत विद्युत खरिद सम्झौता समेतलाई विचार गरी विद्युत महसुल दर निर्धारणका शर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनुपर्ने महसुल निर्धारण गर्नसक्ने भूमिका तथा अधिकार प्रदान गरिएको छ। आयोगले यसरी विद्युत् महशुल निर्धारण गर्दा सामुदायिक थोक उपभोक्ताको रुपमा रहेका विद्युत् वितरक संस्थाहरुले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने विद्युत महशुल पनि निर्धारण गर्ने गर्दछ। यस क्रममा सामुदायिक विद्युत वितरक संस्थाहरुसँग प्रयाप्त परामर्श नगरिएका कारण हाल तय गरिएको सामुदायिक थोक उपभोक्ताले भुक्तानी व्यवहारिक नभएको गुनासो आइरहेकोले आगामी दिनमा सामुदायिक थोक उपभोक्ताको रुपमा रहेका विद्युत् वितरक संस्थाहरुले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने विद्युत महशुल निर्धारण गर्दा थप परामर्श गर्नु आवश्यक छ । विद्युत नियमन आयोग ऐन २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रहेर विद्युत् महसुलको न्यायिक निरुपण गर्न सक्षम हुनुपर्छ।

विद्युत चेरी नियन्त्रण ऐन २०५८ :

विद्युत् वितरक संस्थाको हैसियतले पालना गर्नु नियम तथा आचारसंहिताका विषयमा यस ऐनमा विभिन्न व्यवस्थाहरु गरिएका छन्। यस ऐनमा विद्युत् चेरीसम्बन्धी कसुरको दायित्व सीमित हुने व्यवस्था गरिएको भए पनि आचारसंहिताको पालना गराउने र विद्युत् चेरी हुने क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरी विद्युत चोरी नियन्त्रण गर्ने दायित्व वितरक संस्थामा पनि रहने हुन्छ। त्यसैले सामुदायिक विद्युत् वितरक संस्थाले यस ऐनको कसरी पालना गर्ने र गराउने भन्ने बारेमा थप स्पष्टताको आवश्यकता छ।

संघीय विद्युत विधेयक:

नेपालमा सामुदायिक विद्युत वितरणसम्बन्धी अलग्गै ऐनको व्यवस्था हुनुपर्ने माग उठी रहे तापनि यस विषयमा विद्युत् विधेयकमा नै विशेष व्यवस्था गर्न सकिने निश्कर्षका आधारमा संसद समक्ष पेश भएका विद्युत्

विधेयकहरुमा सामुदायिक विद्युत् वितरणसम्बन्धी व्यवस्था समावेश गराउनका लागि सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालले निरन्तर प्रयास गर्दै आएको छ । संसद समक्ष पछिल्लोपटक दर्ता भएको विद्युत् विधेयकमा सामुदायिक विद्युतीकरणका विषयमा स्पष्ट व्यवस्था गर्नका लागि सम्बन्धित संसदीय समिति सहमत भएको अवस्था विद्यमान भए तापनि हाल संसद नभएको कारणले उक्त विधेयकको भविष्य अन्यौलमा परेको छ । यद्यपि, विद्युत् विधेयकमा सामुदायिक विद्युतीकरणको व्यवस्था समावेश गराउनका लागि महासंघबाट निरन्तर पैरवीको आवश्यकता छ ।

विद्युतसम्बन्धी प्रदेश कानूनहरु:

प्रदेश सरकारहरुले तर्जुमा गरेका प्रदेश विद्युत् ऐनहरुमध्ये कर्णाली प्रदेश सरकारले तर्जुमा गरेका प्रदेश विद्युत ऐन २०८१ मा सामुदायिक विद्युतीकरणलाई स्पष्ट रुपमा परिभाषित गरिएको छ । उक्त प्रदेश ऐनमा गरिएको व्यवस्थाअनुसार आफ्नो क्षेत्रको विद्युत् सेवालाई सामुदायिक विद्युतीकरणमार्फत सञ्चालन गर्न चाहने सामुदायिक विद्युत उपभोक्ता संस्थाले विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थासँग थोक दरमा विद्युत् खरिद गरी ग्रामीण तथा दुर्गम क्षेत्रलगायतका क्षेत्रमा सामुदायिक विद्युत् वितरण तथा विस्तार गर्न सक्ने व्यवस्था गरिएकोले यस व्यवस्थाका आधारमा कर्णालीका दुर्गम क्षेत्रमा सामुदायिक विद्युतीकरण विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

विद्युतसम्बन्धी स्थानीय तहका कानूनहरु:

कतिपय स्थानीय तहहरुले आफ्नो क्षेत्रका रहेका सामुदायिक विद्युत वितरक संस्थाको सहजीकरण तथा नियमनका लागि सामुदायिक ग्रामीण विद्युत् वितरक संस्था सञ्चालनसम्बन्धी कार्यविधिहरु तर्जुमा गरी लागु गरेको देखिन्छ । यसबाट सामुदायिक विद्युतीकरण र स्थानीय तहका बीच समन्वय र सहकार्यको अवसर सिर्जना हुने भएकाले स्थानीय सरकारका यस्ता पहलहरुलाई बढवा गर्न सकिन्छ ।

सहकारी कानूनको पालना:

सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०७१ मा गरिएको व्यवस्थाअनुसार सामुदायिक विद्युतीकरणमा संलग्न हुन चाहने विद्युत् वितरक संस्थाहरु सहकारी ऐन २०७४ अनुसार विद्युत् सहकारी संस्थाको रुपमा दर्ता भई सञ्चालन हुनु पर्ने व्यवस्था गरिएको छ । यस अनुसारको मापदण्डको पालनाका लागि सहकारी ऐन २०७४ अन्तर्गत सामुदायिक विद्युत् सहकारी संस्था सञ्चालनका लागि विशेष सरल व्यवस्थासहितको कार्यविधिहरुको तर्जुमा कार्यान्वयन हुनु उपयुक्त हुन्छ । राज्य भनेको समुदायको अभिभावक हो । समुदायको आवश्यकतासँग जोडिएका नीति कानूनहरु राज्यले पहिचान गरी निर्माण गरिनुपर्छ । पहिलो त आवश्कता अनुसारका कानून बन्नुपर्‍यो दोस्रो बनेका कानूनहरु प्रभावकारी कार्यान्वयन हुनु पर्‍यो, तब मात्र सामाजिक न्यायको क्षेत्रमा राज्यको भूमिका देखिन्छ । समुदाय भनेको एक शक्ति हो जो राज्यसँग सहयोगी रुपमा जोडिएको हुन्छ ।

यसरी सामुदायिक विद्युत् वितरक संस्थाहरु संघ, प्रदेश र स्थानीय तहका विभिन्न कानूनहरु अनुसार सञ्चालन हुनुपर्ने भएको र कतिपय अवस्थामा यी विभिन्न तहका कानूनहरुका बीचमा समन्वयका साथै समयानुकूल संशोधन गरी सामुदायिक विद्युतीकरणको सुनिश्चित हुनु आवश्यक छ ।

(लेखक प्राकृतिक स्रोतसित सम्बन्धित कानून विज्ञ हुनुहुन्छ ।)

संस्था परिचय :

तिमाल सामुदायिक ग्रामीण विद्युतिकरण सहकारी संस्था लिमिटेड, काभ्रे

तिमाल सामुदायिक ग्रामीण विद्युतीकरण सहकारी संस्था लिमिटेड काभ्रेपलाञ्चोक जिल्लाको तेमाल क्षेत्रमा अवस्थित छ। तेमाल गाउँपालिकाको (तत्कालीन सात गाविसहरू)सबै वडाहरूलाई कार्य क्षेत्र लक्षित गरी यस संस्थाले आफ्नो सेवा विस्तार गर्दै आएको छ। तेमाल क्षेत्रको विद्युतीकरणले यहाँका जनजीवनमा दैनिक प्रयोगमा आउने ऊर्जा आवश्यकता मात्र नभएर, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, सिँचाइ, कृषि तथा साना-ठूला उद्यमशीलतामूलक गतिविधिहरूमा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ। यस क्षेत्रको आर्थिक, शैक्षिक, सामाजिक विकासदेखि वातावरणीय सुधारसम्म प्रत्यक्ष भूमिका खेलेको छ।

यस संस्थाको प्रारम्भिक यात्रा २०६२ फाल्गुण २१ गते औपचारिक रूपमा शुरु भयो। शुरुआती चरणमा समुदायवाट जम्मा गर्नुपर्ने २० प्रतिशत र १० प्रतिशत आर्थिक योगदानसहित स्थापना गरिएको सहकारी संस्थाले व्यापक रुपमा, जनसहभागितामा तत्कालीन सात गाविसहरु, जिविस, नेदरल्याण्ड, सिसिएस इटालीजस्ता संघ संस्थाहरुको समेत सहयोग जुटाउँदै विभिन्न कठिनाइहरुको सामना गर्दै २०६५ जेष्ठ १५ गतेदेखि तेमालमा बिजुली बाल्न शुरु गरी २०७० जेष्ठ १२ गते तेमाल क्षेत्र पूर्णरूपमा विद्युतीकृत भएको घोषणा गर्न सफलता मिल्यो। यससँगै घर-घरमा उज्यालो पुगेको मात्र होइन, आर्थिक क्रियाकलाप, सामाजिक विकास र आधुनिक जीवनशैलीका ढोका विस्तारै खुल्दै गयो।

तिमाल सामुदायिक ग्रामीण विद्युतीकरण सहकारी संस्था लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै विकट तिमाल क्षेत्रलाई प्राथमिकतामा राखेर ऊर्जा-सेवा विस्तार गर्दै आएको छ। भौगोलिक रुपमा पहाडी भूभाग भएकाले सेवा विस्तारका हिसाबले अति खर्चिलो मानिने यो क्षेत्रमा विद्युत् सेवा पुऱ्याउनु आफैँमा साहसिक र जनमुखी कदम हो। यस्तै कठिन परिस्थितिमा पनि संस्थाले निरन्तरता दिन सक्नुमा सञ्चालक समिति र विभिन उपसमितिहरुको सक्रियता र कर्मचारीहरूको अनुशासित लगनशीलताले मुख्य भूमिका खेलेको छ।

संस्थाको आफ्नै कार्यालय भवनबाटै सेवा दिइरहेको अवस्था छ। संस्थाको भवन निर्माण गर्न तत्कालीन ठूलोपर्सेल गाविसबाट जग्गा उपलब्ध भएको र तेमाल गाउँपालिकाको सम्पूर्ण लगानीमा चार कोठा पक्की भवन निर्माण गरी संस्थालाई हस्तान्तरण भएको हो। अहिले पनि निरन्तर स्थानीय तहबाट विधुतीय संरचना सुधार एवं गुणस्तरीय विद्युत्को लागि आवश्यक आर्थिक एवं भौतिक सहयोग भइरहेको छ। संस्थाको विषेशगरी मुख्य सम्बन्ध नेपाल विद्युत प्राधिकरणसँग रहन्छ। तसर्थ, नेपाल विद्युत प्राधिकरण र यस संस्थाबीच हरेक गतिविधिमा समन्वय गर्दै कार्य हुँदै आएको छ।

बिजुलीलाई बत्ती बाल्ने कार्यमा मात्र सीमित नराखी विद्युत्को परिप्रयोगबाट ग्राहक तथा शेयर सदस्यहरुलाई आ-आफ्नो सीप दक्षताअनुसार विभिन्न उद्यमशिलतातर्फ अग्रसर गर्दै आएको छ। विविध कारणले घरमा लाइन जोड्न नसकेका ग्राहकहरुलाई जिआइजेडको आर्थिक सहयोगमा निःशुल्क मिटर वितरण उद्यम विकासको लागि सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघले सुलभ ऋणको सहयोग देखी विद्युतीय चुलो बजार

मुखी प्रवर्द्धन कार्यक्रम हुँदै आएको छ । यति मात्र नभई, उपभोक्तामैत्री शुल्क, दिगो संरचना, नियमित र गुणस्तरीय विद्युत् आपूर्ति, नयाँ प्रविधि अपनाउने प्रयास र घर-घरमा पहुँच अभिवृद्धिमार्फत यस संस्थाले तेमाल क्षेत्रका जनप्रतिनिधि तथा आम उपभोक्ताहरुमा सन्तुष्टि हासिल गर्न सकेको अनुभूति गर्न सकिन्छ ।

संस्थाको जनशक्ति तथा भौतिक अवस्था

क्र.सं	विवरण	शेयर रकम	संख्या	कि.मि	कैफियत
१	शेयर सदस्य संख्या	४८०७			
२	शेयर रकम	१६८१६०००|००			
३	भवन		१		
४	विस्तापित काठको पोल संख्या		५६०२		
५	फलामको पोल संख्या		५९०१		
६	एच.टी पोल		१०७८		
७	एच.टी तार			१८९	
७	एल.टी तार			९२४	
८	ट्रान्सफर्मर १०० केभिए		२७		
९	ट्रान्सफर्मर ५० केभिए		१७		
१०	ट्रान्सफर्मर खानेपानी तथा अन्य २५/५० केभिए		१३		
११	कर्मचारी संख्या		८		

संचालक समिति		महिला				पुरुष	जम्मा
		२			९		११
लेखा समिति		महिला				पुरुष	जम्मा
		१			२		३
गार्हस्थ	औद्योगिक	सि.फेज औद्योगिक	सिँचाइ	खानेपानी	धार्मिक स्थल	अन्य	जम्मा
५९३६	४६	२२६	२७	३०	३२	७०	६३६७

संस्थाले निरन्तर अफ्ठेरो परिस्थितीमा समेत आफ्नो जिम्मेवारी र कर्तव्य सम्झी कार्यसम्पादन गरेको छ। चुनौतीपूर्ण भौगोलिक अवस्था, सीमित पूर्वाधार, बजेट अभाव तथा मौसमजन्य जोखिमहरूबीच पनि दायित्वबाट विचलित नभई सेवा प्रदान गर्नु संस्थाको विशेषता रहँदै आएको छ। यस उपलब्धिलाई सम्भव बनाउन आर्थिक तथा प्राविधिक रूपमा सहयोग गर्ने सम्पूर्ण तेमालबासी, स्थानीय तह, जनप्रतिनिधिहरु, सरकारी निकायहरु, नेपाल विद्युत प्राधिकरण तथा विभिन्न सङ्घ-संस्थाहरूको निरन्तर साथ सहयोगप्रति संस्थाले हार्दिक धन्यवाद तथा कृतज्ञता प्रकट गर्दछ। साथै, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपाल अभिभावकको रुपमा सधैँ रही आएको छ।

संस्थाको कार्यालय भवन ।

मर्मत कार्य गर्दै प्राविधिक कर्मचारीहरु ।

ELECTRICMARK
ELECTRICMARK
के का लागि ?
विद्युत सहकारीहरुको लागि मीटर रिडीङ्ग, बिलिङ, अनलाइन बिल भुक्तानी, SMS, लेखाहिसाब ट्रान्सफर्मर रिपोर्ट जस्ता अभिलेख लाई आधुनिक कम्प्युटर प्रविधि द्वारा छिटो छरितो र सुरक्षित तथा पारदर्शी कार्य गर्नका लागि ।
थप सेवाहरू
Meter Reading Mobile App
Billing & Collection
SMS
Online Payment
Accounting
Customer Relation Management
Inventory Management
Water Quality Management
NRW Analysis
IoT & Automation System
Water intelligence
Asset Management & GIS Mapping
Human Resources Management System
GreenMark Waste Management System
GreenMark Irrigation Management System
GreenMark Forest Management System
Task Management System [TMS]
Standard Operational Procedure [SOP]
+977-9864265857, +977-9851094126
info@diyalotech.com
New Baneshwor, Kathmandu
DIYALO
Technologies Pvt. Ltd.

आवर्ती कोष व्यवस्थापन प्रकिया र उपलब्धिहरु

गोविन्द पौडेल

सामुदायिक विद्युतीकरण भएका स्थानीय विद्युत् संस्थाहरुको कार्यक्षेत्रभित्र प्रणाली सुदृढीकरण र उद्यम विकासलाई प्रवर्द्धन गर्ने हेतुले स्थापना भएको कोष नै आवर्ती कोष हो । स्थानीय समुदायको आर्थिक तथा सामाजिक जीवनमा परिवर्तन ल्याउने, गुणस्तरीय र दिगो विद्युत सेवामा मद्दत पुऱ्याउने, ग्रामीण स्तरमा सानासाना उद्यम विकासका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन दिने, आयआर्जन सीपमूलक कार्यमा स्थानीय समुदायलाई सहभागी गराई स्वावलम्बी र स्वरोजगार सिर्जना गर्ने आवर्ती कोषको उद्देश्य रहेको छ ।

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालले व्यवस्थापन गरेको जर्मन सहयोग नियोग (जिआइजेड) र नेपाल विद्युत प्राधिकरणबीच सम्झौता भई स्थापना गरेको आवर्ती कोषको व्यवस्थापन र सञ्चालन आवर्ती कोष व्यवस्थापन निर्देशिकाअर्न्तगत परिचालन र व्यवस्थापन हुँदै आएको छ । कोषको स्थापनाकालमा स्थानीय समुदाय र सामुदायिक संस्थाले विद्युतीकरण कार्यको निम्ति जम्मा गनुपर्ने रकममध्येको २० प्रतिशत रकम जम्मा गर्न कठिन भएको अवस्थामा आवर्ती कोषबाट ५ प्रतिशत ऋण लिई विद्युतीकरण गरी ऋण फिर्ता गर्ने कार्यविधि वमोजिम ऋण फिर्ता गर्ने गरिएकामा हाल विद्युतीकरणको काम पूर्ण हुन लागेको अवस्थामा ऊर्जामा आधारित व्यवसाय, विद्युतीय चुलो, ई-रिक्सा र प्रणाली सुदृढीकरण कार्यक्रममा सहुलियत ऋणको रुपमा यो आवर्ती कोषको प्रयोग भइरहेको छ ।

१) व्यवसायको प्रकार सेवा शुल्कको तालिका:

क्र.सं	ऋण लगानीको क्षेत्र	कर्जा रकम	समयावधि	सेवा शुल्क	किस्ता भुक्तानी प्रकृया
क	सामुदायिक संस्थाको लागि	रु २० लाखसम्म	१८ महिना	२ प्रतिशत	३ बराबर किस्तामा
ख	उद्यम विकासको लागि सदस्यहरुलाई संस्थामार्फत	रु ४ लाखसम्म	१८ महिना	५ प्रतिशत	३ बराबर किस्तामा
ग	विद्युतीय चुलो खरिदको लागि	रु ५ हजार सम्म	१८ महिना	५ प्रतिशत	३ बराबर किस्तामा
घ	ई-रिक्सा सञ्चालनको लागि संस्थामार्फत	रु ४ लाख	१८ महिना	५ प्रतिशत	३ किस्ता

नोटः सामुदायिक संस्थाका उद्यमीहरु स्थानीय संस्थाप्रति जवाफदेही रहनेछन् ।

२) ऋण माग गर्नका लागि आवश्यक कागजातहरु:

क) ऋण माग निवेदन,

ख) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

ग) कर चुक्ता प्रमाणपत्र,

घ) लेखा परीक्षण प्रतिवेदन,

ङ) सम्बन्धित गाउँपालिका तथा नगरपालिका वा वडा कार्यालयको ऋण सिफारिस पत्र,

च) सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालमा सदस्यता नवीकरण गरेको रसिदको प्रतिलिपी,

छ) ऋण उपलब्ध गराउन सम्बन्धित संस्थाको बैठकको निर्णयको प्रतिलिपी,

ज) संस्था दर्ता भएको कार्यालयको वैधताको प्रतिलिपी,

झ) सञ्चालनमा रहेका संस्थाहरुको हकमा नेपाल विद्युत प्राधिकरणसँगको सम्झौता नवीकरण प्रमाणपत्र र महशुल चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

ञ) तोकिएको समयावधिभित्र ऋण फिर्ता गर्ने प्रतिबद्धता पत्र र

ट) तोकिएको समयमा ऋण नबुझाएमा विद्युतीकरण कार्यक्रम स्थगन गर्न, विद्युत् लाइन कटौती गर्न मञ्जुर छौ भनी सामुदायिक संस्थाको कार्यसमितिले गरेको निर्णयको प्रतिलिपि र मञ्जुरीनामा ।

३) उद्यम व्यवसायमा ऋण माग आएमा संस्थाको लागि आवश्यक कागजातहरु:

क) उद्यमीको सम्बन्धित संस्थामा निवेदन पेश गरेको प्रतिलिपी,

ख) व्यवसाय दर्ताको प्रमाणको फोटोकपी,

ग) प्यान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,

घ) उद्यमीको व्यवसायिक योजना,

ङ) सम्वन्धित विद्युत् संस्थाको सिफारिस र निर्णय,

च) उद्यमीको नागरिताको प्रमाणपत्रको फोटोकपी र

छ) उद्यमीले महसुल बुझाएको तीन महिनाको बिल

४. यसको प्रभाव र उपलब्धि:

देशको उज्यालो नेपाल अभियानमा स्थानीय सामुदायिक विद्युत संस्थाहरु र महासंघ नेपालको समन्वयकारी महत्वपूर्ण योगदान रहेको सर्वबिदितै छ। आवर्ती कोषले देशको ग्रामीण विद्युतीकरण, त्यसको विस्तार दिगोपना र गुणस्तरीय विद्युत् सेवामा सहयोग पुर्‍याएको छ । यसका कारण समुदाय र सामुदायिक संस्थामा सहयोग पुगेको छ। बिजुलीबाट सञ्चालन हुने साना-साना उद्यम विकासको निम्ति सहुलियतमा उपलब्ध हुने यो आवर्ती कोषको ऋणले समुदायलाई आयआर्जन, उत्पादनमुखी कार्यमा लाग्न र रोजगारी सिर्जना भई स्वावलम्बी बन्न

उत्प्रेरित गरेको छ। विद्युतीय चुलोको प्रयोग र ई–रिक्सा सञ्चालनले समुदायको जीवनशैलीमा परिवर्तन ल्याएको छ। स्वदेशमा उत्पादन भएको विद्युत्को खपतमा समेत वृद्धि भएको छ। यसको कारण आयतित पेट्रोलियम पदार्थ र भान्सामा प्रयोग हुने एलपिजी ग्यासको प्रयोगमा समेत कमी आएको छ। इन्डक्सन चुलोको प्रयोगले भान्सामा हुने धुँवा धुलोमा कमी आएको छ भने वातावरण संरक्षणमा पनि योगदान पुगेको छ। विद्युतीय सामग्रीको परिप्रयोगले विद्युत् खपतमा वृद्धि भई स्थानीय सामुदायिक विद्युत् संस्थाको दिगो विकास, सञ्चालन र व्यवस्थापनमा थोरै भए पनि सहयोग पुग्ने अवस्था सिर्जना भएको छ।

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालबाट सञ्चालित आवर्ती कोष देशको बदलिँदो परिस्थिति र समुदायको अपेक्षा मागको रुपमा पर्याप्त छैन तर पनि यसले सिमित स्रोत साधनको प्रयोगले समाजमा केही सुधारका संकेतको सिर्जना गरेको छ। 'उज्यालो नेपाल अभियान'मा आर्थिक सहभागितासहित सहयोग र साझेदारको रुपमा उल्लेखनीय भुमिका र सहयोग पुऱ्याएको सामुदायिक कार्यक्रमलाई सहयोग र उत्प्रेरित गर्न नीतिगत स्पष्टतासहित लगानीमैत्री वातावरण निर्माण गरी सामुदायिक संस्थाहरुलाई जिम्मेवारी दिने हो भने महासंघको पहल र समन्वयमा हामी गाउँगाउँमा होइन, हामी घरघरमा उद्यमी, आयआर्जन र स्वरोजगार सिर्जना गर्न सक्छौँ। महासंघमार्फत सानो रुपमा सञ्चालित आवर्ती कोषबाट समाजमा केही सुधार र उपलब्धिका कामहरु भएका छन्। यसमा राज्यको प्रभावकारी सहयोग र भूमिका भएमा समुदायको जीवनमा परिवर्तन ल्याउन धेरै समय लाग्ने थिएन होला ? त्यसैले अब ढिला नगरी राज्यले समुदायसँगको सहकार्य, लगानीमैत्री वातावरणको लागि आफ्ना नीतिहरुमा नै परिवर्तन गर्न आवश्यक छ र सामुदायिक संस्थाहरुले स्वयं संस्थालाई सुशासनयुक्त ढाँचामा सञ्चालन गरी आवर्ती कोषको ऋण रकमलाई सदुपयोग गरी आ–आफ्नो सामुदायिक संस्थामा ऊर्जा खपत योजना समेत सञ्चालन गर्ने र उपयोग गर्ने अवसरलाई गुमाउनु हुँदैन।

(लेखक सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघका महासचिव हुनुहुन्छ)

झापा जिल्ला अधिवेशन सम्पन्न

झापा सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको पाँचौ झापा जिल्लाको अधिवेशन सम्पन्न भएको छ। झापा जिल्ला स्थित सामुदायिक विद्युतीकरण गरेका संस्थाहरुको सहभागितामा अधिवेशन सम्पन्न भएको हो। पाँचौ अधिवेशनबाट सर्वसम्मत रुपमा नेतृत्व चयन भएको छ। अध्यक्षमा चन्द्र बहादुर तामाङ्ग, उपाध्यक्ष फुलमाया गुरुङ्ग, सचिव मोहन खनाल, कोषाध्यक्ष नविन मैनाली, सह-सचिव चन्द्र देवी दाहाल र सदस्यहरुमा लोक बहादुर बस्नेत, लिलाधर राजवंशी, तेज बहादुर चोम्बाङ्ग, खिम माया चौलागाई, कोपिला सिलवाल, लक्ष्मी देवी लिम्बु, बम बहादुर तामाङ्ग सहितको कार्यसमिति सर्वसम्मत निर्वाचित हुनु भएको थियो। जिल्ला अधिवेशनमा कचनाकबल गाँउपालिकाका अध्यक्ष कालेन्द्र प्रसाद सिंह राजवंशीको प्रमुख आतित्यथामा, सम्पन्न कार्यक्रममा उपाध्यक्ष नवराज भट्टराई विशिष्ट अतिथि, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालका, महासचिव गोविन्द प्रसाद पौडेल र विद्युत प्राधिकरणको भद्रपुर वितरण केन्द्रका प्रमुख राजमणी बजगाई लगायत संस्थाहरुको सहभागितामा भएको थियो। सो अवसरमा शुभकामना मन्तव्य मार्फत उपस्थित अतिथिज्यूहरुले सामुदायिक विद्युतीकरणको समस्या, अवसर र चुनौतिको बारेमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता निवर्तमान अध्यक्ष चेतराज भट्टराईज्यूले गर्नु भएको थियो।

विद्युतीय दुर्घटना र सुरक्षाका उपायहरु

सुनिल थापा

आजको आधुनिक युगमा घरायसी, उद्योग, यातायात, कृषि तथा सेवा क्षेत्र विद्युत्मै निर्भर छन्। विद्युत् मानव सभ्यताको सबैभन्दा उपयोगी तर सम्भावित रूपमा खतरनाक आविष्कार पनि हो । त्यसैले जहाँ विद्युत् प्रयोग हुन्छ, त्यहाँ यसको जोखिम पहिचान, सुरक्षा र सही उपकरणहरूको छनोट अत्यन्तै महत्वपूर्ण हुन्छ । घरभित्र विद्युत् प्रयोगको सुरक्षित अभ्यास र बाहिर वितरण लाइनको सुरक्षित व्यवस्थापन दुवै एकैसाथ मजबुत हुनु जरूरी छ, नत्र यसले कुनै पनि समयमा ठूलो दुर्घटना निम्त्याउन सक्छ । नेपाल जहाँ ग्रामीण तथा शहरी दुबै क्षेत्रमा वितरण संरचनाहरू विस्तार भइरहेका छन्, विद्युतीय सुरक्षामा हुने कमजोरीले मानवीय क्षति, आगलागी, सम्पत्तिको नोक्सानी तथा लामो अवधिको प्रणाली अवरोध निम्त्याउन सक्छ । त्यसैले, विद्युतीय सुरक्षालाई व्यक्ति, घर, उपकरण, र सम्पूर्ण प्रणालीलाई एकै ठाउँमा हेरेर कार्यान्वयन गर्नु अपरिहार्य छ।

घरायसी विद्युतीय सुरक्षाः

घरमा प्रयोग गरिने बिजुली जति उपयोगी छ, उचित प्रयोग नगरिएको अवस्थामा यो खतरायुक्त पनि छ । देशको प्रायःजसो ठाउँमा विद्युत् पुगिसकेको अवस्थामा अहिले घर घरमा बत्ती, पङ्खा, टिभी, मोबाइल चार्जदेखि पानी तताउने मेसिनसम्म सबै काम विद्युत्बाटै चल्छन् । विशेषगरी नेपालका ग्रामीण क्षेत्र, जहाँ धेरै घरहरू पुरानो वायरिङ, कमजोर अर्थिङ, सस्तो सामग्रीहरुको प्रयोगले विद्युतीय सुरक्षामा समस्या र चुनौती रहेका छन्, त्यहाँ घरायसी विद्युत् सुरक्षा अझै पनि संवेदनशील विषय बनेको छ।

घरभित्र करेन्ट लाग्ने घटना प्राय साना कारणले शुरू हुन्छन् । भिजेको हातले उपकरण समात्नु, विद्युतीय सामग्रीहरुलाई चिसो वा पानीको स्रोत भएको ठाउँमा राख्नु, तारको बाहिरी भाग (इन्सुलेसन) बिग्रिएको छ कि छैन भन्ने नहेर्नु, वा धेरै भारी उपकरण एउटै सकेटमा जोड्नु जस्ता कार्यहरु घरभित्रको विद्युतीय दुर्घटनाका कारण हुन्। यी सबै कुराले शरीरमा करेन्ट बग्न सक्छ र झड्काबाट लिएर गम्भीर चोट, बेहोस तथा मृत्युको मुखसम्म पुर्‍याउन सक्छ। विद्युतीय सुरक्षालाई ध्यान नपर्‍याउँदा सर्ट–सर्किट भई आगलागीको घटना पनि धेरै भएको पाइएको छ। विद्युत्को गुणस्तरीय उपकरण प्रयोग नगर्नुका कारण देशकै प्रमुख शहर काठमाडौँमा भएको आगलागीमा पनि करिब ६९ प्रतिशत आगलागी सर्ट–सर्किटको कारणले भएको देखिएको छ। शरीरमा देखिने विभिन्न प्रभाव शरीरबाट बग्ने करेन्टको मात्रामा निहित रहन्छ, जसको छोटो जानकारी निम्नानुसार छ।

शरीरमा देखिने प्रभाव	करेन्टको मात्रा
झनझनाउने	१.० मिलि एम्पियर
शरीरलाई क्षति नपुग्ने	५ मिलि एम्पियर
दुख्ने, पोल्ने	१५ मिलि एम्पियर
धेरै दुखाई, सास फेर्न गाह्रो, पोल्ने	२० मिलि एम्पियर
मृत्यु	५० मिलि एम्पियर

माथि उल्लेखित तथ्याङ्क औसत मात्र हुन् र यो मानिसको शरीरको वनोट र अवस्थाअनुसार करेन्टको मात्रा र त्यसबाट शरीरमा देखिने प्रभाव फरकफरक हुन सक्दछ।

वितरण प्रणालीको सुरक्षा

वितरण प्रणाली विद्युत् आपूर्तिको अर्को एउटा संवेदनशील अङ्ग भएकाले यसमा विभिन्न प्रकारका दुर्घटनाहरू हुनसक्ने सम्भावना हुन्छ । उच्च भोल्टेज तार भाँचिनु, ट्रान्सफर्मरमा आगलागी हुनु, पोल ढल्नु, तारहरु एक अर्कामा जुधेर सर्ट-सर्किट हुनु वा प्राकृतिक प्रकोपका कारण लाइन बिग्रनु, तथा अनधिकृत रूपमा लाइन छुनु वा उच्च भोल्टेज छेउमा काम गर्नुजस्ता घटनाले मानव ज्यान र सम्पत्तिमा गम्भीर जोखिम पैदा गर्न सक्छन् । कतिपय क्षेत्रमा पुरानो तार, कमजोर पोल र नियमित मर्मत नहुनुले पनि दुर्घटनाको सम्भावना अझ बढाउँछ।

विद्युतीय सुरक्षाका उपायहरु

विद्युतीय दुर्घटना हुन नदिन निम्न विभिन्न उपायहरु हुन सक्छन् :

- **घरायसी विद्युतीय सुरक्षाका उपायहरु**

  घरभित्र विद्युत् सुरक्षित राख्न सबैभन्दा पहिलो काम भनेको सुरक्षित वायरिङ सुनिश्चित गर्नु हो। धेरै घरमा वर्षौं पुरानो इन्सुलेशन बिग्रिसकेको तार वा भित्रका कन्डक्टर नाङ्गै देखिने अवस्थामा पनि त्यसैलाई चलाइन्छ। यस्तो पुरानो वा कमजोर वायरिङ तुरुन्तै जाँच गरी आवश्यक परे बदल्नु पर्दछ। शक्तिशाली उपकरणहरू जस्तैः हिटर, फ्रिज, इन्डक्शन कुकरका लागि छुट्टै लाइन र छुट्टै एम.सि.बी. राख्नु सबैभन्दा सुरक्षित अभ्यास हो। एउटै मल्टिप्लगमा धेरै उपकरण जोडेर चलाउने बानीमा परिवर्तन गर्नु पर्दछ, जसले

ओभरलोड र सर्टसर्किट जस्ता घटनाहरुलाई निर्मूल गर्न सक्दछ । प्रायः घरहरुमा एम.सि.बी.को प्रयोग गरिएको हुन्छ । यसले सर्ट-सर्किट हुँदा लाइनलाई बन्द त गरिदिन्छ तर करेन्ट लाग्नबाट भने बचाउन सक्दैन। त्यसैले घरभित्र सबैभन्दा धेरै ज्यान बचाउने सुरक्षा उपकरण भनेको RCCB (Residual Current Circuit Breaker) हो । यसले मानिसलाई करेन्ट लाग्न लाग्यो भने पलभरमै करेन्ट काटिदिन्छ र करेन्ट लाग्नबाट जोगाउँछ।

विद्युत् सुरक्षाको निम्ति हाम्रो व्यावहारिक ज्ञान पनि अत्तिनै महत्वपूर्ण रहेको हुन्छ । चिसो हातले विद्युतीय उपकरण नछुने, विद्युत्को तार अन्य प्रयोजन जस्तैः कपडा सुकाउने कार्यमा प्रयोग नगर्ने, मर्मतको समय मुख्य स्वीच बन्द गर्ने, तारहरु जोड्दा खुकुलोसँग नजोड्ने र विजुलीको काम/मर्मत गर्दा दक्ष प्राविधिकद्वारा गराउने गर्नु पर्दछ।

- **वितरण प्रणालीको विद्युतीय सुरक्षाका उपायहरु**

घरभित्रको विद्युत्तीय सुरक्षा जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण छ वितरण लाइनको सुरक्षा पनि । विद्युतीय वितरण लाइनको सुरक्षाको कुरा गर्दा पहिलो सुरक्षा भनेको मानवीय सुरक्षा नै हुन्छ। विशेषत वितरण लाइनमा काम गर्ने प्राविधिकहरु यस कुरामा बढी सतर्क रहन आवश्यक छ। वितरण लाइनमा काम गर्दा सबैभन्दा पहिला लाइनलाई पूर्ण रूपमा बन्द (shutdown) गरिएको छ कि छैन भन्ने सुनिश्चित गर्नपर्छ । कुन लाइनमा को काम गर्दैछ, कति समयसम्म र कसले स्वीच लक गरेको छ सबै स्पष्ट हुनुपर्छ । कामदारका लागि व्यक्तिगत सुरक्षा सामग्री (PPE) अनिवार्य विषय हो। पन्जा, हेल्मेट, सेफ्टी बेल्ट, सिँढी बेल्ट, बुट जस्ता आधारभूत सुरक्षाका सामग्री प्रयोग नगरी पोल वा ट्रान्सफर्मर नजिक जानु हुँदैन। पोल चढ्दा र तार तान्दा सन्तुलन बिग्रेर खस्ने खतरा पनि उत्तिकै हुन्छ। त्यसैले पोलको आधार मजबुत छ कि छैन, काठका पोल कुहिएको छ कि छैन भन्ने कुराहरू पहिले निरीक्षण गर्नु महत्वपूर्ण हुन्छ। यसका साथै वितरण प्रणालीमा प्रयोग भएका अति संवेदनशील क्षेत्रहरुमा चिन्हहरुको प्रयोग गरी सतर्कता गराउनु पर्दछ।

वितरण प्रणालीको मुख्य अंश भनेको ट्रान्सफर्मर हो । यसको सुरक्षा गर्नाले धेरै दुर्घटनाबाट जोगिई मानवीय तथा आर्थिक नोक्सानीबाट बच्न सकिन्छ । ट्रान्सफर्मरको सुरक्षा सुनिश्चित गर्न नियमित निरीक्षण, तेलको स्तर र गुणस्तर जाँच, तापक्रमको निगरानी र लोड व्यवस्थापन अत्यन्तै आवश्यक हुन्छ। तेल चुहावट र रेडिएटरमा माटो जम्नाले ट्रान्सफर्मरको तापक्रम बढी आगलागी हुनसक्छ । त्यसैगरी, ट्रान्सफर्मरलाई आकस्मिक सर्ट, ओभरलोड र चट्याङबाट बचाउन लाइटनिङ एरेस्टर र एचटी/एलटी फ्युज पूर्णरूपमा कार्यरत हुनु आवश्यक छ। राम्रो अर्थिङ्ग र सुरक्षित फेन्सिङले सार्वजनिक जोखिम पनि घटाउँछ।

वितरण लाइनमा आउने मुख्य जोखिम तारहरु एक आपसमा छुनु, पोल ढल्नु, रुखबुट्टाले लाइन छुनु आदि हुन्। रुख काट्ने, कन्डक्टर टाइट गर्ने, वा पोल सिधा गर्ने काम जनतामा जोखिम नपर्ने गरी गर्नुपर्छ। यी आधारभूत तर अनिवार्य उपाय अपनाउँदा वितरण लाइनमा सर्ट-सर्किट, आगलागी र बाक्लो बस्ती क्षेत्रका दुर्घटनाहरू धेरै हदसम्म रोक्न सकिन्छ।

निष्कर्ष

विद्युत् प्रणालीको सुरक्षामा सतर्कता र सही अभ्यास नै जीवन र सम्पत्तिको रक्षा हो। घरायसी, वितरण लाइन

र ट्रान्सफर्मर दुबैमा नियमित निरीक्षण, अर्थिङ्ग, उपयुक्त सुरक्षा उपकरण र व्यक्तिगत सुरक्षात्मक उपकरण प्रयोग आवश्यक छ। मर्मतसम्भार गर्दा लाइन पूर्णरुपमा बन्द गर्ने, सुरक्षित प्रक्रिया अपनाउने, र ओभरलोड वा खराब इन्सुलेसनबाट हुने जोखिमलाई न्यून गर्नाले विद्युतीय दुर्घटनाबाट बच्न सकिन्छ र विद्युत् सेवा भरपर्दो, स्थायी र सुरक्षित रहन्छ। त्यसैले विद्युत् प्रयोग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गर्ने सबै उपभोक्ताको लागि विद्युत् जडान भएका सम्बेदनशील ठाँउमा उच्च सतर्कता अपनाई सावधानीपूर्वक विद्युत्को प्रयोग गरी दुर्घटनाबाट आफू पनि बच्ने र सचेतना जागृत गरी अरुलाई पनि बचाउन सकिन्छ।

(लेखक सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघमा कार्यरत इन्जिनीयर हुनुहुन्छ।

धौलागिरी
मेशिनरी एण्ड टुल्स सप्लायर्स प्रा. लि.
जीपपार्क-०२, बागलुङ्ग ०६८-५२२१०१
प्रो. सुर्य गौतम
मो. ९८५७६६८३१२


हाम्रा सेवाहरु:
मिनी ट्रिलर, कम्बाईन मिल, चेन स:, ढुंगा, खानी, फर्निचर, क्रसर, ग्रिल उधोगहरुमा लाग्ने मेसिन, इन्डक्सन चुलो तथा औजारहरु सुपथ मुल्यमा पाइन्छ।

विद्युतीय चुलोको दिगो बजार विकास परियोजना

सुशिला गौतम

नेपाल जलविद्युत उत्पादनको दृष्टिले समृद्ध राष्ट्र हो । देशको विद्युत् उत्पादन क्षमतामा विगत केही वर्षयता उल्लेखनीय वृद्धि भएको छ, तर घरायसी र व्यावसायिक उपभोग पर्याप्त रुपमा विस्तार हुन सकेको छैन । घरायसी खाना पकाउने क्षेत्रमा अझै पनि धेरै परिवार एलपी ग्यास, दाउरा र मट्टितेलमा निर्भर छन् । यस प्रकारको परम्परागत इन्धन प्रयोगले घरभित्र धुवाँ र प्रदूषण बढाउँछ, स्वास्थ्य जोखिम निम्त्याउँछ र आर्थिक भार थप्छ, वातावरणीय दृष्टिले पनि ठूलो कार्बन उत्सर्जन गर्छ । यथार्थमा, घरायसी खाना पकाउने परम्परागत प्रणालीले कार्बन उत्सर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ, जसले देशको स्वच्छ ऊर्जाको लक्ष्यमा अवरोध पुऱ्याउँछ । यस्तो चुनौतीको समाधानका लागि विद्युतीय चुलोको प्रयोगलाई दिगो, सुरक्षित र प्रभावकारी तरिकाले विस्तार गर्नु अत्यन्त आवश्यक छ । दिगो ऊर्जा, वायु प्रदूषण न्यूनीकरण, घरायसी स्वास्थ्य सुधार र दिगो आर्थिक विकासका लागि यो प्रविधि अत्यन्त प्रभावकारी माध्यम हो । विशेषगरी ग्रिड पहुँच भएका ग्रामीण तथा शहरी क्षेत्रमा विद्युत् खपतको अनुकूल उपयोग गर्दै स्वच्छ खाना पकाउने प्रविधिलाई प्रवर्द्धन गर्ने "विद्युतीय चुलोको दिगो बजार विकास परियोजना" सञ्चालन भई केही उपलब्धि हासिल गरेको छ ।

नेपालमा स्वच्छ ऊर्जा प्रवर्द्धन, सुरक्षित खाना पकाउने प्रविधि, आर्थिक बचत र कार्बन उत्सर्जनमा उल्लेखनीय कमी ल्याउने लक्ष्यका साथ जिआइजेड एन्डेभको आर्थिक सहयोगमा सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपाल र प्राक्टिल एक्सनको सहकार्यमा "विद्युतीय चुलोको दिगो बजार विकास परियोजना" १ नोभेम्बर २०२३ मा शुरु भएर ३० सेप्टेम्बर २०२५ मा

समापन भएको थियो। गण्डकी प्रदेशको पर्वत, बाग्लुङ, म्याग्दी, स्याङ्जा जिल्ला र कोशी प्रदेशको झापा, पाँचथर, ताप्लेजुङ, उदयपुर र सोलुखुम्बु जिल्लामा रहेका उपभोक्ताहरुमाझ विद्युतीय चुलोको कार्यक्रम सञ्चालन भएको थियो। परियोजनाअन्तर्गत गण्डकी प्रदेशमा करिब नौ हजार १०० विद्युतीय चुलो उपभोक्ता समक्ष पुऱ्याइएको थियो भने कोशी प्रदेशमा ११ हजार ९०० विद्युतीय चुलो प्रवर्द्धन गरिएको थियो।

परियोजना मुख्यरुपमा घरायसी उपभोक्तालाई लक्षित गर्दै बजार प्रर्वद्धन आधारित दिगो प्रणालीको विकासमा केन्द्रित थियो। उपभोक्ताको व्यवहार, खरिद क्षमता, उपकरणको प्राथमिकता र प्रविधि अवरोधबारे विस्तृत अध्ययन गरिएको र अध्ययनबाट कुन क्षेत्र, समुदायमा कुन प्रकारको विद्युतीय चुलो प्रभावकारी हुन्छ भन्ने स्पष्ट चित्र प्रस्तुत भएको थियो। बजार अध्ययन र गुणस्तर सम्बन्धमा समुदायमा चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरी यसमा विद्यालय, महिला समूह, सामुदायिक संस्थाहरु डिजिटल प्रविधि प्रयोग गरी विद्युतीय चलोको सुरक्षित प्रयोग, ऊर्जा बचत र आर्थिक लाभबारे जनचेतना फैलाइ इन्डक्सन चुलोजस्ता उपकरण प्रयोग गर्दा विद्युत महसुलमा धेरै वृद्धि नहुने र खाना पकाउने समय कम हुने तथ्यहरु उपभोक्तामाझ जानकारी गराइएको थियो।

परियोजनाबाट विद्युतीय चुलो बिग्रिएमा मर्मत गर्ने प्राविधिकहरु कम हुनु, आवश्यक अतिरिक्त सामान (स्पेयर पार्ट्स) नपाइने जस्ता चुनौतीहरु समाधान गरिएको थियो। स्थानीय इलेक्ट्रिसियन र टेक्निसियन (प्राविधिकहरु)लाई विद्युत् जडान, मर्मतसम्भार र सुरक्षा उपकरण प्रयोगबारे प्रशिक्षण दिनका साथै विक्रेता र वितरकलाई गुणस्तर व्यवस्थापन, ग्राहक सेवा र बजार विस्तारसम्बन्धी तालिम प्रदान गरिएको थियो। निजी क्षेत्रको सहभागिता प्रोत्साहित गरी ग्रामीण बजारमा वितरण प्रणाली बलियो बनाई विपन्न परिवार, एकल परिवार, पिछडिएका समूहलाई लक्षित अनुदान उपलब्ध गराइएको थियो। परियोजनामार्फत २००० w को चुलोमा रु.२०७० र १४०० w को चुलोमा रु.एक हजार ७५० अनुदान उपलब्ध गराउँदै भान्साको वायरिङ्गमा रु.एक हजार ६५० का दरले विपन्न परिवार, एकल महिला, पिछडिएका समूहलाई वायरिङ्ग खर्च र चुलो प्रयोग गरेबापत बढेको विद्युत् महसुलमा चार महिनासम्म रु.१३७ प्रतिमहिनाका दरले अनुदान प्रदान गरिएको थियो। यसरी विद्युतीय चुलोको प्रर्वद्धन र विद्युतको पहुँच विस्तार हुँदा परियोजनाका अतिरिक्त सक्षम परिवारहरुमा विद्युतीय चुलो प्रयोग गर्ने आकर्षण वृद्धि भई स्वतस्फूर्त बजार समेत विकास भएको थियो।

चुलोको प्रयोगपछि घरभित्र धुवाँ कम भएपछि परिवारको स्वास्थ्यमा समेत सुधार आई खाना पकाउने समय तथा श्रम बचत भयो। एलपी ग्यास तथा दाउरा खर्चमा बचत हुँदा वार्षिक हजारौँ रुपैयाँको आर्थिक लाभ उपभोक्ताले अनुभव गर्नसके। वातावरणीय दृष्टिले हेर्दा, दाउरा तथा मट्टितेल कम प्रयोग हुँदा वन संरक्षणमा सहयोग पुग्नुका साथै कार्बन उत्सर्जनमा उल्लेखनीय कमी हुन सक्यो।

विद्युतीय चुलोको दिगो बजार विकास परियोजना वास्तवमै दिगोपनको दृष्टिले अत्यन्त प्रभावकारी मोडेल बनेको छ। निजी क्षेत्र, समुदाय र स्थानीय सरकारबीचको सहकार्यले परियोजनाको स्थायित्व सुनिश्चित गरेको छ। प्राविधिक सेवा केन्द्र उपलब्ध हुँदा चुलोको आयु, मर्मत-सम्भारको निरन्तरता कायम रहेको छ। एकपटक उपभोक्ताले विद्युत चुलो अपनाएपछि पुनः ग्यासमा फर्कने सम्भावना न्यून हुँदै गएको छ, जसका कारण व्यावहारिक रुपमा परिवर्तन भएको छ। ऊर्जा उत्पादनमा आत्मनिर्भर हुन लागेको अवस्थामा नेपालको सन्दर्भमा विद्युतीय चुलोले वातावरणमैत्री र लागत प्रभावी विकल्प प्रदान गर्ने कुरामा कुनै सन्देह छैन।

२. परियोजनाको मुख्य उद्देश्य

विद्युतीय चुलोको दिगो प्रयोगलाई प्रवर्द्धन गर्दै ऊर्जा उपयोगको दक्षता, स्वास्थ्य सुधार, महिलाको श्रमभारमा न्यूनीकरण र वातावरणीय संरक्षण सुनिश्चित गर्नु मुख्य उद्देश्य थियो ।

जस्तै :

- घर-घरमा विद्युतीय चुलोको पहुँच वृद्धि
- दिगो तथा सुरक्षित विद्युत् संरचना निर्माण
- विद्युत लोड व्यवस्थापन र दक्ष उपयोग
- घरायासी परम्परागत ऊर्जा खर्चमा कटौती
- कार्बन उत्सर्जन घटाएर जलवायु परिवर्तन न्यूनीकरण
- विद्युतीय चुलोको दिगो बजार प्रर्वद्धन र बजारीकरण

३. परियोजनाका मुख्य गतिविधिहरू

- घर-घरमा विद्युतीय चुलो प्रर्वद्धन, वितरण, अनुदान प्रदान र प्रभावकारिताबारे समुदायमा जनचेतना फैलाउने,
- भान्साको वायरिङ्ग, क्षमता पहिचान र सुधार गर्ने,
- विद्युत् सुरक्षा, मर्मतसम्भार तालिम सञ्चालन गर्ने,
- भार विष्लेषण (Load Analysis) गर्ने,
- समुदायस्तरीय ऊर्जा साक्षरता कार्यक्रम गर्ने,
- अनुगमन, तथ्याङ्क सङ्कलन र व्यवहार परिवर्तन अभियान गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन गर्ने,
- चुलो प्रयोग गरेबापत बढेको विद्युत् महसुल छुट गराउने,
- माग व्यवस्थापन गर्ने ।

४. परिणाम (नतिजा)

४.१ **सामाजिक क्षेत्रमा :**

- खाना पकाउन लाग्ने समय तथा श्रम घट्ने,
- स्वास्थ्यमा सुधार,
- घरभित्रको धुवाँबाट हुने रोगमा कमी,
- घरायसी सुरक्षामा वृद्धि ।

४.२ **आर्थिक लाभ :**

- दाउरा किन्नु नपर्ने, एलपी ग्यास खर्च न्यूनीकरण हुने,
- दीर्घकालमा कम लागतमा खाना पकाउने सुविधा,
- ऊर्जा आयातमा निर्भरता घटेर अर्थतन्त्रको राष्ट्रिय बचत ।

४.३ **पर्यावरणीय लाभ :**

- कार्बन तथा अन्य प्रदूषणयुक्त उत्सर्जन घट्ने र वातावरण सन्तुलन हुने,
- वन विनास रोकथाम हुने,
- स्वच्छ ऊर्जा प्रयोगका लक्ष्य पूरा गर्न सहयोग (एस.डि.जी) ।

५. परियोजना शुरु भएपछि समुदायमा परेको प्रभाव र सुधार :

- स्थानीय सरकारसँग समन्वय बढेर जानु,
- विद्युत संरचना (Distribution System) सुदृढीकरण गर्न अवसर तयार हुनु,
- समुदायमा अपनत्वको विकास हुनु,

- नियमित मर्मत, सेवा र अनुगमन बढेर जानु,
- नीति तथा अनुदान कार्यक्रमसँग एकीकृत व्यवस्थापन सहज हुँदै जानु,
- गुणस्तर र गुणस्तरीयतामा सामाजिक जागरण आउनु ।

६. उपलब्धिहरुः

- परियोजनाअर्न्तगतका गण्डकी र कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा २० हजार ९६५ विद्युतीय चुलोको प्रर्वद्धन गरिएको थियो ।
- ३७ वटा सामुदायिक विद्युत् संस्थाहरु प्रत्यक्ष लाभान्वित भएका थिए ।
- ३० वटा स्थानीय विक्रेताहरुको बजार स्थापना गरिएको थियो ।
- १५ वटा महिला सशक्तीकरण कार्यक्रममार्फत ६५० भन्दा बढी सहभागीहरु लाभान्वित भएका थिए ।
- आर्थिक रुपले विपन्न, एकल महिला, दलित घरपरिवारको भान्सामा वाइरिङ सुधार कार्यक्रमअर्न्तगत एक हजार ४३२ वटा भान्सामा वायरिङ्ग सुधार गरिएको थियो ।
- सामुदायिक विद्युत् संस्थाका २२३४ र नेपाल विद्युत प्राधिकरणका एक हजार ४८६ ग्राहकलाई विद्युत् महशुलमा छुट प्रदान गरिएको थियो ।
- चुलो अनुगमन सामुदायिक संस्थाबाट दुई हजार ८११ र सामाजिक परिचालक बाट सात हजार ७४ भएकामा ५६ प्रतिशतले कम्तिमा एक पटक चुलो प्रयोग गरेको पाइएको थियो ।
- १९९ जनालाई प्रत्यक्ष रोजगारीको सिर्जना भएको थियो ।

७. निष्कर्ष

“विद्युतीय चुलोको दिगो बजार विकास परियोजना” नेपालका घरघरमा स्वच्छ ऊर्जा, स्वास्थ्य सुधार, वातावरणीय संरक्षण र आर्थिक फाइदा पुऱ्याउने दीर्घकालीन परियोजना थियो । नेपाल जस्तो जलविद्युत्मा सम्पन्न राष्ट्रमा विद्युतीय चुलो केबल उपकरण मात्र नभई ऊर्जा रूपान्तरण, दिगो विकास र राष्ट्रिय आत्मनिर्भरता दिशातर्फको महत्वपूर्ण कदम थियो । यस परियोजनाले नेपालका ग्रामीण क्षेत्रहरुमा विद्युतीय चुलोको प्रविधि मात्र होइन, यसले महिला सशक्तीकरण, विभिन्न प्रादेशिक र स्थानिय तहसँग सहकार्य, स्थानिय विक्रेता तथा प्राविधिकहरुको विकास र सामुदायिक विद्युत् संस्थाहरुको विद्युत् खपत बढाई दिगोपनतर्फ प्रेरित गरी विद्युतीय चुलोको दिगो बजार विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । परियोजना सम्पन्नपश्चात् समुदाय र व्यापारीबीचको सम्बन्ध प्रगाढ भई दिगो बजार विकास बढाउन यो परियोजनाले उल्लेखनीय भूमिका खेलेको छ ।

सामुदायिक विद्युतीकरण : घर घरमा गुणस्तरीय विद्युतको प्रयोग सबैका लागि उज्यालो भविष्य ।

नेपालमा विद्युतीकरणको दाबी, तथ्य र वास्तविकता

शिशिर आचार्य

नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणले पछिल्ला वर्षहरुमा देश ९९ प्रतिशत विद्युतीकरण भइसकेको दाबी गर्दै आएको छ । कागजी तथ्याङ्कलाई हेर्दा यो उपलब्धि निकै ठूलो जस्तो देखिन्छ र हो पनि । सरकारी प्रतिवेदनहरुले विद्युत् पहुँचलाई विकास सूचकको रुपमा चित्रित गर्छन्, जसले राष्ट्रले छिटो प्रगति गरिरहेको सन्देश दिन खोज्छ । जब वास्तविक अवस्थालाई नजिकबाट अवलोकन गरिन्छ-विशेषगरी ग्रामीण, पहाडी तथा दुर्गम क्षेत्रमा-यो दाबी पूर्ण सत्यसँग मेल खान नसक्ने अनेकौं आधार भेटिन्छन् । व्यवहारमा जनताले भोग्नुपरेको सेवा, आपूर्ति गुणस्तर, भोल्टेज स्थिरता, मर्मत व्यवस्थापन, अवरोधको दर जस्ता सूचकहरु हेर्दा नेपाल अझै 'गुणस्तरीय विद्युतीकरण' को बाटोमा धेरै टाढा छ ।

नेपालमा 'विद्युतीकरण' शब्दको सरकारी परिभाषा मुख्यतः भौतिक पहुँचमा केन्द्रित छ-ग्रिड पुगेको छ कि छैन, पोल तार जडान भएको छ कि छैन, घरमा मिटर राखिएको छ कि छैन-यिनै आधारमा कुनै गाउँ वा क्षेत्रलाई विद्युतीकरण भएको वा नभएको भनिन्छ । सरकारका अनुसार पोल, तार छ भने, मिटर जडान छ भने वा लघु जलविद्युत्/सोलार जडान भए पनि-पुरानो, बिग्रिएको वा चल्न नसक्ने अवस्थामा पनि त्यो क्षेत्रलाई 'विद्युतीकरण' को सूचीमा राखिन्छ । यही कारणले कागजमा ९९ प्रतिशत विद्युतीकरण देखिए पनि वास्तविकतामा धेरै ठाउँमा बत्ती हुँदैन, भए पनि चल्न नसक्ने गुणस्तरको हुन्छ, अत्यधिक भोल्टेज ड्रप हुन्छ, वा घण्टौंसम्म ट्रिप हुने अवस्था रहिरहन्छ । यसले देखाउँछ कि सरकारी तथ्याङ्कले सेवा गुणस्तरलाई भन्दा पनि पोल, तार जडानलाई विद्युतीकरणको प्रतिशतमा मूल्यांकन गरेको पाइन्छ ।

ग्रामीण क्षेत्रमा अझै उल्लेखनीय चुनौतीहरु छन् । ठाउँ-ठाउँमा लाइन पुगेको छ तर ट्रान्सफर्मर पर्याप्त क्षमताको छैन । कतिपय ठाउँमा तार त तानिएको छ तर लाइन चार्ज गरिएको छैन। कतिपय बस्तीमा पोल-तार जडान भएर वर्षौं बितिसक्दा पनि घर परिवारहरुले मिटर जडान गर्न सकेका छैनन् । मुख्यतः मिटर जडान शुल्क, घरभित्रको वायरिङ र मासिक बिल तिर्ने आर्थिक क्षमताको अभावका कारण ती घरहरु व्यवहारमा अँध्यारोमै बसिरहेका छन्, तर सरकारी कागजमा भने ती गाउँलाई 'विद्युतीकरण' भनेरै राखिएको छ।

गाउँ-टोलमा विद्युत् सेवा पुगेका ठाउँहरुमा पनि आपूर्ति निरन्तरता एक प्रमुख चुनौती बनेको छ । धेरै फिडर ओभरलोडेड छन्, ट्रान्सफर्मर क्षमता पर्याप्त छैन, संरचना तथा लाइन मर्मत कमजोर छ । त्यसले गर्दा वर्षैभरि लाइन पटक-पटक ट्रिप हुने, घण्टौंसम्म बत्ती नआउने, अत्यन्तै न्यून भोल्टेजका कारण विद्युतीय उपकरण चल्न नसक्ने अवस्था निकै सामान्य देखिन्छ । मोटर स्टार्ट नहुने, फ्रिज नचल्ने, इन्वर्टर तथा संवेदनशील उपकरण क्षति हुने जस्ता समस्या पटक-पटक देखिन्छन् । यस्तो अवस्थामा "बत्ती त छ", तर "प्रयोग योग्य छैन"- यही वास्तविकता नेपालको ग्रामीण क्षेत्रमा छरपस्ट देखिन्छ।

लघु जलविद्युत् प्रणालीका क्षेत्रहरुमा त समस्या अझ गम्भीर छ। धेरै ठाउँमा यी आयोजना कागजमा सीमित रहेको अवस्था छ । नेपालको जलविद्युत् उत्पादन र वितरणलाई स्मरण गर्दा विगतमा उज्यालोका लागि यो विधि अत्यन्त उपायोगी थियो । समय सन्दर्भ परिवर्तन हुँदा, पानीका मुहान सुक्दै जाँदा र राष्ट्रिय ग्रिड ग्रामीण क्षेत्रमा पुग्दा यस्ता इतिहास बोकेका आयोजनाहरु अलपत्र छन्, लगानी खेर गएको छ यसलाई पूनजीर्वित गरी सम्भवतः ऊर्जालाई राष्ट्रियकरण गर्न जरुरी छ । मर्मतका लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत अभावका कारण महिनौंसम्म प्रणाली बन्द रहने अवस्था देखिन्छ। केही ठाउँमा ८-१० घण्टा मात्रै बत्ती आउँछ, आए पनि भोल्टेज अत्यन्तै कम हुन्छ, जसले गर्दा उपभोक्ताले वास्तविक लाभ लिन सक्दैनन्। यस्ता प्रणाली सरकारी रिपोर्टमा 'विद्युतीकरण' को हिस्सा भए पनि उपभोक्ताले पाउने सेवाको गुणस्तर निकै न्यून छ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा अझै धेरै गाउँ-बस्तीहरु सानो घरेलु सोलारमा मात्र निर्भर छन्, केही ठाउँमा त त्यो पनि छैन । कतिपय स्थानमा पोल पुगेको छ तर ट्रान्सफर्मर छैन, तार तानिएको छ तर लाइन सक्रिय छैन। यस्ता बस्तीहरुलाई पनि विद्युतीकरण भनेरै रिपोर्ट गरिने हुँदा कागजी तथ्याङ्क र वास्तविकताबीच ठूलो अन्तर देखिन्छ।

सरकारले विद्युत् पहुँचको वास्तविकता पारदर्शी बनाउन 'गुणस्तरीय सूचक' सार्वजनिक गर्नैपर्ने अवस्था छ । केबल बत्ती पुगेको आधारमा होइन, बत्ती कति गुणस्तरीय छ, कति विश्वसनीय छ, कति उपलब्ध छ-यी सूचक आधारभूत मानक हुनुपर्छ। SAIDI (System Average Interruption Duration Index) र SAIFI (System Average Interruption Frequency Index) जस्ता अन्तर्राष्ट्रिय सूचक नेपालमा प्रायः सार्वजनिक नै गरिँदैनन्, जसले गर्दा अवरोधको वास्तविक अवस्था लुकेर बस्छ। भोल्टेज स्थिरता, ट्रान्सफर्मर लोड-फ्याक्टर, फिडर ओभरलोड दर, अफोर्डेबिलिटी इनडेक्स (उपभोक्ताले कति सहजै सेवा वहन गर्न सक्छन्) तथा ग्रामीण क्षेत्रमा आपूर्ति गुणस्तर जस्ता सूचकहरु सरकारले अनिवार्य रुपमा मापन र प्रकाशन गर्नुपर्ने आवश्यकता स्पष्ट देखिन्छ।

यी सूचकहरुले मात्र नेपालले कागजातमा होइन, जनजीवनमा कस्तो सेवा पाएको छ भन्ने वास्तविकता देखाउन सक्छ । विद्युत् सेवा केवल जोडिएको वा नजोडिएको प्रश्न होइन, यो सेवाको विश्वसनीयता,

उपलब्धता, वहन क्षमता, भोल्टेज स्थिरता र मर्मत व्यवस्थापनको गुणस्तरमा निर्भर हुन्छ।

निष्कर्षका रुपमा भन्नुपर्दा–नेपालले कागजमा ९९ प्रतिशत विद्युतीकरण गरेको दाबी गर्न सक्छ, तर शत प्रतिशत गुणस्तरीय, निरन्तर, सुरक्षित र पहुँचयोग्य विद्युत् सेवाको लक्ष्य भने अझै धेरै टाढा छ। जबसम्म सरकारले सेवा गुणस्तरका सूचकहरुलाई प्राथमिकता दिँदैन, वास्तविकतामा सुधार हुँदैन र कागजी प्रगति जनताले महसुस गर्नसक्ने वास्तविक उपलब्धिमा रुपान्तरण हुन सक्दैन। जब जनताले विद्युत्लाई नियमित भरपर्दो र गुणस्तरीय रुपमा प्रयोग गर्न पाउँछन्, तब मात्र विद्युत्को उपादयता बढेर जान्छ। यसका लागि स-साना माइक्रो-हाइड्रोबाट उत्पादित विद्युत्लाई समेत एकीकरण गरी ऊर्जाको स्रोत बलियो बनाई प्रत्यक्ष जनताको घर र उपभोक्ताको प्रयोगमा सुनिश्चित गर्नुपर्छ।

(**लेखक महासंघमा कार्यरत इलेक्ट्रिकल इन्जिनियर हुनुहुन्छ**)

कविता चुलो मेरो साथी

प्रतिभा ढुंगेल

अब ग्यासको अभावको, डर छैन सजिलो भयो
धुवाँ-धुलो नउड्ने भो, भान्सा सधैँ चम्किने भयो
किफायती र स्वच्छ सफा, खाना पाक्ने छिटो भयो
विद्युतीय चुल्होमा पाक्दा, स्वाद मिठो हुने भयो ॥

भाँडा समाउँदा पोल्ने चिन्ता, मनैवाट टाडा गयो
सिलिन्डर पड्किने डर, सधैंलाई हराई गयो
स्वास्थ्यकर भाँडा सफा, कालो मैलो हट्ने भयो
सुरक्षासँगै सुविधाले, सन्तोष र आनन्द भयो ॥

यति धेरै लाभ पाउँदा, मन यसै रमाउँछ
भान्सामा काम गर्दा, मुहार आफैँ मुस्कुराउँछ
तर एक चाहना मेरो, नियमित विद्युत् आओस्
गुणस्तरीय विद्युत्ले, निरन्तरता सधैँ पाओस ॥

विद्युतीय चुलो मेरो, भान्सा घरको साथी बनोस्
विद्युतीय चुलोबाटै, आयातित इन्धन रोकोस्
सर्वसुलभ महशुलले, उपभोक्तालाई राहत मिलोस्
ढुक्कसँग विद्युतबाट, खाना पाक्ने अवसर मिलोस् ॥

लेखाप्रणाली संस्थागत सुशासनको मेरुदण्ड

रविन्द्र काफ्ले

संस्थालाई व्यवस्थित तरिकाले सञ्चालन गर्न ऐन, नियम, विनियम र कार्यविधि अनिवार्य हुन्छ। संस्थागत सुशासन कायम गर्न सकेमा संस्थाले लिएको Mission, दृष्टि, लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिन्छ। संस्थागत सुशासनको विभिन्न बहुआयमिक पक्षहरुमा आर्थिक पारदर्शता, नियमको पालना, जवाफदेहिता र स्रोतको उचित प्रयोगमा लेखाप्रणालीलाई लिन सकिन्छ। आर्थिक गतिविधिमा प्रभावकारिता कायम गर्न कानूनको पालनाको साथ नीति नियमप्रति थप प्रतिबद्धता आवश्यक रहन्छ।

लेखाप्रणालीको कार्य संस्था सञ्चालनको मेरुदण्ड हो। सुशासनका अन्य अङ्गहरुलाई गतिशील बनाउन लेखाको महत्वपूर्ण भूमिका रहन्छ। आर्थिक कारोबारमा निश्चित विधि र प्रक्रिया पुऱ्याई व्यवस्थित लेखा राख्न सकेमा संस्था सञ्चालनको अवस्था, कार्य दक्षता र प्रभावकारिताको अवस्था देखाउन सकिन्छ। आर्थिक रुपले कमजोर तथा सबल संस्थाहरुलाई पनि लेखा कार्य गर्नु अनिवार्य छ। आर्थिक गतिविधिमा आम्दानी, खर्च, सम्पत्ति दायित्व संख्यात्मक रुपले मापन गर्न लेखाप्रणाली बिना सम्भव रहँदैन।

कानून र सिद्धान्तको पालना गर्दै व्यवसायमा हुने आर्थिक कारोबारको व्यवस्थित अभिलेख राख्ने वर्गीकरण गर्ने, आवश्यक बिल भरपाइको संयोजन गर्दै निचोड निकाली सरोकारवाला पक्षलाई सूचना प्रदान गर्न, वित्तीय विवरण तयार गर्न सक्ने आधार विद्यमान रहेकाले लेखाप्रणालीलाई कला तथा विज्ञानको रुपमा चित्रण गर्न सकिन्छ। संस्थाको व्यावसायिक कारोबारमा वर्तमान अवस्था, विगतको मूल्यांकन र भविष्यको लागि योजना तर्जुमा गर्न लेखाप्रणालीको आवश्कता रहन्छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउँदै आर्थिक प्रशासनमा वित्तीय अनुशासन कायम

गर्न लेखाप्रणालीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यद्यपि, लेखाप्रणाली संस्थाको प्रमुख मेरुदण्ड हुनुको प्रमुख पक्षहरु बुँदागत रुपमा तल प्रस्तुत गर्न सकिन्छ ।

१. **नागरिक तथा सरकारप्रति उत्तरदायित्व हुनु** : संस्थाले व्यवसाय सञ्चालन गरेपश्चात् सरकारलाई तिर्नुपर्ने कर दायित्व निर्धारण गर्दै सरकारप्रति उत्तरदायी रहँदै संस्थाप्रति नागरिकहरुको विश्वास जित्न लेखाप्रणाली प्रभावकारी रहन्छ ।

२. **वित्तीय अवस्था चित्रण गर्नु** : वैधानिक तथा व्यवस्थित लेखाप्रणालीमार्फत संस्थाको यथार्थ वित्तीय विवरण, वर्तमान वित्तीय अवस्थाको मापनद्वारा सरोकारवाला वर्गलाई यथार्थ वित्तीय सूचना सम्प्रेषण गर्न सकिन्छ ।

३. **लगानी विस्तार तथा प्रतिफल प्रदान** : संस्थाको लागि स्रोत व्यवस्थापन खोजी गर्दै लगानी विस्तारमा थप योजना बनाउन लेखाप्रणालीको व्यवस्थित लेखामार्फत सम्भव छ । संस्थाको हालको सञ्चालन अवस्था सकारात्मक रहेमा वित्तीय तबरले नाफामुखी संस्थाले लगानीकर्तालाई प्रतिफल प्रदान गर्न सक्छ ।

४. **वित्तीय अनुशासन कायम गर्न**: प्राप्त लेखाका मान्यता, मापदण्ड पालना, बिल बिजकहरुको व्यवस्थित अभिलेख, भविष्यमा तथ्याङ्कमा सहज उपलब्धतामा सुनिश्चित लेखाप्रणालीमार्फत् अनियमिततालाई नियन्त्रण गर्न आन्तरिक तथा बाह्य लेखापरीक्षणद्वारा चुस्त दुरुस्त बनाउन सकिन्छ । यसमा व्यवस्थित लेखाप्रणाली पहिलो सर्त हुन आउँछ ।

५. **सार्वजनिक जवाफदेहिता कायम गर्न**: संस्थामा हुने आर्थिक कारोबारहरुलाई व्यवस्थित ढङ्गबाट अभिलेख राख्ने, सारांश निकाल्ने र सरोकारवालाप्रति सक्षम सूचना प्रवाह गर्दै सार्वजनिक रुपमा वित्तीय पारदर्शिता, वित्तीय अनुशासन कायम गर्न सकिन्छ । संस्थागत सुशासनको आधार खडा गर्न लेखाप्रणाली प्रभावकारी हुन जरुरी छ ।

६. **लेखाप्रणाली समग्र प्रणालीको रुपमा**: आर्थिक कारोबार, नियम कानून सिद्धान्तअन्तर्गत प्रवेश, प्रक्रियाको रुपमा जर्नल लेजर,सन्तुलन परीक्षण, अन्तिम मूल्याङ्कनको (रिजल्ट) रुपमा वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण, स्मामित्व पूँजी परिवर्तन, आय विवरण र लेखा टिप्पणी रहने भएकाले लेखाप्रणाली समग्र आर्थिक प्रणालीको रुपमा लिन सकिन्छ ।

तसर्थ, संस्थामा लेखाप्रणाली आर्थिक कारोबारको व्यवस्थित अभिलेख राख्ने, वर्गीकरण गर्ने सारांश निकाल्दै वित्तीय प्रतिवेदनहरु मार्फत सरोकारवालाहरुलाई सूचना प्रदान गर्ने पूर्ण कार्य हो । प्रभावकारी लेखाप्रणालीमार्फत् व्यवसायको नाफा नोक्सान, वित्तीय अवस्थाको जानकारी, नीति तर्जुमा, व्यवसाय विस्तार र लगानीको प्रतिफल विवरण गर्ने कार्यसम्म लेखाप्रणाली बृहत कार्यक्षेत्र रहेको हुन्छ । आन्तरिक नियन्त्रण कायम गर्न, वित्तीय पारदर्शिता, वित्तीय अनुशासन कायम गर्दै संस्थागत सुशासन प्रबर्द्धनमार्फत संस्थालाई दिगो र प्रतिफलमुखी बनाउन लेखाप्रणाली महत्वपूर्ण हुने भएकोले कुनै व्यावसायिक क्षेत्रका संस्थामा लेखाप्रणालीलाई सुशासनको प्रमुख मेरुदण्डको रुपमा लिन सकिन्छ । लेखाप्रणालीलाई आर्थिक नियम विनियमको आधारमा चुस्त दुरुस्त र पारदर्शी बनाउने हो भने मात्र संस्थाको सुशासन मापनमा लेखाप्रणाली प्रमुख औजार हुन सक्दछ ।

(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालका लेखा अधिकृत हुनुहुन्छ)

संस्था परिचय :

सर्दी ग्रामीण विद्युत वितरक सहकारी संस्था लि.

नवलपुर

“गाउँघर टोल-टोलमा फाट्दै अन्धकारको जालो, सर्दी ग्रामीण विद्युतले ल्यायो घरघरमा झिलीमिली बत्तीको उज्यालो” भन्ने मूल नाराका साथ नवलपुरको विनयी त्रिवेणी गाउँपालिकाको ग्रामीण वस्तीहरुमा केन्द्रिय प्रसारणमार्फत विद्युतीकरण गर्ने उद्देश्यका साथ २०६६ जेठ ६ गते शुरु भएको विद्युतीकरण अभियान समितिको पहलमा विधिवत् रुपमा “सर्दी ग्रामीण विद्युत् वितरक सहकारी संस्था लि.स्थापित भएको थियो । विद्युतीकरण र ग्राहक सेवा सञ्चालनका लागि नवलपरासी जिल्ला (हाल नवलपुर) मा दर्ता भएको पहिलो विद्युत् सहकारी संस्था हो । विद्युत् सुविधाको पहुँच विस्तार, नवीकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धन गर्दै जीविकोपार्जनका लागि सामुदायिक पद्धतिमा आधारित सहकारीमार्फत ग्रामीण विद्युतीकरण गर्दै सामुदायको सामाजिक, आर्थिक विकास गर्ने लक्ष्यका साथ सञ्चालित संस्थाले नवलपुर जिल्लाको विनयी त्रिवेणी गाउँपालिका ३, ४ र ५ वडामा विद्युतीकरणको कार्य गर्दै आइरहेको छ ।

संस्थाले विद्युतीकरण तथा ग्राहक सेवासञ्चालन सम्झौता गरी २०७२ जेठ ३१ गतेदेखि ग्राहक सेवा प्रारम्भ गरेको हो । हालसम्म करिब ३२०० घरधुरीमा विद्युत् जडान भइसकेको छ। यस संस्थाले विभिन्न संघसंस्थासँग सहकार्य गरी विद्युत्‌को प्रयोगमार्फत महिला उद्यमशीलता विकास, नवीकरणीय ऊर्जाको प्रवर्द्धनका लागि समुदाय एवम् विद्यालयहरुलाई सहभागी गराउँदै नवीकरणीय ऊर्जामा आधारित पाठ्यक्रम निर्माणमा सहयोग गरी ऊर्जा सचेतना कार्यक्रम सञ्चालन गर्दै आरिहेको छ। यस संस्थाले आफ्नो कार्य क्षेत्रभित्रका सबै घरपरिवारलाई विद्युत्‌को पहुँच विस्तार गर्न भौतिक संरचना निर्माण र सेवा सञ्चालन गर्दै विद्युत्‌को प्रयोगबाट आर्थिक, सामाजिक विकासमा टेवा दिँदै सामाजिक रुपान्तरणमा सहयोग गर्दै आएको छ । संस्था स्थापनाको शुरुआती दिनमा नेपाल सरकारको ८०/२० कार्यक्रमअन्तर्गत प्रत्येक घरबाट जनसहभागिता वापत २० प्रतिशतमध्ये केही रकम उठाई तत्कालीन गाविसको ‘म्याचिङ फण्ड’बाट पनि केही सहयोगबाट कार्यक्रम तर्जुमा गर्न केही सहज भयो । सबै स्रोत सङ्कलन गर्दा पनि सहभागिता नपुग भएका कारण सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ-नेपालमार्फत जिआइजेड एन्डेभ (GIZ EnDev) को आर्वती कोषबाट रु.१७ लाख ऋण लिई शुरु गरिएको यस संस्था स्थापनाकालमा यस विद्युतीकरण कार्यक्रम हाम्रो लागि एक कोशेढुङ्गा नै साबित भयो । शुरुका केही वर्ष नयाँ कार्यक्रम भएको हुनाले अफ्ठ्यारो पनि नपरेको होइन, तर पनि पूर्व समितिको निरन्तर प्रयास र खटाइबाट उपलब्धिहरु हासिल भएका छन् । भौगोलिक कठिनाइका कारण प्रायःजसो वर्षायाममा पोल भाँचिने, तार चुडिने जस्ता समस्या पनि वर्षेनी नपरेको होइन तर पनि कार्यसमितिको सक्रियता, प्राविधिक कर्मचारीहरुको खटाई तथा जनसहभागिताले ती समस्याहरु पनि पार हुँदै आएका छन् ।

यस संस्थाको लोडसेन्टर २७ वटा रहेका छन्, जसमा ५० पख्ब को चार वटा र १०० kVA को २३ वटा रहेको छ भने हालसम्म ग्राहक संख्या तीन हजार १८६ रहेका छन् । त्यसमध्ये ग्राहस्थ ३०५९, औद्योगिक २९, व्यापारिक ४५, गैरब्यापारिक ४५, खानेपानी एक, सिँचाइ छ र मन्दिर समूहका एक रहेका छन् । यस संस्थामा सात जना कर्मचारी कार्यरत छन्, जसमा व्यवस्थापक एक जना, प्राविधिक दुई जना, इलेक्ट्रिसियन एक जना, कार्यलय सहायक एक

जना र मिटररिडर दुई जना रहेका छन् । यस संस्थाको आफ्नै एउटा कार्यलय भवन रहेको छ । शुरुमा कार्यलय भवन निर्माण गर्दा संविधान सभा सदस्य सांसद कोषबाट प्राप्त रु.२० लाख सहयोगले निर्माण गरिएको हो । त्यस्तै कार्यलय कम्पाउण्ड गर्न, शौचालय निर्माण तथा भण्डार कोठा निर्माणको लागि पनि बाह्य कोष तथा नेपालकै ठूलो सिमेन्ट कारखाना होङ्सी सिमेन्ट कारखानाले रु तीन लाख सहयोग गरेको थियो । स्थानीय सरकारले पनि यही कार्यालयमा यात्रु प्रतीक्षालय निर्माण गरी सहयोग गरेको छ, जहाँ विद्युत् महसुल तिर्न आउने उपभोक्ताहरुले विश्राम गर्न पनि पाएका छन् । साथै, यस संस्थाको ने.वि.प्रा. स्थानीय कार्यलयले पनि संस्थाले भनेको समयमा हाइटेन्सन लाइन मर्मतसम्भार तथा मिटरहरु समयमै उपलब्ध गराई निरन्तर सहयोग गरिरहेको छ । त्यस्तै सामुदायिक विद्युत महासंघले पनि विद्युतीकरणमा विद्युत विभाग, संस्था तथा ठेकेदारसँगको तीन पक्षीय सम्झौताको लागि एउटा पुलको काम गरेको छ । विद्युत महासंघले विभिन्न संस्थाहरु जस्तै प्राक्टिकल एक्सन, वैकल्पिक ऊर्जा, जिआइजेड एन्डेभ, समाज कल्याण परिषद्जस्ता सहयोगी संस्थाहरुसँग सहकार्य र समन्वय गरी विभिन्न कार्यक्रहरु जस्तै विद्युतीय चुलो राष्ट्रिय अभियानमार्फत विद्युतीय चुलोको वितरण तथा छुट, महिला उद्यमशीलता विकास, नवीकरणीय ऊर्जाको प्रवर्द्धन ऊर्जा सचेतना कार्यक्रमहरुबाट सहयोग पुर्‍याएको छ । साथै, हामी कर्मचारीको लागि विभिन्न किसिमका लेखा व्यवस्थापन तालिम, प्राविधिक तालिममा सहभागी गराई ठूलो सहयोग पुगेको छ ।

यस संस्थाको लेखापरिक्षण तथा साधारण सभा संस्थाको विनियममा व्यवस्था भएबमोजिम समयमा नै हुने गरेको छ । यस संस्थाले आफ्ना अति विपन्न, एकल महिला, दलित समुदायका उपभोक्ताहरुलाई उनीहरुको आर्थिक अवस्था हेरी छुटमा मिटर पनि उपलब्ध गराउने गरेको छ । विद्युत् महसुलमा अनलाइन सेवा पनि सुचारु गरेको छ । समुदायसँग सहकार्य गर्दै समुदायकै हितमा संस्थाले निरन्तर आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । समुदायको हित नै सहकारी संस्थाको कर्तव्य सम्झी सोही अनुसार कार्य सम्पादन गर्न संस्था सक्रिय रहेको छ ।

संस्थाको कार्यालय भवन ।

संस्था परिचय :

श्री जोरपोखरी ग्रामीण विद्युत सहकारी संस्था लि.

हिलिहाङ-५ जोरपोखरी, पाँचथर

विसं २०६७ पुस २९ पाँचथरका हिलिहाङवासीमा विद्युत्को पहुँच पुर्‍याउने उद्देश्यका साथ श्री जोरपोखरी ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडको स्थापना भएको थियो। विभिन्न आरोह-अवरोहको बीचमा संस्थाले १५ वर्षको अनवरत सेवा पूरा गरी निरन्तर चुस्त र दुरुस्त सेवा प्रवाह गर्न दृढ छ। हाल १२ जना कर्मचारीद्वारा सेवा प्रदान गर्दै आएको यस संस्थामा ११ लोडसेन्टरमार्फत एक हजार ५१८ ग्राहक रहेका छन् । स्थापना कालदेखि नै नियमित रुपमा स्वतन्त्र लेखा परीक्षकद्वारा लेखापरीक्षण भइरहेको यस संस्थामा हालै १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । अध्यक्ष कृष्णबहादुर यावा लिब्बु, त्यसपछिका अध्यक्ष मोहनकुमार उप्रेती र वर्तमान कार्यसमिति र विगतका संस्थापक, सञ्चालक समितिको पहलमा संघ, प्रदेश स्थानीय सरकारको अनुदानमार्फत भवन निर्माण गरिएको र विगतको समितिले वर्तमान समितिलाई पूर्णरुपमा सहयोग रहेको छ । उक्त भवन हिलिहाङ-५ स्थित बालाचतुरेमा दुई तलाको रहेको छ, जसमा ४०० जना क्षमताको सभाहल समेत रहेको छ। नियमित रुपमा सेवा प्रवाह, नीतिगत सुधारका कार्यहरु, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको सहयोगमा दातृसंस्था जिआइजेड एन्भेडको लगानीमा साना लघुउद्यम सञ्चालनको लागि प्रतिग्राहक रु पाँच हजार विपन्न घर परिवारलाई निःशुल्क ग्राहक इनर्जी मिटर वितरण, खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय इलामको सहकार्यमा कम्पाउण्ड तारवार र सो क्षेत्रसम्म पुग्ने सडकको निर्माण, दुई क्षेत्रमा दुई वटाहरु गेटहरु समेत निर्माण गरिएको छ।

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालको पहलमा प्राक्टिकल एक्सन नेपालको प्राविधिक सहयोगमा विद्युतीय चुलो अनुदानमा वितरण र महासंघ नेपालको लगानीमा व्यावसायिक योजना तर्जुमा गरिएको छ । महासंघबाट आउनु भएका कर्मचारीहरुको उपस्थितिमा सुलभ कर्जासम्बन्धी छलफल सम्पन्न गरिएको तथा सामुदायिक संस्थाहरुको सुरक्षित गन्तव्य वातावरण निर्माण गर्न सञ्जाल गठन गरी सोही अनुरुप नेविप्रालगायत अन्य सरोकारवाला निकायहरुमा ध्यानाकर्षण लगायत बार्ताहरु भएका छन् । इन्टरनेट सञ्चालक संस्थाहरुसँग समयसापेक्ष आन्दोलन वार्ता र सहमतिहरु गर्दै जोरपोखरी, हेवा ग्रामीण शिवगङ्गा पञ्चमुखी, गढी, गौमुखी, ओयाम सहकारी, र्स्पाक विद्युत् सहकारी, आदि संस्थाहरुसँग साझा सञ्जाल गठन गरी महासंघको कार्यमा यस संस्थाले सहयोग पुर्‍याउँदै आएको छ।

संस्था सञ्चालनमा ग्राहक वर्गसँग सुमधुर सम्बन्ध रही आएको छ। साथै, स्थानीय सरकार, नेपाल विद्युत प्राधिकरण स्थानीय वितरण केन्द्रसँगको सम्बन्ध सन्तोषजनक सहकार्यमा चलिरहेको छ। यस श्री जोरपोखरी ग्रामीण विद्युत सहकारी संस्थालाई सामुदायिक ग्रामीण विद्युतीकरण कार्यको दौरानमा हामीले पाएको नेतृत्व र योगदानका लागि

महासंघप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौँ । साथै, देशभरिको सामुदायिक संस्थाहरुमा भाइचाराको सम्बन्ध रहन सकोस् भन्ने कुरामा ध्यान दिइएको छ। सामुदायिक संस्थाहरुको सुरक्षित गन्तब्यका लागि महासंघको नेतृत्वले गरेको मार्गनिर्देशनमा हामी सबैको प्रेरणादायी भूमिका रहन सकोस् भन्ने अपेक्षामा छौँ ।

ग्रामीण क्षेत्रमा सञ्चालन भएको विद्युत् सहकारी संस्थाले सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गर्दै सहकारी संस्थाका शेयर सदस्यहरु र उपभोक्ताहरुको हितमा निरन्तर क्रियाशील रहेको छ। सहकारी संस्थाले आम उपभोक्ताहरुलाई सचेतीकरण गर्दै विद्युत्बाट हुनसक्ने सम्भावित दुर्घटना न्यूनीकरणतर्फ सचेत गर्न वा हुन नदिन सचेतना कार्यक्रम सञ्चालन गर्दै सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्न समुदायसँग हातेमालो गरिरहेको छ। समुदायको खुसी नै संस्थाको खुसी र सफलता ठानी ऊर्जा बचत तथा ऊर्जा खपत योजनाहरु समेत सञ्चालन गरिरहेको छ। नियमित रुपमा संस्थाका गतिविधिहरु सञ्चालन गर्दै अग्रज संस्थाहरुबाट सिकाइहरु थप्दै व्यवस्थापकीय क्षमता बढाउनेतर्फ संस्था निरन्तर लागिरहेको छ। महासंघको छाताभित्र बसी संस्थाको लक्ष्य र उद्देश्य पूरा गर्न प्रयत्नशील रहेको छ।

संस्थाको कार्यालय भवन ।

विद्युतीय ट्रान्सफर्मर र यसको विशेषता

विद्युत् आधुनिक सभ्यताको मेरुदण्ड हो र विद्युत प्रणालीलाई सुरक्षित, स्थिर र प्रभावकारी बनाउन ट्रान्सफर्मरको योगदान अत्यन्तै महत्वपूर्ण छ। मानव शरीरमा मुटुको जस्तै विद्युतीय संजालमा पनि ट्रान्सफर्मरको धेरै महत्व रहेको छ। प्रशारणदेखि वितरणसम्म ट्रान्सफर्मरले ठुलो भूमिका खेलेको हुन्छ। ट्रान्सफर्मर एउटा यस्तो उपकरण हो जसले Alternating Current (AC) को भोल्टेजलाई एक स्तरबाट अर्को स्तरमा परिवर्तन गर्छ। यसले भोल्टेज बढाएर (Step–Up) लामो दूरीमा ऊर्जा प्रसारण गर्छ र उपभोक्ता क्षेत्रमा भोल्टेज घटाएर (Step–Down) सुरक्षित रूपमा वितरण गर्न मद्दत गर्छ। यही कारणले आजका सबै विद्युत् उत्पादन केन्द्रदेखि घरायसी आपूर्तिसम्म ट्रान्सफर्मर अनिवार्य रूपमा प्रयोग गरिन्छ।

ट्रान्सफर्मर मुख्यतः दुईवटा वाइन्डिङ Primary र Secondary र कोरबाट बनेको हुन्छ। Primary वाइन्डिङमा दिइने AC भोल्टेजले चुम्बकीय प्रवाह (Magnetic Flux) पैदा गर्छ, जुन कोरमार्फत Secondary वाइन्डिङमा पुगेर भोल्टेज उत्पन्न गर्छ। वाइन्डिङको संख्या (Turns Ratio) अनुसार ट्रान्सफर्मर Step–Up वा Step–Down बनाउन सकिन्छ। यिनै मौलिक भौतिक सिद्धान्तका कारण ट्रान्सफर्मरले भोल्टेज परिवर्तन गर्दा Frequency भने स्थिर रहन्छ।

ट्रान्सफर्मरका विशेषता

भोल्टेज रूपान्तरण क्षमताः ट्रान्सफर्मरले AC भोल्टेजलाई एक स्तरबाट अर्को स्तरमा सजिलै रूपान्तरण गर्न सक्छ। यही कारणले विद्युत प्रसारण र वितरणमा यसको प्रयोग अनिवार्य मानिन्छ।

करेन्ट र भोल्टेजको अनुपात स्थिर हुनेः ट्रान्सफर्मरले भोल्टेज बढाउँदा करेन्ट घट्छ र करेन्ट बढाउँदा भोल्टेज घट्छ। यसले कुल शक्ति (VA rating) लाई कायम राख्ने विशेषता राख्छ।

उच्च दक्षताः ट्रान्सफर्मरको अर्को महत्वपूर्ण विशेषता यसको उच्च दक्षता हो। आधुनिक ट्रान्सफर्मरहरूले ९५% भन्दा बढी दक्षता प्रदान गर्छन्। यसमा चल्ने कुनै पनि भाग नभएकाले मर्मत लागत निकै कम हुन्छ र लामो समयसम्म स्थिर रूपमा कार्य गर्न सक्षम हुन्छ। सही व्यवस्थापनका भएमा ट्रान्सफर्मर दशौँ वर्षसम्म सहज रूपमा चल्न सक्छन्।

भोल्टेज नियमनः ग्रिडमा थोरै गल्ती भए पनि व्यापक प्रभाव पर्न सक्छ, त्यसैले ट्रान्सफर्मरले Voltage Regulation अर्थात् लोड परिवर्तन हुँदा पनि Output Voltage स्थिर राख्ने–महत्वपूर्ण कार्य गर्दछ।

ट्रान्सफर्मरको प्रकारहरु

ट्रान्सफर्मरलाई वनोट, प्रायोजन, क्षमता, र प्रविधिका आधारमा वर्गीकरण गर्न सकिन्छ। Core type र Shell type ट्रान्सफर्मर यीमध्ये प्रमुख हुन् । Core type ट्रान्सफर्मरमा वाइन्डिङहरू स्टिलका शिटबाट बनेको कोर वरिपरि राखिन्छन्, जसले सामान्य तथा मध्यम क्षमताका विद्युत प्रणालीमा राम्रो काम गर्छ । Shell type ट्रान्सफर्मरमा वाइन्डिङलाई बीचमा राखेर कोरले दुई तिरबाट घेर्दछ, जसले विद्युत चुम्बकीय रिसाव घटाउँछ र दक्षता तथा स्थायित्व उच्च बनाउँछ। त्यसैले Shell type ट्रान्सफर्मरहरू प्रायः ठूलो औद्योगिक लोड वा संवेदनशील उपकरणहरूमा बढी प्रयोग गरिन्छन् ।

भोल्टेज रूपान्तरणका आधारमा पनि ट्रान्सफर्मरहरू दुई प्रमुख प्रकारका हुन्छन्ः Step–up र Step–down Step–up ट्रान्सफर्मरले कम भोल्टेजलाई उच्च भोल्टेजमा रूपान्तरण गर्छ । विद्युत् उत्पादन केन्द्रमा जनरेट भएको भोल्टेजलाई लामो दूरीसम्म क्षतिलाई कम गर्दै पठाउनका लागि पहिले उच्च भोल्टेजमा बढाइन्छ, त्यसैले Step–up ट्रान्सफर्मर अनिवार्य हुन्छ। अर्कोतर्फ, Step–down ट्रान्सफर्मरले उच्च भोल्टेजलाई उपभोक्तालाई चाहिने सुरक्षित कम भोल्टेजमा झार्छ।

कार्यका आधारमा पनि ट्रान्सफर्मरका प्रकारहरू छुट्याइन्छन् । Power transformer उच्च भोल्टेज र भारी लोड भएका प्रणाली–जस्तै सबस्टेशन र पावर प्लान्ट–मा प्रयोग हुन्छ जहाँ दक्षता अत्यन्तै महत्वपूर्ण हुन्छ। Distribution transformer भने उपभोक्ता स्तरमा विजुली वितरण गर्ने मुख्य माध्यम हो, जसले सामान्यतया ११ के.भी लाई २३०/४०० भोल्टमा झार्छ। Instrument transformer भने पूर्ण रूपमा मापन र सुरक्षा प्रयोजनका लागि निर्माण गरिन्छ । यस समूहभित्र Current Transformer (CT) ले उच्च करेन्टलाई सुरक्षित कम स्तरमा झारेर मिटर र रिलेले सजिलै मापन गर्न सक्ने बनाउँछ भने Potential Transformer (PT) ले उच्च भोल्टेजलाई कम गरी मापन तथा संरक्षण प्रणालीलाई सुरक्षित बनाउँछ।

फेजको आधारमा सिंगल फेज र थ्री फेज ट्रान्सफर्मरको वर्गीकरण गरिन्छ । सिंगल फेज ट्रान्सफर्मर साना लोड, घरायसी उपकरण तथा हल्का मेसिनहरूमा प्रयोग हुने साधारण ट्रान्सफर्मर हुन् । थ्री फेज ट्रान्सफर्मर भने ठूलो लोडको लागि उद्योग, सबस्टेशन तथा उच्च क्षमताका प्रणालीमा प्रयोग हुने ट्रान्सफर्मर हुन् ।

अन्ततः, Electrical Transformer केवल एउटा उपकरण मात्र होइन, यो सम्पूर्ण विद्युत प्रणालीको स्थिरता, सुरक्षा र निरन्तर आपूर्तिको मेरुदण्ड हो। आधुनिक जीवनका प्रत्येक क्षेत्र–उद्योग, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार–सबै ट्रान्सफर्मरको संयोजनमा निर्भर छन् । भविष्यमा ऊर्जा आवश्यकता बढ्दै जाँदा ट्रान्सफर्मरको महत्त्व झनै बढ्दै जानेछ भन्नेमा कुनै शंका छैन ।

पेज नं. ३२ को बाँकी ......

सौर्य ऊर्जा र वायु ऊर्जा, बायोग्यास र सौर्य ऊर्जा, माइक्रो हाइड्रो र बायोमास। यस्तो प्रणालीले एक ऊर्जा स्रोत कमजोर हुँदा अर्कोले भरपर्दो आपूर्तिलाई कायम राख्नुका साथै ग्रामीण क्षेत्रमा यसको प्रभावकारिता बढी हुन सक्छ। बसाइँसराइ भए पनि यसलाई स्थानान्तरण गर्न सहज हुने छ। स्वच्छ ऊर्जाका कारण कार्बन उत्सर्जनमा कमी भई वातावरण सन्तुलन हुने थियो। ऊर्जा ग्रामीण विकासको मेरुदण्ड भएकाले स्थानीय रूपमा उद्योग स्थापना, उद्यमशीलता विकास, कृषि प्रवर्धन बढ्नुका साथै ऊर्जामा विश्वसनीयता बढेर जलवायु परिवर्तनमा समेत सकारात्मक प्रभाव पर्ने थियो। समग्रमा हुन सक्ने सम्भावित विकासलाई अधिकतम प्रयोगमा ल्याई ऊर्जा क्षेत्रको विकासमा मिश्रित ऊर्जा प्रणाली उपयुक्त प्रणाली हुन सक्छ।

मिश्रित ऊर्जाको आवश्यकता

नेपाल पहाड, तराई, हिमाली क्षेत्रको असमान भौगोलिक संरचना भएको देश हो। एउटै स्रोत सबै स्थानमा उपयुक्त हुँदैन। हिमाली क्षेत्रमा हावाको शक्ति बलियो छ भने पहाडमा माइक्रो-हाइड्रो सम्भावना बढी छ भने तराईमा बायोमास तथा सौर्य ऊर्जा बढी उपयुक्त छ। त्यसैले ऊर्जा स्रोत पनि स्थान अनुसार भिन्न हुनु जरुरी छ। स्थान अनुसार उपयुक्त ऊर्जा उत्पादन छनोट गरी समग्र ऊर्जा विकासमा टेवा पुऱ्याउन सकिन्छ।

बसाइँसराइ चुनौती

जब गाउँ खाली हुन्छ, प्रसारणमा लगानी निरर्थक बन्ने जोखिम बढ्छ। सहज रूपमा सार्न सकिने प्रणालीले यस्तो जोखिम घटाउँछ। बसाइँसराइ बढ्दो छ, ग्रामीण बस्ती खाली छ। बस्तीमा पुगेका विद्युत्का संरचना उपभोक्ता कुरेर ठडिएका छन् तर उपयोग गर्ने क्रम घट्दो छ। यस्तो अवस्थामा सौर्य प्रणाली, मिनी ग्रिड, विद्युतीय गृह उपकरण, जसलाई हामी स्थान परिवर्तन गरेर पनि ऊर्जा उपयोग गर्न सक्छौँ। त्यस्ता उपकरण युक्त प्रणाली बनाउन सकेको भए बसाइँसराइले पनि त्यति असर पर्ने थिएन। समयमा यस क्षेत्रका विज्ञ, परामर्शदाताको ध्यान मिश्रित ऊर्जामा पुग्न नसकेकै हो।

मिश्रित ऊर्जाका लाभ

ऊर्जा आयातमा परनिर्भरता कम गर्न मिश्रित ऊर्जा महत्वपूर्ण छ। हामीले भविष्यमा ऊर्जा निर्यात गर्ने क्षमता पनि बढाउन सकिन्छ र हाम्रो ऊर्जाको अधिकतम उपयोग बढ्न सक्छ। यो ग्रामीण क्षेत्रमा उपयोग गर्न लाभकारी भएकाले यसको प्रणाली विकासमा हाम्रो ध्यान पुग्नै पर्छ। अर्थतन्त्र विकासका लागि मिश्रित ऊर्जा लाभदायी मानिन्छ। नेपालमा मिश्रित ऊर्जा विस्तारका प्रमुख क्षेत्र जस्तै दुर्गम पहाड र हिमाली बस्ती, ससाना टापु, समुदाय र चरन क्षेत्र, ग्रामीण विद्यालय, स्वास्थ्यचौकी, कृषिकेन्द्र, उच्च क्षमता जडान सम्भव नभएका क्षेत्रहरू लाभदायिक हुन्छन् भने अर्को तर्फ सहरी क्षेत्रमा पनि यसको प्रयोग बढाउन सकिन्छ। जस्तै सौर्य + ग्रिड, सौर्य + विद्युतीय सवारी चार्जिङ जस्ता उपायले ऊर्जा स्थायित्व बढाउँछ। ऊर्जाको स्थायित्व बढेमा स्वाभाविक रूपमा उपभोक्ताको आकर्षण बढ्न सक्छ।

नीति र संस्थागत सुधार

दीर्घकालीन मिश्रित ऊर्जा नीति तर्जुमा गरी स्रोत पहिचानदेखि प्राविधिक रूपमा उपयुक्तता, अनुदान संरचना र निजी क्षेत्र सहकार्यसम्म स्पष्ट निर्देश र समन्वय आवश्यक छ। सङ्घीय संरचनाको अभ्यास भइरहेको अवस्थामा स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउँदै ऊर्जा परियोजना योजना र

व्यवस्थापनमा स्थानीय तहलाई अग्र भूमिकामा राख्नु पर्छ । अध्ययन अनुसन्धान र प्राविधिक जनशक्तिको विकास, विश्वसनीय तथ्याङ्क सङ्कलन, दक्ष प्राविधिक उत्पादन, नवप्रवर्तक र नवप्रवर्तकको प्रोत्साहन, निजी र सामुदायिक सहकार्य विद्युत् उत्पादनमा सामुदायिक स्वामित्वले आर्थिक आय, रोजगारी दुवै बढाउन सक्छ। काम गर्दै जाने क्रममा चुनौती आउँछन्, जसलाई सहज समाधान गर्ने प्रयत्न पनि गर्नु पर्छ। चुनौतीले नै उपलब्धितर्फ उन्मुख हुन सिकाउँछ। यो विषयमा अघि बढेर उपलब्धितर्फ जान निम्न चुनौतीको सामना गर्नु पर्ने हुन्छ । जस्तै, प्रारम्भिक उपकरणमा लागत बढी, प्राविधिक दक्षता अभाव, ऊर्जा भण्डारण प्रविधि महँगो, नीति कार्यान्वयनमा सुस्तता आदि । यी कमीकमजोरी समाधान गर्न सरकारी तथा निजी र सामुदायिक क्षेत्र सबैको सक्रियता र सहकार्य आवश्यक छ।

अन्तर्राष्ट्रिय उदाहरण

छिमेकी देश भारतलाई हेर्दा कृषि सिँचाइमा सौर्य + ग्रिड संयोजन भएको पाइन्छ । चीनमा हावाजन्य + सौर्य संयुक्त परियोजना सञ्चालन भएका छन्। भुटानमा जलविद्युत्सँग सौर्य सन्तुलन नीति लिइएको छ । नेपालले यी अनुभवलाई आफ्ना सन्दर्भमा रूपान्तरण गर्न सिकाइका रूपमा लिन सक्नु पर्छ।

निष्कर्ष

नेपाल ऊर्जा स्रोतले सम्पन्न मुलुक भए पनि त्यसको योजनाबद्ध उपयोगमा अझै परिपक्वता आवश्यक छ। केवल जलविद्युत्मा निर्भरता टिकाउ समाधान होइन । भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राखेर मिश्रित ऊर्जा प्रणाली लागु गर्न सकियो भने ग्रामीण क्षेत्रबाट सहरीकरणको बसाइँसराइको दबाब कम हुने छ, लगानी सुरक्षित हुने छ, ऊर्जा उत्पादनमा आत्मनिर्भरता हुने छ, ऊर्जा निर्यात समृद्धिको आधार बन्न सक्ने छ। नेपालको उज्यालो भविष्य मिश्रित ऊर्जामा छ। आजको सही निर्णयले भोलि पुस्तालाई स्थायी ऊर्जा सुरक्षा प्रदान गर्ने छ। हिमाल, पहाड र तराईको अवस्थामा हुन सक्ने सम्भावित स्रोत पहिचान गरी, अधिकतम स्रोतको उपयोग गर्दै ऊर्जा क्षेत्रको विकासबाट समृद्धिको यात्रामा जान सकिने छ।

नारायण ज्ञवाली
गोरखापत्रमा प्रकाशित
१६ कात्तिक २०८२, आइतबार
१ महिना पहिले